
# गाउँ शिक्षा योजना

## (Municipal Education Plan)

२०८२।०८३ -२०८६।०८७




गोलन्जोर गाउँपालिका, शिक्षा युवा तथा खेलकुद शाखा

ग्वाल्टार सिन्धुली, वागमती प्रदेश नेपाल

# पञ्चवर्षीय शिक्षा योजना

**Five Year's Education Plan**

२०८२।०८३ –२०८६।०८७

## तयार कर्ता


संयोजक- शंकर राज बराल- अध्यक्ष

सदस्य- ज्वाला प्रसाद न्यौपाने (पुकार)- उपाध्यक्ष

सदस्य- मान बहादुर वराल- प्रमुख प्रशासकिय अधिकृत

सदस्य- सुष्मा आचार्य- शिक्षा शाखा प्रमुख

सदस्य विजय कुमर गोले

सदस्य पेशल कुमार न्यौपाने


## विज्ञ परामर्श


विष्णु बहादुर खत्री

अनन्त घिमिरे


## आर्थिक प्राविधिक सहयोग


**Back to Life e.V र**

**गोलन्जोर गाउँपालिकाको साझेदारीमा**


## प्रकाशक


गोलन्जोर गाउँपालिका

शिक्षा शाखा

ग्वालटार, सिन्धुली

# हाम्रो भनाई

गोलन्जोर गाउँपालिकाको गाउँ शिक्षा योजना समावेशी, गुणस्तरीय र पहुँचयोग्य शिक्षातर्फको यात्रा नेपालको संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य रूपमा प्राप्त गर्न र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हक सुनिश्चित गरिएको छ। यसका साथै, संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। त्यसैले अब राज्यका सबै तहहरूले अनिवार्य शिक्षाको प्रत्याभूति गर्न जिम्मेवार रहनु पर्दछ भन्ने बोध भएको छ ।

संघीय लोकतान्त्रिक गणतान्त्रिक संरचनाको कार्यान्वयनसँगै, देशमा ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार गठन भइसकेका छन्। स्थानीय सरकारहरूको आगमनसँगै, हरेक स्थानीय तहले आफ्नो क्षेत्रको मौलिक विशेषता र आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य, पूर्वाधार र सामाजिक विकासलाई प्राथमिकता दिँदै छुट्टाछुट्टै योजना निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था सर्वविदितै छ।

त्यसै अनुसार, गोलन्जोर गाउँपालिकाले पनि आफ्नो शिक्षा क्षेत्रलाई मजबुत बनाउने उद्देश्यका साथ आवश्यकतानुसार प्राथमिकता निर्धारण गर्दै समग्र विद्यालय शिक्षा क्षेत्रको व्यवस्थित र दिगो विकासका लागि पञ्च वर्षीय गाउँ शिक्षा योजना तयार पारेको छ। यो योजना तयार गर्दा सङ्घीय सरकार तथा प्रदेश सरकारका शिक्षा नीतिहरू, वर्तमान शिक्षा प्रणालीका आवश्यकता र चुनौतीहरू, स्थानीय जनताको सहभागिता र सुझावलाई प्राथमिकता दिइएको छ।

गोलन्जोर गाउँपालिकाको शिक्षा योजनाले कुनै पनि नागरिक शिक्षा सेवा बाट वञ्चित हुन नपरोस भन्ने सुनिश्चित गर्नेछ। यो योजना लैङ्गिक समानता, समावेशिता, गुणस्तरीय शिक्षा, व्यावसायिक सीप विकास, रोजगारमूलक तालिम र महिला शिक्षामा विशेष जोड दिनेछ। साथै, योजना अन्तर्गत सबै भौतिक संरचनाहरू बालमैत्री र अपांगता–मैत्री बनाउन ध्यान दिइनेछ।

यस योजनाले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने, प्रारम्भिक बाल विकास तथा शिक्षा देखि नै शिक्षाको गुणस्तर सुधार गर्ने, सिकाइ उपलब्धि वृद्धि गर्ने, प्रविधिमैत्री शिक्षा प्रवाह गर्ने, विद्यालयमा सुशासन कायम गर्ने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने र शिक्षामा दिगो लगानी प्रवद्र्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्नेछ।

गोलन्जोर गाउँपालिकाको तर्फबाट यो योजना तयार पार्नमा संलग्न सरोकारवालाहरु शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय, प्राविधिक सल्लाहकार, साझेदार संस्थाहरू र यो योजनालाई तयार गर्नुहुने विज्ञ परामर्शकर्ताहरु प्रति आभार व्यक्त गर्दछु। यो पञ्च वर्षिय योजना गोलन्जोर गाउँपालिकाको शैक्षिक क्षेत्रको समावेशी, गुणस्तरीय र उत्तरदायी रूपान्तरणतर्फको मार्गचित्र हुनेछ भन्नेमा मैले विश्वास लिएको छु।

**शंकर राज बराल**

## अध्यक्ष

**गोलन्जोर गाउँपालिका, सिन्धुली**

# कार्यकारी सारांश

गोलन्जोर गाउँपालिकाले नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६, र दिगो विकास लक्ष्य -क्म्न् ४) को मर्मअनुसार स्थानीय शिक्षा प्रणालीलाई रूपान्तरण गर्ने उद्देश्यले गाउँ शिक्षा योजना तयार गरेको छ। जसले यस गाउँपालिकाको सामाजिक–आर्थिक रूपान्तरणमा शिक्षाको परिवर्तनकारी भूमिकालाई मान्यता दिँदै दीर्घकालीन लक्ष्यहरू हासिल गर्ने आधार निर्माण गर्दछ।

नेपालको संविधानको धारा ३१ अनुसार हरेक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ। साथै, संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । यस व्यवस्थाले गोलन्जोर गाउँपालिकालाई पनि आफ्नै सन्दर्भ र आवश्यकताअनुसार शिक्षा प्रणालीको नेतृत्व गर्न अवसर प्रदान गरेको छ।

सङ्घीय संरचना स्थापनापछि शिक्षाको विकेन्द्रीकृत व्यवस्थापन र उत्तरदायी प्रणाली निर्माण गर्ने उद्देश्यले गोलन्जोर गाउँपालिकाले यस योजना अन्तर्गत समावेशी, गुणस्तरीय र प्रविधिमैत्री शिक्षातर्फ सशक्त अग्रसरता लिएको छ। यस योजनाले शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न, शैक्षिक पूर्वाधारको सुधार, शिक्षकको क्षमता अभिवृद्धि, विद्यालयमा सुशासनको प्रवद्र्धन, लैङ्गिक समानता र समावेशी शिक्षालाई प्राथमिकतामा राखेको छ।

गोलन्जोर गाउँपालिकाको शिक्षाको स्तरलाई माथि उठाउनका लागि पनि यो योजना रणनीतिक रूपमा महत्वपूर्ण छ। विशेष गरी विपन्न, ग्रामीण तथा जोखिममा परेका समुदायका बालबालिकाहरूको सिकाइमा परेका अवरोध हटाउन तथा भविष्यका संकटहरूसँग अनुकूलन गर्न लचिलो शिक्षा प्रणाली विकास गर्ने कार्यमा यो योजना केन्द्रित रहेको छ।

योजना कार्यान्वयनका लागि गाउँपालिकाले समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, बालबालिका तथा अन्य सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै सामूहिक उत्तरदायित्व र सहभागितामूलक प्रणालीलाई प्रवद्र्धन गर्नेछ। यसले गाउँपालिकालाई न केवल शिक्षाको सन्दर्भमा मात्र नभएर, समग्र सामाजिक–आर्थिक समृद्धितर्फ पनि अग्रसर गराउनेछ। हामी यस योजनालाई गाउँपालिकाको मानव विकास र सशक्त समुदाय निर्माणतर्फको मार्गचित्रका रूपमा ग्रहण गर्दछौं।

# विषय सूची


१. विषय प्रवेश १

२. शिक्षा योजना निर्माणको आवश्यकता १

३. स्थानीय तहमा योजना निर्माणको ओचित्य १

४. शिक्षा योजना निर्माणका आधार २

५. शिक्षा योजना निर्माण प्रक्रिया २

६. योजनाको लेखाजोखा ३

७. योजनाको दस्तावेजको स्वरुप ३

परिच्छेद १परिचय ५

१.१ वर्तमान अवस्था ५

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण १७

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्ध्इत् विश्लेषण १८

१.४ अवसर २२

परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण २३

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार २३

२.२ दूरदृष्टि २५

२.३ लक्ष्य २६

२.४ उद्देश्यहरु २६

२.५ रणनीतिहरु २६

२.६ कार्यनीतिहरुः २७

२.७ अपेक्षित उपलब्धी २९

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ३०

परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र ३७

३.१ प्रारम्भिक बालविकास र शिक्षा ३७

३.२ आधारभूत शिक्षा -कक्षा १–८) ४४

३.३ माध्यमिक शिक्षा-कक्षा ९–१२) ४९

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ५३

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ५५

परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र ५८

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ५८

४.२ शिक्षक व्यस्थापन र विकास ६१
४.३ शैक्षिक समता र समावेशीकरण ६८
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ७१
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशीलता ७३
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ७६
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ८२
परिच्छेद ५ अन्य उपक्षेत्र ८५
५.१ समावेशी र समतामुलक शिक्षा ८५
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ८७
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ८९
परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन ९२
परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन प्रणाली १०१

# तालिका सूची

**तालिका** १ राष्ट्रिय जनगणना २०७८ अनुसार गोलन्जोर गाउँपालिकाको वडागत जनसाङ्ख्यिक विवरण ......... ६
**तालिका** २ गाउँपालिकाको जातजातिगत जनसङ्ख्या विवरण ......... ७
**तालिका** ३ गोलन्जोर गाउँपालिकाको धर्म अनुसारको जनसङ्ख्या ......... ८
**तालिका** ४ गाउँपालिकाको मातृभाषा अनुसारको जनसङ्ख्या ......... ९
**तालिका** ५ शैक्षिक संस्थाहरुको सङ्ख्यात्मक विवरण ......... ११
**तालिका** ६ वडागत विद्यालय विवरण ......... ११
**तालिका** ७ तहगत विद्यार्थी विवरण -शैक्षिक सत्र २०८२) ......... १३
**तालिका** ८ पालिकाको विद्यार्थी भर्ना दर -शैक्षिक सत्र २०८२) ......... १४
**तालिका** ९ पालिकाका सामुदायिक विद्यालयमा रहेका शिक्षक विवरण ......... १५
**तालिका** १० पालिकामा विद्यार्थी शिक्षक अनुपात ......... १६
**तालिका** ११ साक्षरता विवरण ......... १७
**तालिका** १२ आधारभूत तह माध्यमिक तहमा विषयगत शिक्षक विवरण ......... ६२
**तालिका** १३ विद्यालयगत रुपमा भवन तथा कक्षाकोठा तथा अन्य कोठाको अवस्था ......... ७७
**तालिका** १४ गोलन्जोर गाउँपालिकाको विगत ३ वर्षको वार्षिक बजेट ......... ९९

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपुर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्याक्रम स्थानीय तहमार्फत कार्यान्वयन भईरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरुलाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले आ–आफ्ना शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा यस गोलन्जोर गाउँपालिका सिन्धुलीले पनि आफ्नो ५ वर्षे शिक्षा योजना तयार गरेको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउनका पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणाली सुधार गर्नु पर्ने देखिएको छ ।

नेपालको संविधानको अनूसुची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४-११,ज)ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाका अधिकार तोकिएका छन् । यस ऐनको दफा २४-१)मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नका लागि गोलन्जोर गाउँपालिका सिन्धुलीले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय(Vertical) र क्षितिजिय(Horizontal) सहसम्बन्ध स्थापित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनिकरण गर्न
- साझा विक्षयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

- शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन

## ४. शिक्षा योजना निर्माणका आधार

- नेपालको संविधान
- साह्रौ आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सघ, प्रदेश र स्थानीय तह-समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना(School Education Sector Plan) र सिकाई आपूरण तथा द्रुत सिकाई योजना
- र सिकाई आपूरण तथा द्रुत सिकाई योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र, २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- स्थानीय तथा प्रदेश तहको आवधिक योजना
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यकालीन खर्च संरचना
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम
- गोलन्जोर गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमहरु
- गोलन्जोर गाउँपालिकाको शिक्षा ऐन तथा शिक्षा नियमावली

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरुपलाई कार्यान्वयन तहसम्म पुर्‍याउन प्रतिफल दिने प्रक्रियाहरुको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होईन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो । विगतको अनुभव वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा गोलन्जोर गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रुपमा कार्यान्वयन तहसम्म पुर्‍याई अपेक्षित प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ ।यस गाउँ शिक्षा योजना निर्माण गर्न तलका चरण र प्रक्रियाहरुलाई गम्भीतारपूर्वक अवलम्बन र अनुशरन गरएको छ

- शिक्षा योजना निर्माणको आवश्यकता पहिचान
- शिक्षा योजना निर्माणका लागि गाउँ कार्यपालिकाको निर्णय
- शिक्षा योजना निर्माणका लागि गाउँसभाबाट बजेट बिनियोजन

- शिक्षा योजना निर्माण समिति गठन
- शिक्षा योजना लेखन कार्यदल गठन तथा कार्ययोजना तयारी
- पालिका स्तरीय सरोकारवालाहरुको सुझाव संकलन कार्यशाला सम्पन्न
- शिक्षा योजनाको पहिलो मस्यौदा कार्यदल मार्फत शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी
- शिक्षा योजनाको पहिलो मस्यौदा माथि सरोकारवालाहरुको सुझाव तथा पृष्ठपोषण कार्यशाला आयोजना गरी सरोकारवालाहरुको सुझाव तथा पृष्ठपोषण संकलन
- सरोकारवालाहरुको सुझाव तथा पृष्ठपोषण समावेश गरी शिक्षा योजनाको अन्तिमीकरण
- शिक्षा योजनाको अन्तिम मस्यौदालाई बाह्य विज्ञद्वारा लेखाजोखा तथा मूल्याङ्कन
- गाउँ कार्यपालिकाबाट गाउँ शिक्षा योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय

## ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई गोलन्जोर गाउँपालिकाले आन्तरिक तथा बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरुको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

## ७. योजनाको दस्तावेजको स्वरुप

गोलन्जोर गाउँपालिकाले तयार गरेको यस गाउँ शिक्षा योजना स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन,२०७९-परिमार्जन संस्करण, २०८१)को अनुसूची १को ढाँचामा तयार गरिएको छ । सुरुवाती पेजमा हाम्रो भनाई, योजनाको कार्यकारी सारांश, विषय सूचि र तालिकाहरुको सूचि समावेश गरिएको छ । त्यसपछिको पेजमा क्रमश. विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य, स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य, शिक्षा योजना निर्माणका आधार, शिक्षा योजना निर्माण प्रक्रिया, योजनाको लेखाजोखा र योजनाको दस्तावेजको स्वरुप राखिएको छ । जम्मा ८ ओटा परिच्छेदमा तयार गरिएको यस गोलन्जोर गाउँ शिक्षा योजनाको परिच्छेदगत रुपमा समावेश गरिएको विषयवस्तुहरु निम्नानुसार छन्ः

**परिच्छेद १– परिचयः** यस खण्डमा वर्तमान अवस्था, मुख्य समस्या तथा चुनौतीको विश्लेषण, शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण र अवसर समावेश गरिएको छ ।

**परिच्छेद २– दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारणः** यसमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार, दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणना ित, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण रहेको छ ।

**परिच्छेद ३– विद्यालय शिक्षा क्षेत्रको मुख्य उपक्षेत्रः** यस परिच्छेदमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धी उल्लेख गरिएको छ ।

**परिच्छेद ४– अन्तरसम्बन्धित विषय तथा क्षेत्रः** यस खण्डमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उल्लेख गरिएको छ ।

**परिच्छद ५– अन्य उपक्षेत्रः** यस परिच्छेद अन्तर्गत समावेशी र समतामुलक शिक्षा सम्बन्धी उल्लेख गरिएको छ ।

**परिच्छेद ६– सुशासन तथा व्यवस्थापनः** यस परिच्छेदमा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास र स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धमा चर्चा गरिएको छ ।

**परिच्छेद ७– लगानी र स्रोत व्यवस्थापनः** यस परिच्छेदमा योजना कार्यान्वयनको लागि आवश्यक लगानी र स्रोत व्यवस्थापन तीनओटै तहका सरकारले कति कति गर्ने र अन्य संघ संस्था वा निकायबाट कति सहयोग लिने भन्ने सम्बन्धमा उल्लेख गरिएको छ।

**परिच्छेद ८– अनुगमन तथा मूल्याङ्कनः** यस परिच्छेदमा योजनाको अनुगमन तथा मुल्याङ्कनको लागि तीनै तहका सरकार र सरकार मातहत रहेका शिक्षा सम्बन्धी निकायहरुलाई जिम्मेवार बनाइएको छ ।

# परिच्छेद १ परिचय

## १.१ वर्तमान अवस्था

### १.१-क) भौगोलिक अवस्थिति

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सङ्घीय संरचना अनुसार विभाजन गरिएको ७ ओटा प्रदेश मध्ये साविकको प्रदेश नम्बर ३ तथा हालको बागमती प्रदेश अन्तरगत पर्ने सिन्धुली जिल्लाका ९ ओटा स्थानीय तहहरु मध्ये गोलन्जोर गाउँपालिका एक स्थानीय तह हो, जुन २०७३ साल फागुन २७ गते डुडभन्ज्याङ, वितीजोर, भुवनेश्वरी, तीनकन्या, रतनचुरा, बाशेश्वर र भिमेश्वर गरी सात ओटा साविक गाउँ विकास समितिहरूलाई एकीकृत गरी स्थापना गरिएको हो । गोलन्जोर गाउँपालिका करिव २७°१५ उत्तरी अक्षांश देखि २७°३०′ उत्तरी अक्षांशसम्म फैलिएको छ भने करिब ८६°०३′ पूर्वी देशान्तर देखि ८६°१०′ पूर्वी देशान्तरसम्म फैलिएको छ । कुल सात ओटा वडामा विभाजन गरिएको यस गाउँपालिकाको क्षेत्रफल जम्मा १८४.१३ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा फिक्कल गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा कमलामाई नगरपालिका र सुनकोशी गाउँपालिका, उत्तरमा रामेछाप जिल्ला र दक्षिणमा कमलामाई नगरपालिका र तीनपाटन गाउँपालिका रहेका छन् । यस गाउँपालिकाको नामाकरण यहाँको प्रसिद्ध गोलन्जोर डाँडाबाट गरिएको हो । यहाँ विशेष गरी समशीतोष्ण हावापानी पाईने भएपनि यो पालिका मुख्यतया महाभारत पर्वत शृङखला देखि सुनकोशी नदीको तटमा फैलिएको हुँदा भौगोलिक विविधता छ र भोगेलिक विविधताका कारण हावापानीमा पनि विविधता पाईन्छ । जस्तै सुनकोशी नदी तटीय क्षेत्र र वेशीँमा रहेका खुर्कोेट, ग्वालटार जस्ता क्षेत्रमा केही गर्मी खालको हावापानी पाईन्छ भने महाभारत पर्वत शृङ्खला अन्तरगत पर्ने खनियाँखर्क, रतनचुरा र तीनकन्या जस्ता क्षेत्रमा शीतल हावापानी पाईन्छ । यस क्षेत्रमा वार्षिक सरदर १५०० मिलिमिटर देखि २००० मिलिमिटरसम्म वर्षा हुन्छ । वर्षाको ठूलो हिस्सा अर्थात करिब ८० प्रतिशत वर्षा मनसुनको कारणले हुन्छ भने यहाँ तुलनात्मक रुपमा कम वर्षा हुन्छ । धार्मिक तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण बिन्दाबासिनी मन्दिर, कलङ्केश्वरी गुफा, भिमेश्वर महादेव, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, वाक्सु खोला, अँधेरी खोला, सुनकोशी नदी, सल्ले पोखरी, शीतल पोखरी, बाबुराम पार्क र गोलन्जोर भ्यु टावर यहाँका प्रमुख पर्यटकीय स्थलहरु हुन्।

यस गाउँपालिका महाभारत शृङ्खला र भित्री मधेशको संगम क्षेत्रमा पर्ने मध्यम पहाडी भू–भागमा अवस्थित छ । यहाँको भौगोलिक बनावट, जलवायु र प्राकृतिक स्रोतका कारण जैविक विविधता प्रशस्त पाईन्छन् । तल्लो तटीय क्षेत्रमा पाईने साल, खयर, सिसौ र माथिल्लो भेगमा पाईने चिलाउने, कटुस, उतिस, सल्ला, धयारो, सौरी र सुनकोशी नदीको किनारमा पाइने सिमसार वनस्पतिले यहाँको वन क्षेत्रलाई समृद्ध बनाएको छ । चिराईतो, कुरिलो तथा बोजो यस क्षेत्रमा पाईने औषधिजन्य जडीबुटीहरु हुन् ।जनावरतर्फ मृग, बँदेल, खरायो, स्याल, चितुवा, दुम्सी, घोरल र कालिज, भँगेरा, ढुकुर जस्ता विभिन्न प्रजातिका चराचुरुङ्गीहरु पाईन्छन् । गोलन्जोर गाउँपालिका विशेष गरी सुन्तला र जुनार खेतीका लागि प्रख्यात छ । यहाँको विशिष्ट भू–बनोट र हावापानीले गर्दा जुनारको उत्पादनमा यो क्षेत्र नेपालकै अग्रणी मानिन्छ । साथै नदी तटीय क्षेत्रमा धान, गहुँ मकै, फापर, तोरी तथा अन्य क्षेत्रमा मकै कोदो जस्ता परम्परागत बालीहरु र तरकारी बालीहरु उत्पादन गरिन्छन् ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले गोलन्जोर गाउँपालिका जोखिमयुक्त क्षेत्र हो । यहाँ वर्षायाममा बाढी पहिरो जाने समस्या अत्याधिक देखिन्छ । बीपी राजमार्ग र मध्यपहाडी लोकमार्ग यसै गाउँपालिका भएर जाने हुनाले सडक खन्दा गरिएका कटान र थुप्रिएका भारले गर्दा पनि सडक आसपासका क्षेत्रमा वर्षायाममा पहिरोको समस्या बढी देखिएको छ । भिरालो जमिन र कमजोर भौगोलिक संरचनाका कारण पहिरोले प्राकृतिक स्रोत साधन, सडक, घर तथा खेतीयोग्य जमिनमा ठूलो क्षति पुर्‍याउँछ । त्यस्तै खोलानाला र नदी आसपासका क्षेत्र र बस्तीमा बाढीको जोखिम पनि उत्तिकै रहेको छ । नेपाल भुकम्पीय दृष्टिले संवेदनशील देश भएकाले गोलन्जोरमा पनि भुकम्पको जोखिम उच्च छ । साथै सुख्खा हावाहुरी, आगालागी, वन डढेलो, चट्याङ्, असिना जस्ता प्राकृतिक प्रकोपको जोखिम पनि यस गाउँपालिकामा रहेका छन् ।

## १.१-ख) जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगनणा २०७८ अनुसार गोलन्जोर गाउँपालिकाको कुल जनसङ्ख्या १८,७३७ जना रहेको छ ।जसमा महिला ५०.७ प्रतिशत र पुरुष ४९.३ प्रतिशत रहेका छन् । लैङ्गिक अनुपात ९७.०७-अर्थात १००जना महिलामा ९७.०७ पुरुष) रहेको छ । यस गाउँपालिका भित्र ४,५२७ परिवार गरेको देखिन्छ भने परिवारको औषत आकार ४.१४ रहेको छ । जनसङ्ख्या वृद्धिदर राष्ट्रिय जनगणना २०६८ को तुलनामा ऋणात्मक --०.३१प्रतिशत) देखिन्छ। भौगोलिक विकटता तथा मानिसहरुले शिक्षा, स्वास्थ्य, रोजगारी लगायत विभिन्न सेवा सुविधाको खोजी एवम् व्यापार, व्यावसायका साथै वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीका कारण सुविधा सम्पन्न शहर वजारमा बसाई सराई बढी हुने गरेको देखिएको छ । जनसङ्ख्या ऋणात्मक हुनुका विभिन्न कारणहरु मध्ये यो पनि एउटा कारण हो ।

*तालिका 1राष्ट्रिय जनगनणा २०७८ अनुसार गोलन्जोर गाउँपालिकाको वडागत जनसाङ्ख्यिक विवरण*

| वडा नं. | जनसङ्ख्या | | | परिवार सङ्ख्या | परिवारको औषत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | |
| १ | १३०४ | १३०४ | २६०८ | ६१८ | ४.२२ | १०० |
| २ | ८७२ | ९३६ | १८०८ | ४२४ | ४.२६ | ९३.१६ |
| ३ | १२४२ | १२८० | २५२२ | ५६७ | ४.४५ | ९७.०३ |
| ४ | १८१९ | १८५१ | ३६७० | ९०८ | ४.०४ | ९८.२७ |
| ५ | ११३९ | १२४० | २३७९ | ५९८ | ३.९८ | ९१.४१ |
| ६ | १४४६ | १५४८ | २९९४ | ७१८ | ४.१७ | ९३.४१ |
| ७ | १४०७ | १३४९ | २७५६ | ६९४ | ३.९७ | १०४.३० |
| जम्मा | ९२२९ | ९५०८ | १८७३७ | ४५२७ | ४.१४ | ९७.०७ |

**-स्रोतः जिल्ला वस्तुगत विवरण, सिन्धुली)**

राष्ट्रिय जनगणना २०७८ अनुसार सिन्धुलीको गोलन्जोर गाउँपालिकाको कुल जनसङ्ख्या १८,७३७ रहेको छ, जसमा पुरुषको सङ्ख्या ९,२२९ र महिलाको सङ्ख्या ९,५०८ छ। समग्र गाउँपालिकाको औसत लैङ्गिक अनुपात ९७.०७ रहेको छ, जसले यहाँ पुरुषको तुलनामा महिलाको जनङ्ख्या बढी भएको देखाउँछ। कुल ७ वटा वडाहरू मध्ये ३,६७० जनसङ्ख्या भएको वडा नं. ४ सबैभन्दा ठूलो र १,८०८ जनसङ्ख्या भएको वडा नं. २ सबैभन्दा सानो वडाका

रूपमा रहेका छन्। गाउँपालिकाभरि कुल ४,५२७ परिवार सङ्ख्या रहेको र प्रतिपरिवार औसत सदस्य आकार ४.१ जना देखिन्छ। वडागत भिन्नतालाई हेर्दा वडा नं. ७ मा मात्र महिलाको तुलनामा पुरुषको सङ्ख्या धेरै -लैङ्गिक अनुपात १०४.३०) छ भने वडा नं. १ मा महिला र पुरुषको सङ्ख्या बराबर र बाँकी सबै वडाहरूमा महिलाकै वर्चस्व रहेको छ।

## १.१ -ग) सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८को तथ्याङ्कका आधारमा जिल्ला वस्तुगत विवरण सिन्धुली अनुसार जातजातिको अवस्था हेर्दा प्रमुख ५ ओटा जातिले ५० प्रतिशत भन्दा बढी हिस्सा ओगटेको देखिन्छ जसमा मगर, क्षेत्री, मिजार, नेवार र ब्राह्मण रहेका छन् । यहाँ बसोबास गर्ने मानिसहरुको आ–आफ्नै जातिय तथा धार्मिक परम्परा अनुसार विभिन्न चाडपर्व एवम् संस्कार रहेका छन् । दशैं, तिहार, माघे सङ्क्रान्ति, हरिबोधनी एकादशी, जनैपुर्णीमा, तीज, बुद्ध जयन्ती, ल्होसार, होली, क्रिसमस, लदी पर्व यहाँ मनाईने प्रमुख चाडपर्वहरु हुन् । त्यसै गरी विवाह, ब्रतबन्ध,न्वारन, पास्नी, छेवर, गुन्युचोली, बेल बिबाह, गुफा बस्ने तथा आ–आफ्नो जातिय तथा धार्मिक परम्परा अनुसार मृत्यू संस्कार, अन्त्यष्टि र काज किरिया गर्ने गरिन्छ । स्थानीय मेला, जात्रा,पर्व उत्सवका साथै जन्मदिन, वैवाहिक वर्षगाँठ तथा प्रणय दिवस जस्ता संस्कारले पनि पछिल्लो केही समय देखि व्यापकता पाईरहेको छ ।

*तालिका 2 गाउँपालिकाको जातजातिगत जनसङ्ख्या विवरण*

| क. सं. | जातजातिको नाम | जनसङ्ख्या | | | जम्मा प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | क्षेत्री | १४२८ | १५२९ | २९५७ | १५.७८ |
| २ | ब्राह्मण-पहाड) | ६६२ | ६८० | १३४२ | ७.१६ |
| ३ | मगर | १८६३ | १९०८ | ३७७१ | २०.१३ |
| ४ | थारु | १९ | ७ | २६ | ०.१४ |
| ५ | तामाङ | ६१७ | ६४२ | १२५९ | ६.७२ |
| ६ | नेवार | ९१० | ९२१ | १८३१ | ९.७७ |
| ७ | विश्वकर्मा | ३८० | ३८५ | ७६५ | ४.०८ |
| ८ | यादव | १३ | ४ | १७ | ०.०९ |
| ९ | राई | ९९ | ९६ | १९५ | १.०४ |
| १० | गुरुङ | ५२ | ५७ | १०९ | ०.५८ |
| ११ | परियार | ५१३ | ५४९ | १०६२ | ५.६७ |
| १२ | ठकुरी | ३५० | ३६६ | ७१६ | ३.८२ |
| १३ | याक्थुङ/लिम्बु | ९ | ७ | १६ | ०.०९ |
| १४ | मिजार | १०५६ | १०७१ | २१२७ | ११.३५ |
| १५ | तेली | १० | ३ | १३ | ०.०७ |
| १६ | कुर्मी | १० | ५ | १५ | ०़.०८ |
| १७ | सन्यासी/दशनामी | २६ | ३९ | ६५ | ०.३५ |
| १८ | ब्राह्मण-तराई) | ९ | ३ | १२ | ०.०६ |
| १९ | घर्ती/भुजेल | ३८३ | ३९४ | ७७७ | ४.१५ |
| २० | हजाम/ठाकुर | १५ | १२ | २७ | ०.१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | शेर्पा | ७ | ५ | १२ | ०.०६ |
| २२ | हलुवाई | ७ | ५ | १२ | ०.०६ |
| २३ | माझी | ३०२ | ३२३ | ६२५ | ३.३४ |
| २४ | सुनुवार | २०० | २२५ | ४२५ | २.२७ |
| २५ | पहरी | २१ | १९ | ४० | ०.२१ |
| २६ | हायू | १९७ | २२० | ४१७ | २.२३ |
| २७ | कमर | १९ | १३ | ३२ | ०.१७ |
| २८ | अन्य | ५२ | २० | ७२ | ०.३८ |
| २९ | जम्मा | ९२२९ | ९५०८ | १८७३७ | १०० |

स्रोतः जिल्ला वस्तुगत विवरण, सिन्धुली

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कको आधारमा जिल्ला वस्तुगत विवरण सिन्धुली अनुसार गोलन्जोर गाउँपालिकामा सबैभन्दा बढी जनसङ्ख्या भएका शीर्ष ५ जातिहरूमा मगर, क्षेत्री, मिजार, नेवार र पहाडी ब्राह्मण रहेका छन्। कुल ३,७७१ -२०.१३) जनसङ्ख्यासहित मगर समुदाय गाउँपालिकाको सबैभन्दा ठूलो जातीय समूहका रूपमा स्थापित छ भने २,९५७ -१५.७७) जनसङ्ख्या भएका क्षेत्रीहरू दोस्रो स्थानमा छन्। दलित समुदायमध्ये सबैभन्दा धेरै जनसङ्ख्या रहेको मिजार जाति २,१२७ -११.३५)तेस्रो, नेवार जाति १,८३१ -९.७७) जनसङ्ख्यासहित चौथो र पहाडी ब्राह्मण १,३४२ -७.१६) जनसङ्ख्यासहित पाँचौं स्थानमा पर्दछन्। यी शीर्ष ५ जातिले मात्रै गाउँपालिकाको कुल जनसङ्ख्याको झन्डै ६४.१२ प्रतिशत हिस्सा ओगटेका छन्, जसले स्थानीय सामाजिक र सांस्कृतिक परिवेशमा यी समुदायको मुख्य बाहुल्यता रहेको स्पष्ट पार्छ।

त्यसैगरी, गाउँपालिकामा सबैभन्दा कम जनसङ्ख्या भएका ५ जातिहरूमा मुख्यतः तराई मूलका समुदाय र हिमाली अल्पसंख्यकहरू पर्दछन्, जसमा तेली, तराई ब्राह्मण, शेर्पा, हलुवाई र लिम्बु/यादव रहेका छन्। सबैभन्दा कम उपस्थिति रहेको तेली जातिको जनसङ्ख्या मात्र १३ -०.०७) छ भने तराई ब्राह्मण, शेर्पा र हलुवाई जातिको जनसङ्ख्या बराबर अर्थात् जनही १२/१२ जना -प्रत्येकको ०.०६) मात्र रहेको छ। त्यसैगरी १६ जना जनसङ्ख्या भएको याक्थुङ/लिम्बु र १७ जना जनसङ्ख्या भएको यादव समुदाय पनि अति–अल्पसंख्यकका रूपमा सूचीकृत छन्। पहाडी भूगोल भएका कारण यी रैथाने नभई व्यापार, जागिर वा बसाइँसराइका कारण यहाँ बसोबास गरिरहेका देखिन्छन्, जसको अनुपात कुल जनसङ्ख्याको तुलनामा प्रतिजाति ०.१ प्रतिशतभन्दा पनि कम छ।

## *तालिका 3 गोलन्जोर गाउँपालिकाको धर्म अनुसारको जनसङ्ख्या*

| क्र. सं. | धर्म | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | हिन्दु | ८२४४ | ८४५१ | १६६९५ |
| २ | बौद्ध | ५९३ | ६५५ | १२४८ |
| ३ | ईसाइ | २०३ | २०९ | ४१२ |
| ४ | किंरात | १८४ | १८९ | ३७३ |
| ५ | इस्लाम | ५ | ४ | ९ |

| ६ | जम्मा | ९२२९ | ९५०८ | १८७३७ |
|---|---|---|---|---|

-स्रोतः जिल्ला वस्तुगत विवरण, सिन्धुली)

प्रस्तुत तथ्याङ्क अनुसार गोलन्जोर गाउँपालिकामा कुल १८,७३७ जनसङ्ख्या मध्ये सबैभन्दा बढी १६,६९५ जना हिन्दू धर्मावलम्बी रहेका छन्, जुन यहाँको मुख्य धार्मिक आस्था देखिन्छ । त्यसैगरी दोस्रो ठूलो धार्मिक समूहको रूपमा १,२४८ जनसङ्ख्या सहित बौद्ध धर्म रहेको छ भने ईसाई धर्म मान्नेहरू ४१२ जना र किराँत धर्म मान्नेहरू ३७३ जना रहेका छन् । यस गाउँपालिकामा सबैभन्दा कम जनसङ्ख्या इस्लाम धर्म मान्नेहरूको छ, जसको कुल सङ्ख्या ९ जना मात्र रहेको छ ।

## *तालिका ४ गाउँपालिकाको मातृभाषा अनुसारको जनसङ्ख्या*

| क्र. सं. | मातृभाषा | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | नेपाली | ७६६४ | ७९८७ | १५६५१ |
| २ | मैथिली | ८२ | २९ | १११ |
| ३ | भोजपुरी | १८ | ९ | २७ |
| ४ | तामाङ | ४८२ | ४८२ | ९६४ |
| ५ | नेपाल भाषा-नेवारी) | १११ | १०९ | २२० |
| ६ | मगर | ६६८ | ६४९ | १३१७ |
| ७ | राई | २६ | ३२ | ५८ |
| ८ | सुनुवार | ९ | ११ | २० |
| ९ | माझी | ९३ | १२४ | २१७ |
| १० | भुजेल | ४९ | ५४ | १०३ |
| ११ | हायू/भायू | ८ | १० | १८ |
| १२ | अन्य | १९ | १२ | ३१ |
| १३ | जम्मा | ९२२९ | ९५०८ | १८७३७ |

-स्रोतः जिल्ला वस्तुगत विवरण, सिन्धुली)

प्रस्तुत तथ्याङ्क अनुसार गोलन्जोर गाउँपालिकामा कुल १८,७३७ जनसङ्ख्या मध्ये सबैभन्दा बढी १५,६५१ जनाको मातृभाषा नेपाली रहेको छ, जुन यहाँको मुख्य सञ्चारको माध्यम देखिन्छ । यसैगरी दोस्रो ठूलो भाषिक समूहको रूपमा १,३१७ जनसङ्ख्याले मगर भाषा बोल्छन् भने ९६४ जनसङ्ख्या सहित तामाङ भाषा तेस्रो स्थानमा रहेको छ । गाउँपालिकामा अन्य मातृभाषाहरूमा नेपाल भाषा -नेवारी) बोल्ने २२० जना, माझी भाषा बोल्ने २१७ जना, भुजेल भाषा बोल्ने १०३ जना, मैथिली भाषा बोल्ने १११ जना, राई भाषा बोल्ने ५८ जना, भोजपुरी भाषा बोल्ने २७ जना र सुनुवार भाषा बोल्ने २० जना रहेका छन् । यहाँ सबैभन्दा कम जनसङ्ख्या भएको मातृभाषा हायू/भायू हो जसलाई १८ जनाले मात्र बोल्ने गर्दछन् भने अन्य विविध भाषाहरू बोल्नेको सङ्ख्या ३१ रहेको छ ।

## १.१-घ) आर्थिक अवस्था

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका महाभारत पर्वत श्रेणी, पहाडी भूभाग र सुनकोशी नदी किनारमा अवस्थित एक उदीयमान स्थानीय तह हो । यहाँका अधिकांश मानिसहरु कृषिमा आश्रित छन्, त्यसैले यहाँको अर्थतन्त्रको सबैभन्दा बलियो पक्ष कृषि नै हो । विशेष गरी यहाँको सुन्तला र जुनार खेती राष्ट्रिय रुपमै प्रसिद्ध छ । यहाँ सुन्तला, जुनार र कागती जस्ता अमिलो जातका फलफूलको व्यावसायिक उत्पादन गरिन्छ । यस क्षेत्रलाई जुनार क्षेत्रको रुपमा समेत चिनिन्छ ।

सुनकोशी नदी किनार र बेंशीमा धान, गहुँ, मकै, तोरी जस्ता खाद्यान्न बालीसँगै व्यावसायिक रुपमा विभिन्न मौसमी तथा बेमौसमी तरकारी खेती गरी कृषकहरुले राम्रो आम्दानी गरिरहेका छन् भने माथिल्लो भेगमा मकै, कोदो, फापर आदि खाद्यान्न बाली उत्पादन गरी जीविकोपार्जन गरिरहेका छन् । कृषिसँगै पशुपालन यहाँको सहायक आर्थिक स्रोत हो । व्यावसायिक रुपमा गाई र भैंसी पालन गरी दुध बिक्री गर्ने चलन बढ्दो छ । कुखुरा पालन र बाख्रा पालन पनि साना तथा मझौला उद्यमीहरुको रोजगारीको माध्यम बनको छ । बीपी राजमार्ग र मध्य पहाडी लोकमार्गले जोड्ने खनियाँखर्क, खुर्कोिट र ग्वालटार जस्ता स्थानहरुमा साना तथा मझौला होटल, रेष्टुरेन्ट र अन्य पसलको सञ्जाल राम्रो छ र ती स्थानहरु मुख्य व्यापारिक केन्द्रको रुपमा विकसित भएका छन् । स्थानीयस्तरमा घरेलु उद्यमीहरुले यहाँको आर्थिक गतिविधि बढाउन सहयोग पु¥याएका छन् भने देशको अन्य क्षेत्रमा जस्तै वैदेशिक राजगारीमा गएका युवाले भित्र्याएको विप्रेषणले आर्थिक अवस्था अझ मजबुत बनाएको छ ।

## १.१ -ङ) शैक्षिक अवस्था

यस गाउँपालिकामा ६२ सामुदायिक र ३ संस्थागत गरी जम्मा ६५ विद्यालय र १ क्याम्पस रहेका छन्। गाउँपालिकाभित्र हाल ६१ वटा प्रारम्भिक बालबिकास -केन्द्रहरू सञ्चालनमा छन्, जहाँ जम्मा ६८५ बालबालिकाहरू भर्ना भएका छन् । त्यसैगरी, ६५ विद्यालयहरू मध्ये आधारभूत तहका ५५ ओटा विद्यालयहरु सञ्चालनमा छन्, जसमा कक्षा १–८ सम्म २८६४ बालबालिका अध्ययनरत छन्। तीमध्ये १४२८ जना छात्र, १४३६ जना छात्रा र २ जना अपांगता भएका बालबालिका रहेका छन्। माध्यमिक तह कक्षा ९–१२ मा छात्र ५०६ र छात्रा ५८० गरी जम्मा १०८६ विद्यार्थीहरु अध्ययनरत छन् । शिक्षण सिकाइको जिम्मेवारी सम्हाल्न बालविकास सहजकर्ता, स्थायी, अस्थायी करार, राहत अनुदान, सङ्घीय अनुदान र पालिका अनुदान-निजी स्रोत बाहेक)सहित ३५५ शिक्षकहरू कार्यरत छन्, जसमध्ये १५७ जना-नीजि स्रोत बाहेक) महिला शिक्षकहरू छन्।

आधारभूत तहको खुद भर्ना दर-) NER ९४.७ प्रतिशत, माध्यमिक तह कक्षा ९–१०मा विद्यार्थीको खुद भर्ना दर NER -) ७६.३Ü र माध्यमिक तह कक्षा ११–१२मा विद्यार्थीको खुद भर्ना दर - NER) २८.३Ü मात्र रहेको छ ।यसले संकेत गर्छ कि विद्यालय उमेर समूहका धेरै बालबालिका अझै पनि माध्यमिक तहको शिक्षाबाट वञ्चित छन्। यस्ता तथ्याङ्कले माध्यमिक तहमा पहुँच विस्तार गर्नु पर्ने आवश्यकता स्पष्ट देखाउँछ।

## तालिका ५ शैक्षिक संस्थाहरुको सङ्ख्यात्मक विवरण

| क्र.सं. | शैक्षिक संस्थाको प्रकार | सामुदायिक | संस्थातत | जम्मा |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ६१ | ० | ६१ |
| २ | आधारभूत तह-कक्षा १–८) | ५३ | २ | ५५ |
| ३ | माध्यमिक तह-कक्षा ९–१२) | ९ | १ | १० |
| ४ | सामुदायिक सिकाई केन्द्र | ४ | ० | ४ |
| ५ | क्याम्पस | १ | ० | १ |

यस पालिकाको शैक्षिक संरचना पूर्ण रूपमा सामुदायिक -सरकारी) संस्थामा निर्भर रहेको देखिन्छ। पालिका भरि रहेका ६१ वटा प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरू, ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू शतप्रतिशत सरकारी व्यवस्थापनमा सञ्चालित छन्, जसमा संस्थागत -निजी) क्षेत्रको उपस्थिति शून्य छ। त्यसैगरी, आधारभूत तह -कक्षा १–८) तर्फ कुल ५५ विद्यालयहरू सञ्चालित छन्, जसमध्ये ५३ वटा सामुदायिक र केवल २ वटा मात्र संस्थागत रहेका छन्। माध्यमिक तह -कक्षा ९–१२) तर्फ कुल १० विद्यालयहरू सञ्चालित छन्, जसमा ९ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेको छ। उच्च शिक्षाको पहुँचका लागि पालिकामा १ वटा क्याम्पस स्थापना भएको छ।

समग्रमा, यस तथ्याङ्कले गोलन्जोर गाउँपालिकामा निजी क्षेत्र -संस्थागत) को तुलनामा सामुदायिक क्षेत्रको बाहुल्यता अत्यन्तै बलियो -लगभग ९५%) रहेको देखाउँछ। यसले स्थानीय नागरिकहरूको शिक्षामा पहुँच बढाउन र विद्यालय शिक्षाको आधार तयार पार्न सरकारी तथा सामुदायिक क्षेत्रले नै मुख्य नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको प्रष्ट पार्दछ।

## तालिका ६ वडागत विद्यालय विवरण

| क्र.सं. | वडा नं. | विद्यालयको नाम | तह | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|---|---|
| १ | १ | श्री सिद्धेश्वर प्रा.वि. धन्सार | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| २ | | श्री कालिका प्रा.वि.जुकेपानी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ३ | | श्री पटनादेवी प्रा.वि. कटुन्जे | आधारभूत | कक्षा १–४ | सामुदायिक | |
| ४ | | श्री प्रा.वि. च्याकुटार | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ५ | | श्री विन्देश्वरी आ.वि.ज्यामिरे | आधारभूत | कक्षा १–८ | सामुदायिक | |
| ६ | | श्री सिद्धेश्वर प्रा.वि.सिमल्टार | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ७ | | श्री पाटनदेवी प्रा.वि.कात्तिके | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ८ | | श्री सुनकोशी प्रा.वि. च्याकुटारवेशी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ९ | | श्री विन्दावासिनी प्रा.वि. भञ्याङ्गखानी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| १० | | श्री कामदा मा.वि. डुडभञ्याङ्ग | माध्यमिक | कक्षा १–१२ | सामुदायिक | |
| ११ | | श्री सत्यदेवी प्रा.वि. पुकुटार | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| १२ | २ | श्री जाल्पादेवी प्रा.वि. हकृपुर | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| १३ | | श्री सिहेशवरी प्रा.वि. थाक्ले | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| १४ | | श्री सुनकोशी प्रा.वि. कुखुरेटार | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| १५ | | श्री आधारभूत विद्यालय धारापानी | आधारभूत | कक्षा १–८ | सामुदायिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | | श्री वाललहरी प्रा.वि. भञ्ज्याङ्ग | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| १७ | | श्री वाल मा.वि. सुलिभञ्ज्याङ्ग | माध्यमिक | कक्षा १–१० | सामुदायिक | |
| १८ | | श्री वाल प्रगतिशील प्रा.वि. हमालडिही | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| १९ | | श्री पाटनदेवी प्रा.वि.किटिनीभञ्ज्याङ्ग | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| २० | ३ | श्री बच्चापानी प्रा.वि. सान्ने | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| २१ | | श्री सुनकोशी इङ्गिलस फ्रन्टिएर वोर्डिङ्ग स्कुल | आधारभूत | कक्षा १–८ | | संस्थागत |
| २२ | | श्री कुश्वेश्वरी प्रा.वि. सिम्लेवेशी | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| २३ | | श्री सिद्धकाली प्रा.वि. भदौरे | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| २४ | | श्री प्रा.वि. धेद्रे | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| २५ | | श्री कौशिका मा.वि. ग्वालटार | माध्यमिक | कक्षा १–१२ | सामुदायिक | |
| २६ | | श्री कालिका प्रा.वि. मुर्कीगाउँ | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| २७ | ४ | श्री पञ्चवती आ.वि. तीनघरेडाँढा | आधारभूत | कक्षा १–८ | सामुदायिक | |
| २८ | | श्री वत्सला मा.वि. दिङदिङ किराँते | माध्यमिक | कक्षा १–१० | सामुदायिक | |
| २९ | | श्री महादेव प्रा.वि. मुलडाँडा | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ३० | | श्री कालिका प्रा.वि. डुँडे | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ३१ | | श्री प्रा.वि. वितिजोर कुभिण्डे | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ३२ | | श्री वाल आ.वि. ढुङ्ग्रे | आधारभूत | कक्षा १–८ | सामुदायिक | |
| ३३ | | श्री भाविनी प्रा.वि. खोक्लिङ | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ३४ | | श्री प्रा.वि. ट्वाङट्वाङे | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ३५ | | श्री शारदा मा.वि. वेखटाँडी | माध्यमिक | कक्षा १–१२ | सामुदायिक | |
| ३६ | | श्री सरस्वती प्रा.वि. लामीडाँडा | आधारभूत | कक्षा १–४ | सामुदायिक | |
| ३७ | ५ | श्री आ.वि. हिर्दिङ्धुराडाँडा | आधारभूत | कक्षा १–६ | सामुदायिक | |
| ३८ | | श्री प्रावि. विजयछाप | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ३९ | | श्री प्रावि. रतनभुरा | आधारभूत | कक्षा १–४ | सामुदायिक | |
| ४० | | श्री आ्.वि. थलडाँडा | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ४१ | | श्री महाकाली प्रा.वि. आहालडाँडा | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ४२ | | श्री मा.वि. नयाँखर्क | माध्यमिक | कक्षा १–१२ | सामुदायिक | |
| ४३ | | श्री जनता मा.वि. खनियाँखर्क | माध्यमिक | कक्षा १–१२ | सामुदायिक | |
| ४४ | | श्री लोक भावना प्रा.वि.खानीनिगाले | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ४५ | | श्री जनएकता प्रा.वि.देउराली | आधारभूत | बाविके | सामुदायिक | |
| ४६ | | श्री ऋतमभरा ज्ञानस्वरु विद्यालय | | कक्षा १ र २ | | संस्थागत |
| ४७ | ६ | श्री प्रा.वि. बन्दिजोर कटहरे | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ४८ | | श्री प्रा.वि. नाकाजोली | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ४९ | | श्री जनता प्रा.वि. छेत्पा | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ५० | | श्री वाशेश्वर प्रा.वि. बलेनी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ५१ | | श्री गणेश प्रा.वि. मगरवेशी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ५२ | | श्री प्रभात आ.वि.देउरालीटार | आधारभूत | कक्षा १–८ | सामुदायिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५३ | | श्री मंगला मा.वि. घोक्सिला | माध्यमिक | कक्षा १–१० | सामुदायिक | |
| ५४ | | श्री कल्यान प्रा.वि. हैवारवेशी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ५५ | | श्री प्रगतिशील जनता प्रा.वि. गैरीगाउँ | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ५६ | | श्री वालकन्या प्रा.वि. हैवारगाउँ | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ५७ | | श्री कालिका प्रा.वि. नारायणडाँडा | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ५८ | | श्री बागेश्वरी प्रा.वि. झगरपुर | आधारभूत | कक्षा १ | सामुदायिक | |
| ५९ | ७ | श्री बालकल्याण प्रा.वि.माथिल्लोवेशी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ६० | | श्री पुष्प आ.वि. बाराहा | आधारभूत | बाविके | सामुदायिक | |
| ६१ | | श्री बालज्योती प्रा.वि.ठूली पोखरी | आधारभूत | कक्षा १–५ | सामुदायिक | |
| ६२ | | श्री जनजागृति प्रा.वि.आरुखोला | आधारभूत | बाविके | सामुदायिक | |
| ६३ | | श्री जनकल्याण प्रा.वि. राताटार | आधारभूत | कक्षा १–३ | सामुदायिक | |
| ६४ | | श्री जनज्योती मा.वि. खुर्कोट | माध्यमिक | कक्षा १–१२ | सामुदायिक | |
| ६५ | | श्री प्याराडाईज इ.वो.स्कुल खुर्कोट | माध्यमिक | कक्षा १–१० | | संस्थागत |

गोलन्जोर गाउँपालिकामा रहेका सामुदायिक ६२ र संस्थागत ३ गरी जम्मा ६५ वटा विद्यालयहरू मध्ये वडा नं. ६ मा सबैभन्दा बढी १२ वटा विद्यालयहरू सञ्चालनमा छन् भने वडा नं. १ मा ११ वटा, वडा नं. ४ मा १० वटा,वडा नं. ५ मा पनि १ संस्थागत सहित १० वटा र वडा नं. २ मा ८ वटा विद्यालयहरू रहेका छन् । वडा नं.३ र ७ मा १/१ संस्थागत सहित सबैभन्दा कम ७/७ वटा विद्यालय रहेका छन् । सञ्चालित कक्षाका आधारमा वर्गीकरण गर्दा यहाँ कक्षा १ देखि ५ सम्मका विद्यालयहरूको सख्यात्मक बाहुल्यता देखिन्छ, जसमा कक्षा १–५ सम्म पठनपाठन हुने प्राथमिक विद्यालयहरू मात्रै २३ वटा -कुल विद्यालयको ३५.३८%) रहेका छन्। त्यस्तै, प्रारम्भिक बालविकास मात्र सञ्चालन गर्ने ३ वटा, कक्षा १ सम्मको १ वटा, कक्षा २ सम्मको १ वटा, कक्षा ३ सम्मका १६ वटा र कक्षा ४ सम्मका ४ वटा गरी प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका मात्रै कुल ४८ वटा विद्यालयहरू रहेका छन्। कक्षा ६ सम्मको १ वटा र कक्षा ८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयहरू ६ वटा छन् । माध्यमिक शिक्षाको पहुँचतर्फ हेर्दा कक्षा १० सम्म पढाई हुने ४ वटा र कक्षा १२ सम्म पढाई हुने ६ वटा गरी कुल १० वटा मात्र माध्यमिक विद्यालयहरू सञ्चालनमा छन्, जसमध्ये वडा नं. ५ मा कक्षा १२ सम्म सञ्चालन हुने विद्यालय २ वटा रहेका छन् भने वडा नं. २ र वडा नं. ६ मा कक्षा १२ सम्म सञ्चालन हुने कुनै पनि विद्यालय नभएकाले ती वडाका विद्यार्थीहरू SEE पछिको शिक्षाका लागि वडा नं. १, ३, ४, ५, ७ का विद्यालयमा वा अन्य विद्यालयहरूमा नै निर्भर हुनुपर्ने बाध्यता देखिन्छ।

*तालिका ७तहगत विद्यार्थी विवरण -शैक्षिक सत्र २०८२)*

| क्र.सं. | तह/कक्षा | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | पारम्भिक बालविकास र शिक्षा | ३८५ | ३०० | ६८५ |
| २ | आधारभूत तह-कक्षा-१–५) | ८८१ | ८८९ | १७७० |
| ३ | आधारभूत तह-कक्षा-६–८) | ५४७ | ५४७ | १०९४ |
| ४ | माध्यमिक तह-कक्षा-९, १०) | ३२७ | ३५२ | ६७९ |
| ५ | माभ्यमिक तह-कक्षा-११, १२) | १७९ | २२८ | ४०७ |

| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ० | ० | ० |
|---|---|---|---|---|
| | जम्मा | २३१९ | २३१६ | ४६३५ |

यो तालिकाले विभिन्न शैक्षिक तह र कक्षा अनुसार अध्ययनरत विद्यार्थीहरूलाई छात्र र छात्रा को रूपमा वर्गीकरण गरेको छ। यस पालिकामा कुल ४,६३५ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। लैङ्गिक अनुपात हेर्दा छात्र र छात्राको संख्या लगभग बराबर देखिन्छ, जसमा कुल छात्र सङ्ख्या २,३१९ र कुल छात्रा सङ्ख्या २,३१६ रहेको छ। प्रारम्भिक बालविकास र शिक्षामा कुल ६८५ जना बालबालिकाहरू छन्, जसमा छात्रको सङ्ख्या ३८५ र छात्राको सङ्ख्या ३०० रहेको छ। आधारभूत तह -कक्षा १–५)मा १,७७० जना विद्यार्थीहरू अध्ययनरत छन्। यस तहमा छात्रको सङ्ख्या ८८१ छ भने छात्राको सङ्ख्या ८८९ रहेको छ। यहाँ छात्रभन्दा छात्राको सङ्ख्या केही बढी देखिन्छ। आधारभूत तह -कक्षा ६–८)मा कुल १,०९४ जना विद्यार्थीहरू अध्ययनरत छन्। रोचक कुरा के छ भने यहाँ छात्र र छात्रा दुवैको सङ्ख्या बराबर अर्थात् ५४७ जना छात्र र ५४७ जना छात्रा रहेका छन्। माध्यमिक तह -कक्षा ९–१०)मा जम्मा ६७९ जना विद्यार्थीहरू छन्, जसमा छात्रको सङ्ख्या ३२७ र छात्राको सङ्ख्या ३५२ रहेको छ। यहाँ पनि छात्रको तुलनामा छात्राको उपस्थिति बलियो देखिन्छ। माध्यमिक तह -कक्षा ११–१२)मा कुल ४०७ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। यस अन्तर्गत छात्रको सङ्ख्या १७९ छ भने छात्राको सङ्ख्या २२८ रहेको छ। माथिल्लो तहमा पुग्दा पनि छात्रको तुलनामा छात्राकै सङ्ख्या धेरै देखिनु सकारात्मक पक्ष हो। समग्रमा, यो तालिकाले प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म छात्र र छात्राको समतामूलक सहभागिता रहेको स्पष्ट पार्छ।

### *तालिका ८ पालिकाको विद्यार्थी भर्ना दर -शैक्षिक सत्र २०८२)*

| तह | कुल भर्ना (GER) | | | खुद भर्ना दर-(NER) | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| प्रारम्भिक बालबिकास र शिक्षा (ECED) | ८५.५ | ९१.५ | ८८.५ | ७९.३ | ८०.७ | ८०.० |
| आधारभूत तह-कक्षा-१–५) | १३७.५ | १३०.८ | १३४.२ | ९७.० | ९७.४ | ९७.२ |
| आधारभूत तह-कक्षा-६–८) | ११२.२ | ११६.८ | ११४.४ | ८७.८ | ९४.१ | ९०.९ |
| आधारभूत तह-कक्षा-१–८) | १२७.५ | १२५.४ | १२६.५ | ९३.४ | ९६.१ | ९४.७ |
| माध्यमिक तह-कक्षा-९, १०) | ८८.५ | ९४.० | ९१.५ | ७९. | ७३.९ | ७६.३ |
| माभ्यमिक तह-कक्षा-११, १२) | ५०.९ | ५४.० | ५२.६ | २६.० | ३०.१ | २८.३ |
| माभ्यमिक तह-कक्षा-९–१२) | ७१.३ | ७४.७ | ७३.२ | ५४.९ | ५२.८ | ५३.७ |

गोलन्जोर गाउँपालिकाको शैक्षिक सत्र २०८२को तथ्याङ्क अनुसार विद्यार्थी भर्नाको स्थितिमा तहगत रूपमा ठूलो उतारचढाव देखिन्छ। आधारभूत तह -कक्षा १–५) मा विद्यार्थीहरूको पहुँच र सहभागिता उत्साहजनक छ, जहाँ खुद भर्ना दर (NER) ९५% पुगेको छ। कुल भर्ना दर १००% भन्दा बढी हुनुले उमेर समूहभन्दा ढिलो वा चाँडो भर्ना हुने प्रवृत्ति अझै रहेको संकेत गर्छ। प्रारम्भिक बालविकास (ECED)-देखि कक्षा ८ सम्म विद्यार्थीहरू विद्यालयमा टिकिरहे पनि माथिल्लो तहमा पुग्दा यो दर निकै निराशाजनक तरिकाले ओरालो लागेको देखिन्छ।

विशेष गरी माध्यमिक तह -कक्षा ११–१२) मा पुग्दा खुद भर्ना दर ह्वात्तै घटेर मात्र २८.३Ü मा सीमित हुनुले कक्षा १० को परीक्षा (SEE) पछि ठूलो सङ्ख्यामा विद्यार्थीहरू औपचारिक शिक्षाबाट बाहिरिने गरेको वा ड्रपआउट -(Drop out)) हुने गरेको स्पष्ट पार्छ। लैङ्गिक दृष्टिकोणबाट हेर्दा एउटा सकारात्मक पक्ष के देखिन्छ भने, कक्षा ९ देखि १२ सम्मको माथिल्लो तहमा छात्रको तुलनामा छात्राको भर्ना दर (NER र GER दुवै) बढी छ, जसले पछिल्ला वर्षहरूमा छोरीहरूको शिक्षामा पहुँच र निरन्तरता बढेको देखाउँछ। समग्रमा, तल्लो कक्षामा भर्नादर राम्रो भए तापनि माथिल्लो तहमा विद्यार्थी टिकाई राखु र गुणस्तर सुधार गर्नु नै अहिलेको मुख्य चुनौती देखिन्छ।

## *तालिका 9 पालिकाका सामुदायिक विद्यालयमा रहेका शिक्षक विवरण*

| तह | स्थायी | | | अस्थायी/करार | | | राहत अनुदान | | | सङ्घीय अनुदान | | | गापा शिक्षक | | | अन्य | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. | म | पु | ज | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. |
| पारम्भिक बालविकास सहजकर्ता | ० | ० | ० | ५१ | ० | ५१ | ० | ० | ० | ० | ० | ० | ११ | ० | ११ | ० | ० | ० | ६२ | ० | ६२ |
| आधारभूत तह -कक्षा-१–५) | २२ | ३७ | ५९ | १० | १० | २० | ३७ | ३९ | ७६ | ० | ० | ० | ३ | ३ | ६ | १० | ५ | १५ | ८२ | ९४ | १७६ |
| आधारभूत तह -कक्षा-६–८) | १ | १२ | १३ | २ | ४ | ६ | १ | १० | ११ | २ | २ | ४ | ४ | ९ | १३ | ३ | ५ | ८ | १३ | ४२ | ५५ |
| माध्यमिक तह -कक्षा-९, १०) | ३ | ९ | १२ | ० | ३ | ३ | २ | १० | १२ | २ | ५ | ७ | ४ | ६ | १० | १ | ५ | ६ | १२ | ३८ | ५० |
| माध्यमिक तह -कक्षा-११, १२) | ० | ० | ० | ० | ६ | ६ | २ | ४ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १० | १२ |
| प्राविधिक तथा व्यावसायिक शिक्षा प्रशिक्षक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २६ | ५८ | ८४ | ६३ | २३ | ८६ | ४२ | ६३ | १०५ | ४ | ७ | ११ | २२ | १८ | ४० | १४ | १५ | २९ | १७१ | १८४ | ३५५ |

-नोटः माध्यमिक तह कक्षा ९, १०मा नियूक्त १ जना प्रदेश अनुदान शिक्षकलाई अन्य महलमा समावेश गरिएको छ।)

गोलन्जोर गाउँपालिकामा कुल ३५५ जना शिक्षकहरू कार्यरत छन्, जसमा १७१ महिला र १८४ जना पुरुष शिक्षकहरू रहेका छन्। यहाँ ६१ ओटा प्रारम्भिक बालविकास केन्द्रमा अस्थायी/करारमा ५१जना र गाउँपालिका अन्तर्गत ११जना गरी जम्मा ६२ जना प्रारम्भिक बालविकास सहजकर्ताहरु कार्यरत रहेका छन् । आधारभूत तह -कक्षा १–५)मा सबैभन्दा धेरै अर्थात् कुल १७६ जना शिक्षकहरू छन्, जसमा ८२ जना महिला र ९४ जना पुरुष छन्। सेवा प्रकारका आधारमा स्थायी ५९ जना, अस्थायी/करार २० जना, राहत अनुदान ७६ जना, गापा शिक्षक ६ जना र अन्यमा १५ जना रहेका छन्। आधारभूत तह -कक्षा ६–८)मा कुल ५५ जना शिक्षकहरू कार्यरत छन्, जसमा १३ जना महिला र ४२ जना पुरुष छन्। यहाँ स्थायी १३ जना, अस्थायी/करार ६ जना, राहत अनुदान ११ जना, संघीय अनुदान ४ जना, गापा शिक्षक १३ जना र अन्य ८ जना रहेका छन्। माध्यमिक तह -कक्षा ९–१०)मा जम्मा ५० जना शिक्षकहरू छन्, जसमा १२ जना महिला र ३८ जना पुरुष छन्। यहाँ स्थायी १२ जना, अस्थायी/करार ३ जना, राहत अनुदान १२ जना, संघीय अनुदान ७ जना, प्रदेश अनुदान १जना, गापा शिक्षक १० जना र अन्य ५ जना कार्यरत रहेका छन्। माध्यमिक तह -कक्षा ११–१२)मा कुल शिक्षक सङ्ख्या निकै कम अर्थात् १२ जना मात्र छन्, जसमा २ जना महिला र १० जना पुरुष छन्। यहाँ स्थायी दरबन्दी शून्य छ◌ृ अस्थायी/करारमा ६ जना र राहत अनुदानमा ६ जना शिक्षक कार्यरत छन्। समग्रमा, सेवाको प्रकारका आधारमा हेर्दा यो क्षेत्रमा स्थायी शिक्षक ८४, अस्थायी/करार शिक्षक ८६-बालविकास सहजकर्ता सहित), राहत अनुदान शिक्षक १०५, सङ्घीय अनुदान शिक्षक ११, प्रदेश अनुदान १जना, गापा शिक्षक ४० र अन्य प्रकारका शिक्षकहरू २८ जना कार्यरत रहेका देखिन्छन्।

## *तालिका 10 पालिकामा विद्यार्थी शिक्षक अनुपात*

| तह | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | अनुपात | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ६८५ | ६२ | ११ :१ | |
| आधारभूत तह-कक्षा-१–५) | १७७० | १६१ | ११ :१ | नीजि स्रोत शिक्षक बाहेक |
| आधारभूत तह-कक्षा-६–८) | १०९४ | ४७ | २३ :१ | नीजि स्रोत शिक्षक बाहेक |
| माध्यमिक तह-कक्षा-९, १०) | ६७९ | ४४ | १५:१ | नीजि स्रोत शिक्षक बाहेक |
| माभ्यमिक तह-कक्षा-११,१२) | ४०७ | १२ | ३४ :१ | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | ० | ० | | |
| जम्मा | ४६३५ | ३२६ | | नीजि स्रोत शिक्षक बाहेक |

यो तालिकाले विद्यालय शिक्षाको तहअनुसारका विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको अनुपात देखाउँछ। तालिकाको समग्र तथ्याङ्क हेर्दा, यहाँ कुल ४,६३५ जना विद्यार्थीहरू अध्ययनरत छन् भने उनीहरूलाई पढाउन कुल ३२६-नीजि स्रोत शिक्षक बाहेक) जना शिक्षकहरू कार्यरत रहेका छन्। तहगत रूपमा हेर्दा, प्रारम्भिक बालविकास र शिक्षामा ६८५ जना विद्यार्थी र ६२ जना शिक्षक छन्, जसको अनुपात ११:१ रहेको छ। आधारभूत तह -कक्षा १–५) मा सबैभन्दा धेरै अर्थात् १,७७० जना विद्यार्थी र १६१ जना शिक्षकहरू छन्। यहाँ पनि विद्यार्थी र शिक्षकको अनुपात ११:१ नै कायम छ। यसैगरी, आधारभूत तह -कक्षा ६–८) मा १,०९४ जना विद्यार्थीहरूका लागि ४७ जना शिक्षकहरू व्यवस्था गरिएको

छ, जहाँ विद्यार्थी–शिक्षक अनुपात २३:१ देखिन्छ। माध्यमिक तह -कक्षा ९–१०) मा विद्यार्थी सङ्ख्या ६७९ र शिक्षक सङ्ख्या ४४ रहेको छ, जसको अनुपात १५:१ हुन आउँछ। ध्यान दिनुपर्ने कुरा के छ भने, कक्षा १ देखि कक्षा १० सम्मको शिक्षक सङ्ख्यामा निजी स्रोतका शिक्षकहरूलाई समावेश गरिएको छैन। माध्यमिक तहकै उच्च कक्षा -११–१२) मा भने ४०७ जना विद्यार्थीहरू छन् तर शिक्षकको सङ्ख्या निकै कम अर्थात् १२ जना मात्र रहेको छ। जसले गर्दा यहाँ विद्यार्थी–शिक्षक अनुपात सबैभन्दा बढी अर्थात् ३४:१ -३४ जना विद्यार्थी बराबर १ शिक्षक) रहेको देखिन्छ।

### *तालिका 11 साक्षरता विवरण*

| विवरण | कुल साक्षरता दर | महिला साक्षरता दर | पुरुष साक्षरता दर | कैफियत |
|---|---|---|---|---|
| नेपाल | ७६.२ | ६९.४ | ८३.६ | |
| बागमती प्रदेश | ८२.९ | ७६.० | ८८.३ | |
| सिन्धुली जिल्ला | ७२.५९ | ६५.५० | ८०.०३ | |
| गोलन्जोर गाउँपालिका | ७७.७५ | ७०.८२ | ८४.४० | |

-स्रोतः जिल्ला वस्तुगत विवरण, सिन्धुली)

राष्ट्रिय स्तरमा नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत रहँदा बागमती प्रदेशको ८२.९% प्रतिशत रहेको छ। सिन्धुली जिल्लाको समग्र साक्षरता दर -७२.५९%) राष्ट्रिय औसत भन्दा केही कमजोर देखिए तापनि गोलन्जोर गाउँपालिकाको साक्षरता स्थिति -७७.७५%) भने जिल्ला एवम् राष्ट्रिय औसत दुवै भन्दा अगाडि रहेको देखिन्छ । तथ्याङ्कको अर्को महत्वपूर्ण पाटो यसमा देखिएको ठुलो लैङ्गिक खाडल हो। केन्द्रदेखि स्थानीय तहसम्म नै पुरुषको तुलनामा महिला साक्षरता दर करिब १३ देखि १४ % प्रतिशतले न्यून देखिन्छ, जस्तै गोलन्जोर गाउँपालिकामा पुरुष साक्षरता ८४.४० % प्रतिशत रहँदा महिला साक्षरता दर ७०.८२ % प्रतिशत मात्रै सीमित छ। समग्रमा, गोलन्जोर गाउँपालिकाले शैक्षिक विकासमा प्रगति गरेको देखिए तापनि, आगामी दिनमा पूर्ण साक्षरताको लक्ष्य हासिल गर्न र यो असमानता हटाउन महिला शिक्षालाई लक्षित गरी थप प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

- विद्यालय उमेर समूहका सबै बालबालिकाहरुको विद्यालयमा शिक्षामा पहुँच नपुग्नु
- विशेष र फरक क्षमता भएका बालबालिकाहरुको रुची र चाहना र आवश्यकता पहिचान गरी सोही अनुरुपको शिक्षा व्यवस्थापन नहुनु
- सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पुरा नहुनु
- बालविकास केन्द्र तथा आधारभूत तहका कक्षा १–३मा पर्याप्त भित्ते लेखन तथा कक्षाकोठा सजावट गर्न नसक्नु
- विद्यालयमा विद्यार्थीका लागि खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापका लागि आर्थिक व्यवस्थापन गर्न नसक्नु
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय ल्याउन, भएकालाई टिकाउन र नियमित उपस्थित गराउन नसक्नु
- सबै विद्यालयमा बालमैत्री वातावरणलाई निरन्तरता दिन नसक्नु

- सबै विद्यालयलाई सूचना, सञ्चार तथा प्रविधि मैत्री बनाउन नसक्नु र भएका विद्यालयमा समेत प्राविधिक जनशक्ति व्यवस्थापन नहुनु
- स्थानीय पाठ्यक्रमलाई स्थनीय ज्ञानसिपमा आधारित र जीवनोपयोगी शिक्षासँग जोड्न नसक्नु
- तालिम प्राप्त, तहगत र विषयगत दक्ष जनशक्तिको अभाव हुनु र रिक्त दरबन्दीमा समयममा पदपुर्ति नहुनु
- विद्यालय सञ्चालन र व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता र अपनत्व वृद्धि हुन नसक्नु
- आधुनिक प्रविधिको विस्तार तथा शिक्षकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न नसक्नु
- साक्षरता, निरनतर शिक्षा, र जीवनपर्यन्त सिकाईका अवसरहरु उपलब्ध गराउन नसक्नु
- सबै विद्यालयमा पर्याप्त, सुरक्षित र प्रयोगमैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु

## १.३ शिक्षा क्षेत्रका **चुनौतीको SWOT विश्लेषण**

### सबल पक्षहरु (Strengths)

- गाउँपालिकाले शिक्षा क्षेत्रको सुशासन र व्यवस्थापन सुदृढ बनाउने उद्देश्यले शिक्षा ऐन तथा शिक्षा नियमावलीको तर्जुमा सम्पन्न गरिसकेको छ। यसले स्थानीय तहमा शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ ।
- गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति -एसएमसी) गठन भइसकेको छ, जसले विद्यालयको सञ्चालन, शैक्षिक गुणस्तर अभिवृद्धि तथा सामुदायिक सहभागिता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।
- गाउँपालिका अन्तर्गतका अधिकांश विद्यालयहरूको भौतिक पूर्वाधार अवस्था सन्तोषजनक देखिन्छ। पर्याप्त कक्षाकोठा, शौचालय, खानेपानी, विद्युत्, खेलमैदान तथा अन्य आवश्यक भौतिक संरचना प्रायः विद्यालयमा उपलब्ध रहेका छन्, जसले सिकाइ वातावरणलाई सहयोग पुर्‍याइरहेको छ।
- गाउँपालिकाले समग्र शिक्षा क्षेत्रको समन्वय र सहकार्य सुनिश्चित गर्न गाउँ शिक्षा समिति तथा वडा शिक्षा समिति गठन गरिसकेको छ। यस्ता समितिहरु शिक्षामा नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सक्रिय रुपमा संलग्न छन्।
- गाउँपालिकाको आवश्यकता अनुसार गोलन्जोर गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, कृषि, पर्यटन, धार्मिक स्थलको जानकारी समेटिएको स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन भइरहेको छ ।
- विद्यालयमा विद्यार्थी अनुपात अनुसार शिक्षकहरु, शिक्षक व्यवस्थापन केही हदसम्म व्यवस्थित, दरबन्दीअनुसार शिक्षकको व्यवस्था, शिक्षक अभाव भएका विद्यालयहरूमा गाउँपालिकाले थप शिक्षकको व्यवस्था गरिएको छ ।
- विद्यालयमा बालबालिकाकालाई सक्रिय बनाउन अतिरिक्त क्रियाकलापको योजना बनाई कार्यान्वयनमा रहेको छ
- प्रविधिमैत्री शिक्षाको आवश्यकता महसुस गरि सोहि अनुसार विद्यालयलाई स्तरोन्नतीको पहल भइरहेको छ ।
- शिक्षालाई प्राथमिकता राखेर चुस्त प्रशासनिक संरचना, सरोकारवालाहरू बीच समन्वय, र गाउँपालिकाले बजेट योजना गरी शिक्षालाई प्राथमिकता दिएको छ ।

## कमजोर पक्षहरु (Weaknesses)

- आधारभूत तथा माध्यमिक तहमा विषयगत शिक्षक नहुनुः गाउँपालिका भित्रका विद्यालयहरूमा आवश्यक विषयका विशेषज्ञ शिक्षकको अभाव देखिन्छ, जसका कारण विद्यार्थीहरूलाई गुणस्तरीय र विषयगत ज्ञान प्राप्त गर्न कठिनाइ हुने गर्दछ।
- भौगोलिक विकटताका कारण विद्यार्थी उपस्थित कम हुनुः दुर्गम ग्रामीण क्षेत्रका विद्यालयहरूमा बाटोघाटोको असुविधा र लामो दूरीका कारण विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थिति कम हुने समस्याले शिक्षा प्राप्तिमा बाधा पु¥याइरहेको छ।
- आधुनिक तथा प्राविधिक शिक्षा सञ्चालन गर्न दक्ष शिक्षकको अभावः सूचना प्रविधि, व्यावसायिक शिक्षा तथा विज्ञान प्रविधिमा आधारित शिक्षाका लागि आवश्यक दक्ष र तालिमप्राप्त शिक्षकहरू नहुँदा आधुनिक तथा प्राविधिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकिएको छैन।
- दक्ष शिक्षक सुविधायुक्त ठाउँमा केन्िद्रत हुनुः सार्वजनिक तथा निजी दुवै तहका दक्ष र अनुभवी शिक्षकहरू प्रायः शहरी तथा सुविधायुक्त स्थानहरूमा केन्द्रित हुने प्रवृत्ति देखिन्छ, जसले ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यालयहरूमा गुणस्तरीय शिक्षण सिकाइ प्रक्रिया प्रभावित बनाएको छ।
- शिक्षामा राजनीतिकरण हुनुः शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप बढ्दै गएको छ, जसले शिक्षक नियुक्ति, सरुवा, पदोन्नति तथा विद्यालय व्यवस्थापनमा पक्षपात र अनुशासनहीनताको अवस्था सिर्जना गरेको छ।
- विद्यालयमा सम्बन्धित निकायबाट अनुगमन मूल्याङ्कन नहुनुः शिक्षाको गुणस्तर सुनिश्चित गर्न आवश्यक पर्ने नियमित अनुगमन तथा मूल्याङ्कन सम्बन्धित निकायबाट प्रभावकारी रूपमा नहुनाले विद्यालयहरूको कार्यसम्पादन र उत्तरदायित्वप्रति कमजोरी देखिएको छ।
- शिक्षकको मूल्याङ्कन गरी पुरस्कार तथा सुधारका निम्ति कार्यहरू नहुनुः शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट कार्य गर्नेहरूलाई प्रोत्साहन तथा सुधार आवश्यक पर्नेहरूलाई आवश्यक तालिम वा सहयोग प्रदान गर्ने प्रणालीको अभाव रहेको छ, जसले शिक्षकको पेशागत विकासमा बाधा पु¥याइरहेको छ।
- सबै विद्यालयमा समय सापेक्ष अनुसारको भौतिक संरचना नहुनुः धेरैजसो विद्यालयहरूमा आधुनिक शिक्षा प्रणाली अनुसार आवश्यक पर्ने प्रयोगशाला, पुस्तकालय, प्रोजेक्टर, क्ष्रत् कोठा, शौचालय, सुरक्षित पिउने पानी लगायतका भौतिक संरचनाको अभाव देखिन्छ, जसले शिक्षण–सिकाइमा प्रभाव पारिरहेको छ।
- शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिपक्षीय योजना नहुनुः शिक्षा प्रक्रियालाई व्यवस्थित, प्रभावकारी र उत्तरदायी बनाउन शिक्षक, विद्यार्थी र अभिभावकबीच साझा योजना निर्माण तथा नियमित संवादको अभाव रहँदा सिकाइ परिणाममा अपेक्षित सुधार आउन सकेको छैन।
- विद्यालयमा रिक्त रहेको दरबन्दीमा समयमै शिक्षकको व्यवस्थापन नहुनुः विद्यालयहरूमा शिक्षक दरबन्दी रिक्त हुँदा समेत सम्बन्धित निकायबाट समयमै शिक्षकको नियुक्ति वा व्यवस्थापन नहुँदा शिक्षण–सिकाइ नियमित रूपमा सञ्चालन हुन सकिरहेको छैन।
- आवासीय विद्यालयको अभावः दुर्गम तथा जनजाति/दलित, अपाङ्गता भएका विद्यार्थीलाई सुरक्षित आवास र शिक्षाको पहुँच विस्तार गर्न आवश्यक पर्ने आवासीय विद्यालयको अभाव रहेकोले विद्यार्थीको निरन्तर सिकाइमा बाधा उत्पन्न भएको छ।

- कक्षा ८ सम्म स्थानीय पाठ्यपुस्तक नहुनुः स्थानिय सन्दर्भ र आवश्यकतालाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरिए तापनि कक्षा ८ सम्मका लागि उपयुक्त पाठ्यपुस्तकहरुको अभाव हुँदा शिक्षण कार्यमा स्थानीयता झल्किने शिक्षण सिकाइ सम्भव हुन सकेको छैन।
- अनुदान तथा निजी स्रोतका शिक्षकका लागि शिक्षक तालिम नहुनुः अनुदान वा निजी स्रोतबाट नियुक्त गरिएका शिक्षकहरूलाई आवश्यक विषयगत वा सैद्धान्तिक तालिम नदिई विद्यालयमा खटाइने गरिन्छ, जसले उनीहरूको दक्षता र शिक्षण प्रभावकारितामा प्रतिकूल असर पारिरहेको छ।
- तालिम लिएका शिक्षकहरूको तालिमपछिको उपलब्धि मापन नहुनुः शिक्षकले प्राप्त गरेका तालिमपछिको व्यवहारिक प्रभाव, सिकाइ सुधार तथा कक्षा व्यवस्थापनमा आएको परिवर्तनको मूल्याङ्कन नहुनाले तालिमको प्रभावकारिता मापन गर्न कठिन भएको छ ।

## अवसरहरु (Opportunities)

- सबै बालबालिकाहरूको शिक्षा प्राप्तिको सुनिश्चितता तथा पहुँचः गोलन्जोर गाउँपालिकामा सबै उमेर समूहका बालबालिकालाई विद्यालयसम्म पुर्‍याउने तथा उनीहरूलाई शिक्षाको पहुँचभित्र ल्याउने प्रयास प्रभावकारी हुँदै गएको छ, जसले समावेशी तथा समान शिक्षा सुनिश्चित गर्न सहयोग पुर्‍याउने अवसर प्राप्त भएको छ ।
- शैक्षिक जनशक्तिको व्यवस्थापनः गाउँपालिकामा विद्यालयहरूमा कार्यरत शिक्षक तथा शैक्षिक जनशक्तिको व्यवस्थापनमा सुधारको प्रशस्त सम्भावना छ, जसले शिक्षण–सिकाइ प्रक्रियामा स्थायित्व, नियमितता र गुणस्तर प्रदान गर्ने अवसर सिर्जना गरेको छ ।
- प्रविधिमैत्री शिक्षा व्यवस्थापनः सूचना प्रविधिको प्रयोग बढ्दो क्रममा रहेकोले डिजिटल शिक्षण सामग्री, अनलाइन कक्षा, स्मार्ट शिक्षा जस्ता प्रविधिमैत्री अभ्यासले शिक्षा प्रणालीलाई आधुनिक बनाउँदै लैजान सक्ने सम्भावना देखिएको छ ।
- स्थानीय भूगोल र संस्कृतिको सम्बर्धनः गोलन्जोरको समृद्ध भूगोल, संस्कृति र परम्परालाई शिक्षामा समेट्ने अवसर उपलब्ध छ, जसले विद्यार्थीमा स्थानीय पहिचान र संस्कार विकास गर्न सहयोग पुर्‍याउनेछ ।
- स्थानीय स्रोतसाधनको परिचालनः गाउँपालिका भित्रका मानव, प्राकृतिक तथा भौतिक स्रोतसाधनलाई शैक्षिक प्रयोजनका लागि परिचालन गर्न सकिने सम्भावना छ, जसले शिक्षा क्षेत्रमा दिगोपन र आत्मनिर्भरता विकास गर्न मद्दत पुर्‍याउँछ ।
- पढ्दै कमाउँदै गर्ने अवसर प्राप्त हुनुः विद्यालयमा सीपमूलक कार्यक्रमहरूमार्फत विद्यार्थीहरूले सिकाइसँगै आम्दानी गर्न सक्ने अवसरहरू प्राप्त गर्न सक्दछन्, जसले उनीहरूको आर्थिक आत्मनिर्भरता र जीवन उपयोगी सीप अभिवृद्धिमा टेवा पुर्‍याउँछ ।
- २१औं शताब्दी मैत्री बालबालिका उन्मुख शिक्षाः गोलन्जोर गाउँपालिकामा बालमैत्री वातावरण, जीवनपयोगी सीप, समावेशी शिक्षाशैली, र भावनात्मक विकासमा केन्द्रित २१औं शताब्दी अनुरूपको शिक्षण अभ्यासको सम्भावना छ, जसले विद्यार्थीहरूलाई सशक्त, सिर्जनशील र उत्तरदायी नागरिकका रूपमा विकास गर्न मद्दत गर्दछ ।

## चुनौतीहरु (Threats)

विद्यार्थीको रुचि, चाहना र समय सापेक्ष स्थानीय पाठ्यक्रम निर्माण हुन नसक्नुः विद्यार्थीको जिज्ञासा, आवश्यकता तथा स्थानीय सन्दर्भअनुसारको समयसापेक्ष पाठ्यक्रम विकास र निर्माण नहुनु शिक्षण प्रक्रियालाई अनुत्पादक र विद्यार्थीमूलक बनाउन असहज हुने एक प्रमुख चुनौतीका रूपमा देखिएको छ ।

- प्रविधिमैत्री शिक्षण–सिकाइ क्रियाकलापमा चुनौतीः सूचना प्रविधिको पहुँच, पूर्वाधार, दक्ष जनशक्ति तथा सामग्रीको अभावका कारण प्रविधिमा आधारित शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गर्न कठिनाई भइरहेको छ, जसले डिजिटल शिक्षाको लाभ लिनबाट विद्यार्थी वञ्चित भइरहेका छन् ।
- शिक्षक–विद्यार्थी अनुपात व्यवस्थापनमा चुनौतीः केही विद्यालयहरूमा शिक्षकको सङ्ख्या अत्यन्तै कम भएको वा विषयगत शिक्षकको अभाव देखिनुले शिक्षक–विद्यार्थी अनुपात असन्तुलित भएको छ, जसले शिक्षाको गुणस्तरमा प्रतिकूल असर पारिरहेको छ ।
- बालमैत्री विद्यालय व्यवस्थापनमा चुनौतीः विद्यालयमा विद्यार्थीहरूको सुरक्षापूर्ण, समावेशी, सहयोगी र अभिभावकत्वयुक्त वातावरण सिर्जना गर्न अझै पूर्ण रूपमा सफल हुन नसक्दा बालमैत्री विद्यालय व्यवस्थापन कार्यान्वयनमा चुनौती कायम छ ।
- विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने चुनौतीः शिक्षक सरुवा, व्यवस्थापन समिति गठन तथा विद्यालयको निर्णय प्रक्रियामा हुने राजनीतिक प्रभाव र हस्तक्षेपले विद्यालयलाई स्वतन्त्र र शैक्षिक केन्द्रित बनाउन गाह्रो पारिरहेको छ ।
- बौद्धिक वर्गलाई पलायन हुनबाट रोक्न चुनौतीः योग्य, अनुभवी र दक्ष शैक्षिक जनशक्ति सुविधाको खोजीमा शहरी क्षेत्र वा वैदेशिक रोजगारीतर्फ आकर्षित हुनाले गाउँपालिकामा गुणस्तरीय जनशक्ति टिकाइ राख्न कठिनाइ भइरहेको छ ।
- विद्यालयमा विद्यार्थीलाई आकर्षण गर्न नसक्नुः शिक्षणशैली, सिकाइको वातावरण, सहायक गतिविधि तथा बालमैत्री संरचना प्रभावकारी नहुनुले धेरै विद्यालयहरूमा विद्यार्थीहरू आकर्षित हुन नसक्ने अवस्था विद्यमान छ
- सामुदायिक विद्यालयप्रति सकारात्मक धारणा विकास गर्न नसक्नुः अभिभावक र समुदायमा सामुदायिक विद्यालयप्रति विश्वास र गर्वको भावना अभाव रहेकोले ती विद्यालयहरूको महत्व, आवश्यकता र योगदानलाई आत्मसात गराउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- परम्परागत शिक्षण विधिको वाहुल्यताः शिक्षण–सिकाइमा अझै पनि घोकन्ते, शिक्षक केन्द्रित विधि र मूल्याङ्कनको पुरातन तरिकाको प्रभाव हावी रहँदा सिकाइमा सक्रिय सहभागिता, सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा बाधा आइरहेको छ ।
- दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोड्नुः गाउँपालिकामा सञ्चालित दिवा खाजा कार्यक्रमको दीगोपना र पोषणको गुणस्तर सुनिश्चित गर्न यस कार्यक्रमलाई स्थानीय कृषिजन्य उत्पादनसँग समन्वय गरेर सञ्चालन गर्नु आवश्यक छ। यसले विद्यार्थीलाई ताजा र पोषणयुक्त खाजा प्राप्त गराउनुका साथै स्थानीय किसानको आयआर्जनमा समेत टेवा पुर्‍याउनेछ। तर, यसका लागि विद्यालय र कृषक/अभिभावक समूहबीच सहकार्यको संरचना निर्माण गर्नु, बजेट व्यवस्थापन र अनुगमन प्रणाली सुदृढ गर्नु चुनौतीका रूपमा देखिन्छ ।

- हरेक बालबालिकाको घरमा पढाइ कुनाको व्यवस्था गरी अभिभावकलाई समेत सिकाइमा जोड्नुः घरमै बालमैत्री सिकाइ वातावरण निर्माण गर्नु सिकाइको निरन्तरता र गुणस्तरका लागि महत्वपूर्ण छ। तथापि, अधिकांश बालबालिकाको घरमा उपयुक्त स्थान, स्रोतसामग्री वा अभिभावकको साक्षरता तथा समयको अभावले यस्तो अभ्यासमा अवरोध आउन सक्छ। त्यसैले अभिभावकको क्षमता अभिवृद्धि, सरोकारवालासँगको समन्वय तथा विद्यालयको नियमित मार्गदर्शन आवश्यक हुनेछ ।
- बालबालिकाहरूको सिकाइका लागि अभिभावकलाई सक्रिय बनाउनु, अनिवार्य र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नुः बालबालिकाको सिकाइमा अभिभावकको सक्रियता अत्यन्तै महत्वपूर्ण छ। तर, अझै पनि अभिभावक शिक्षामा चासो नलिनु, काममा व्यस्तता वा शिक्षा प्रति उदासीनता देखिनु चुनौतीका रूपमा रहेको छ। त्यस्तै, संविधानले व्यवस्था गरेको अनिवार्य र निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयन अझ सुनिश्चित हुन सकेको छैन। विद्यालयमा आवश्यक शैक्षिक सामग्री, पोशाक, र अन्य सहयोग अभावले विद्यार्थीहरू विद्यालय आउनबाट बञ्चित हुन सक्छन्। यसलाई प्रभावकारी बनाउन अभिभावक जागरण कार्यक्रम, सामाजिक परिचालकको सक्रियता, र अनुगमन संयन्त्र सुदृढ गर्नु जरुरी देखिन्छ ।
- आवश्यकता र मागका आधारमा विद्यालय नक्साङ्कन पुनःस्थापनन र पुनर्वितरण गर्नुः गोलन्जोर गाउँपालिकामा भूगोलिक बनावट, जनङ्ख्याको घनत्व र आवागमनको सुविधा अनुसार विद्यालयको पहुँच सबै स्थानमा सन्तुलित छैन। कतिपय विद्यालयहरूमा विद्यार्थीको सङ्ख्या अत्यधिक हुँदा स्रोत अभाव देखिन्छ भने कतिपय स्थानमा विद्यालयको दूरीले बालबालिका विद्यालय जानबाट बञ्चित छन्। त्यसैले वास्तविक आवश्यकताको मूल्याङ्कन गरेर विद्यालयहरूको स्थान, संरचना र स्रोत पुनः व्यवस्थापन गर्नु ठूलो चुनौती हो। यसका लागि तथ्याङ्कमा आधारित योजना, समुदायको सहभागिता, र स्थानीय निर्णय प्रक्रियामा पारदर्शिता आवश्यक पर्छ ।
- विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास गर्नुः विद्यालय शिक्षा प्रदान गर्ने सुरक्षित, समावेशी र तनावमुक्त वातावरण हुनुपर्छ। तर व्यवहारमा विद्यालयमा हुने राजनीतिक हस्तक्षेप, समुदायमा हुने द्वन्द्व, लैङ्गिक भेदभाव, हिंसा वा दण्डको प्रचलनजस्ता कारणले शान्तिपूर्ण सिकाइ वातावरण कायम गर्न चुनौती देखिन्छ। त्यसैले विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास गर्न सबै सरोकारवालाको साझा प्रतिबद्धता, शान्ति शिक्षा, बालमैत्री व्यवहार र विद्यालय व्यवस्थापनमा पारदर्शिता आवश्यक छ ।

## १.४ अवसर

- आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशूल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्न संवैधानिक, कानुनी नीतिगत व्यवस्था
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ जारी
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ले स्थानीय तहलाई शिक्षा सम्बन्धि २३ ओटा अधिकार प्रदान गरेको
- गोलन्जोर गाउँ शिक्षा ऐन र नियमावली निर्माण गरी कार्यन्वयनमा रहेको
- शिक्षामा लगानी गर्न स्थानीय सरकार प्रतिबद्धता
- स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार
- स्थानीय तहको शिक्षाको क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको क्रियाशीलता र सहयोग

- आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र प्रयोग
- गुणस्तरीय शिक्षा प्रति सम्पूणय सरोकारवालाहरुको चासो

# परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

### २.१.१ संवैधानिक प्रावधान

**नेपालको संविधान २०७२को धारा ३१ शिक्षा सम्बन्धी हकः**

उपधारा -१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

उपधारा -२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

उपधारा -३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

उपधारा -४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

उपधारा -५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ३८. महिलाको हकः -शिक्षा सम्बन्धी मात्र)**

उपधारा -५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

**धारा ३९. बालबालिकाको -शिक्षा सम्बन्धी मात्र)**

उपधारा -२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

उपधारा -३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

उपधारा -७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै प्रकारको यातना दिन पाइने छैन ।

उपधारा -९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित वा जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सहायता पाउने हक हुनेछ ।

**धारा ४० दलितको हकः -शिक्षा सम्बन्धी मात्र)**

उपधारा -२) दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

## धारा ४२. सामाजिक न्यायको हकः -शिक्षा सम्बन्धी मात्र)

उपधारा-२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

उपधारा-५) नेपालमा अग्रगामी रूपान्तरणका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

## धारा ५१ राज्यका नीतिहरुः -ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति-शिक्षा सम्बन्धी मात्र)

-१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान र राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

-२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

-३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

-४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवद्र्धन गर्ने,

## २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

## दफ ११ -२) ज -स्थानीय तहको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार)

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामाकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत शिक्षाको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति  तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय  र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियम

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान  तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

### २.१.५ शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९

### २.१.६ गोलन्जोर गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७४ र शिक्षा नियमावली २०७४

## २.२ दूरदृष्टि

æगोलन्जोर गाउँपालिकाको इच्छा, युगानुकूल ज्ञान, सीप, समावेशी र प्रविधिमैत्री गुणस्तरीय शिक्षाæ

## २.३ लक्ष्य

शिक्षामा सबै बालबालिका र युवाको पहुँच सुनिश्चिततासहितको प्रतिस्पर्धात्मक समावेशी गुणस्तरीय शिक्षाबाट रोजगारमूलक र उत्पादनमुखी सक्षम जनशक्ति विकास गर्नु ।

## २.४ उद्देश्यहरु

गोलन्जोर गाउँपालिकाको शैक्षिक विकास र शिक्षाको गुणस्तर सुधारमा केन्द्रित यो पाँचवर्षे शिक्षा योजनाले तय गरेको दूरदृष्टि र लक्ष्यहरू हासिल गर्न निम्नअनुसारका उद्देश्यहरू निर्धारण गरिएका छन्ः

- प्रारम्भिक बालशिक्षालाई खेलमा आधारित, पोषणयुक्त र बालमैत्री बनाउँदै बालविकास केन्द्रहरूको सुदृढीकरण गर्नु
- सबै बालबालिकाका लागि निःशुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षाको प्रत्याभूति गर्दै विद्यालय भर्ना र नियमित उपस्थिति बढाउनु
- माध्यमिक तहलाई प्रविधिमैत्री र निःशुल्क बनाउँदै आवश्यक भौतिक एवं शैक्षिक पूर्वाधारको विकास गर्नु
- बजारको मागअनुसार युवाहरूलाई आत्मनिर्भर बनाउन स्वरोजगारमूलक, प्राविधिक र व्यावसायिक शिक्षाको दायरा बढाउनु
- स्थानीय परिवेश सुहाउँदो र समयसापेक्ष स्थानीय पाठ्यक्रमको निर्माण गरी विद्यार्थीमा जीवनोपयोगी ज्ञान र सीपको विकास गर्नु
- गुणस्तरीय शिक्षाका लागि शिक्षकहरूलाई आवश्यकतामा आधारित तालिम र पेसागत सहयोग उपलब्ध गराउनु
- शिक्षण सिकाइलाई सूचना प्रविधिसँग जोड्नु र विपत् वा सङ्कटको समयमा पनि सिकाइलाई निरन्तरता दिनु
- अपाङ्गता भएका, गरिब तथा विपन्न वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै गाउँपालिकालाई पूर्ण साक्षर बनाउनु
- विद्यालयको कार्यसम्पादन र आवश्यकताका आधारमा बजेट -लगानी) वृद्धि गर्दै समग्र भौतिक तथा शैक्षिक पक्षमा सुधार गर्नु
- शिक्षाको गुणस्तर सुधार्न विभिन्न साझेदार संस्थाहरूसँग सहकार्य गर्नुका साथै अभिभावकहरू मार्फत विद्यालयको नियमित अनुगमन गराउनु

## २.५ रणनीतिहरु

गोलन्जोर गाउँपालिकाको यस पञ्चबर्षिय शिक्षा योजनाले अवलम्बन गरेका उद्देश्यहरु प्राप्तिहेतु आगामी पाँच बर्षका लागि निम्नानुसार रणनीतिहरु तय गरिएका छन्ः

- प्रारम्भिक बालविकास र शिक्षालाई सबै बालबालिकाको पहुँचमा ल्याउने गरी आवश्यक स्थानमा केन्द्रहरूको स्थापना, पुनः वितरण तथा नक्साङ्कनको माध्यमबाट गुणस्तरीय सेवा विस्तार गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि लगानी अभिवृद्धि, जनशक्ति विकास तथा सबलीकरण गर्ने ।

- विद्यालयहरूको स्थान, सङ्ख्या र पहुँचलाई विचार गर्दै नक्साङ्कन, पुनः वितरण र समायोजन गरी विद्यालय व्यवस्थापनमा सुधार गर्ने।
- सबैका लागि निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्दै शैक्षिक उपलब्धिमा वृद्धि गर्ने।
- दक्ष र योग्य शिक्षकहरूलाई सम्मानका साथ व्यवस्थापन गर्दै विषय विशेषज्ञ शिक्षकहरूको सुनिश्चितता गर्ने।
- उच्च शिक्षामा सबै विद्यार्थीको सहज पहुँच सुनिश्चित गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत रोजगारीमुखी जनशक्ति उत्पादनमा जोड दिने।
- राष्ट्रिय पाठ्यक्रमलाई समयसापेक्ष बनाउँदै स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्ने।
- शैक्षिक क्षेत्रमा सरोकारवालाको सक्रिय सहभागिता बढाउँदै निजी तथा सरकारी स्रोतबाट लगानीमा वृद्धि गर्ने।
- गुणस्तरीय शिक्षामा समान पहुँच र सुनिश्चितताको प्रत्याभूति गर्ने।
- प्रभावकारी सिकाइ सुनिश्चित गर्नका लागि अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू सहित स्मार्ट विद्यालय अवधारणालाई कार्यान्वयन गर्ने ।
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा आवश्यक सुधार गर्ने।
- अनौपचारिक र निरन्तर सिकाइका कार्यक्रमहरूमा पर्याप्त लगानीको व्यवस्था गर्ने।
- अपाङ्गता भएका व्यक्ति, गरिब तथा सीमान्तकृत परिवारका नागरिकहरूलाई लक्षित गरी आयआर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
- संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय, सहकार्य र साझेदारीमा आधारित शैक्षिक कार्यक्रमहरू अगाडि बढाउने।
- सबै नागरिकलाई साक्षरताको अवसर, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरु उपलब्ध गराउने।

## २.६ कार्यनीतिहरुः

यस पञ्चवर्षीय स्थानीय शिक्षा योजनाले निर्धारण गरेका रणनीतिहरूलाई व्यवहारमा रूपान्तरण गर्नका लागि आगामी पाँच वर्षमा लागू हुने कार्यान्वयनगत गतिविधिहरू निम्नानुसार तय गरिएको छः

- प्रचलित मापदण्ड, निर्देशिका र संरचनाका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि बालविकास केन्द्रहरूको नक्साङ्कन, पुनः वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरू स्थापना गरिनेछ।
- प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम परिमार्जन तथा प्रवद्र्धन गरी आवश्यकतालाई मध्यनजर राखी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विद्यालयहरूको पुनः नक्साङ्कन, पुनः वितरण र समायोजनका माध्यमबाट सञ्चालन र व्यवस्थापनमा सुधार ल्याइनेछ।

- विद्यालय सुधारका लागि शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयन गर्दै विद्यालय व्यवस्थापनमा सरोकारवालाको सहभागिता र उत्तरदायित्व सुनिश्चित गरी शैक्षिक र आर्थिक पारदर्शितामार्फत सुशासन कायम गरिनेछ।
- शिक्षकको व्यावसायिक विकासका लागि प्रभावकारी सहयोग प्रणाली स्थापना गरी दक्ष, सक्षम तथा इमानदार शिक्षकको व्यवस्थापन र विषय विशेषज्ञहरूको सुनिश्चितता गरिनेछ।
- विद्यालय शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानी प्रवद्र्धन गर्दै लगानी वृद्धि गरिनेछ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा तदनुसारका पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयनसँगै स्थानीय पाठ्यक्रमहरू पनि लागू गरिनेछ।
- गुणस्तरीय सार्वजनिक शिक्षाको प्रत्याभूति गर्न विद्यालयमा आवश्यक भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्तिको प्रभावकारी व्यवस्थापन गरिनेछ।
- साक्षरता तथा निरन्तर सिकाइ कार्यक्रमहरूको पहुँच, व्यवस्थापन र कार्यान्वयनमा सुदृढता ल्याइनेछ।
- प्राविधिक र व्यावसायिक शिक्षामा समतामूलक पहुँच विस्तार गर्दै तालिम प्राप्त जनशक्तिलाई श्रम बजारसँग जडान गरिनेछ।
- विपत् र जोखिमका अवस्थामा पनि सिकाइको निरन्तरता सुनिश्चित गर्ने लचकदार प्रणालीको विकास गरिनेछ।
- उच्च शिक्षामा सबैका लागि पहुँच विस्तार गर्न सम्बन्धित संस्थाहरूको स्थापना तथा सुदृढीकरणमा सहकार्य र समन्वय गरिनेछ।
- अभिभावक तथा सरोकारवाला पक्षको सहभागिता बढाउँदै समावेशी र समान शिक्षाका लागि विभिन्न निकायहरूसँग सहकार्य र समन्वय गरिनेछ।
- सङ्घ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य, सहसम्बन्ध र समन्वयको भावना अनुसार शिक्षा सम्बन्धी कार्यक्रमहरू अघि बढाइनेछ।
- मानव स्रोत विकासका लागि आवश्यक कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरिनेछ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सबल बनाइनेछ।
- निःशुल्क र अनिवार्य आधारभूत तथा माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनमार्फत शैक्षिक उपलब्धीमा वृद्धि गरी शिक्षाको गुणस्तर सुधार गरिनेछ।
- शैक्षिक विकासका लागि उपलब्ध स्रोतको प्रभावकारी उपयोगमा विद्यालयलाई उत्तरदायी बनाउँदै वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि र वित्तीय सुशासन सुनिश्चित गरिनेछ।
- शैक्षिक विकासका लागि विभिन्न साझेदार संस्थासँग सहकार्य र समन्वयलाई प्रभावकारी बनाइनेछ।
- शिक्षा क्षेत्रमा कार्यरत निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक कानुनी र मार्गनिर्देशक संरचनाहरू निर्माण गरिनेछ।
- अनुगमन तथा मूल्याङ्कनलाई शैक्षिक प्रणालीको अभिन्न अङ्गको रूपमा विकास गर्दै त्यसका आधारमा लगानीको योजना बनाइनेछ।
- अनुगमन र मूल्याङ्कनका लागि आवश्यक संरचना तथा जनशक्ति व्यवस्थापन गर्दै तिनको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## २.७ अपेक्षित उपलब्धी

- गोलन्जोर गाउँपालिकामा बालमैत्री, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था गरिएको हुनेछ ।
- सबैको पहुँचमा निःशुल्क, गुणस्तरीय र समावेशी आधारभूत शिक्षाको प्रत्याभूति भएको हुनेछ ।
- विद्यालयका शैक्षिक क्रियाकलाप तथा कार्यक्रमहरूलाई प्रविधिमैत्री बनाइनेछ, जसले सूचना व्यवस्थापन तथा सिकाइ प्रक्रियालाई सुदृढ भएको हुनेछ ।
- शिक्षा सेवामा परिणाममुखी सुधार ल्याउन शिक्षाको गुणस्तर अभिवृद्धि हुनेछ ।
- माध्यमिक शिक्षा समतामूलक, पहुँचयोग्य, सान्दर्भिक, प्रविधिमैत्री, गुणस्तरीय र निःशुल्क बनाइएको हुनेछ ।
- उच्च शिक्षामा पहुँच वृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि प्रतिस्पर्धी, उद्यमशील र सकारात्मक सोच भएका मानव संसाधनको विकास हुनेछ ।
- अनौपचारिक तथा निरन्तर शिक्षामा लगानी गर्दै गाउँपालिकालाई पूर्ण साक्षर बनाउने अभियान सञ्चालन गरिनेछ ।
- शिक्षा क्षेत्रमा सबै सरोकारवालाको सक्रियता र सहकार्य वृद्धि गरिनेछ, विशेष गरी आम अभिभावक र समुदायको सहभागिता सशक्त बन्नेछ ।
- विद्यालयहरूको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्दै विद्यालयको विकास, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी हुनेछ ।
- विद्यार्थीहरूलाई जीवनोपयोगी ज्ञान, सीप र सोचको विकास गराई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार पार्न पाठ्यक्रम तथा सामग्री समयसापेक्ष बनाई प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
- विद्यार्थीहरूको आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच वृद्धि गरिनेछ । यसैका आधारमा गाउँपालिकाभित्रै रोजगारी र सीप विकासका अवसरहरू सिर्जना हुनेछ ।
- विद्यालय शिक्षा सुधारका लागि आवश्यक पर्ने वित्तीय, प्राविधिक तथा संस्थागत सहयोगको लागि साझेदार निकायहरूसँग समन्वय र सहकार्य भएको हुनेछ ।
- गुणस्तरीय शिक्षाका लागि योग्य, सक्षम, उत्प्रेरित, समर्पित र प्रतिबद्ध शिक्षकको व्यवस्था गरिनेछ । शिक्षकलाई आवश्यकतामा आधारित पेशागत सहयोग र क्षमता विकासको व्यवस्था गरिएको हुनेछ ।
- सबै विद्यालयमा आवश्यकता, माग र कार्यसम्पादनको आधारमा लगानी वृद्धि भएको हुनेछ ।
- शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना तथा जनशक्ति क्षमता सुदृढ गरिनेछ ।
- आपतकालीन तथा विपद् अवस्थाहरूमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने उपायहरूको कार्यान्वयन गरिएको हुनेछ ।
- अपाङ्गता भएका, गरिब तथा विपन्न परिवारका बालबालिकालाई लक्षित गर्दै आयआर्जन तथा सीप विकास कार्यक्रमसँग जोडेर शिक्षामा पहुँचको सुनिश्चितता भएको हुनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

### १. प्रारम्भिक बालविकास र शिक्षा

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको सा्रेत |
|---|---|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर-%) | स्थानीय | ८८.५ | ८८.४ | ८८.३ | ८८.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका-%) | स्थानीय | ७४.५ | ८० | ८६ | ९२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

### २ आधारभूत शिक्षा -कक्षा१–८)

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको सा्रेत |
|---|---|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर -%) | स्थानीय | ९५.२ | ९६.५ | ९८.० | ९९.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर-%) | स्थानीय | १०५.१ | १०३.० | १०१.५ | १००.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.३ | आधारभुत तह -कक्षा १–५) मा खुद भर्ना दर-%) | स्थानीय | ९७.२ | ९७.८ | ९८.५ | ९९.८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.४ | आधारभुत तह -कक्षा १–५) मा कुल भर्ना दर-%) | स्थानीय | १३४.२ | १३०.५ | १२२.० | ११०.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.५ | आधारभुत तह -कक्षा ५) मा खुद प्रवेश दर-%) | स्थानीय | ८८.५ | ९१.० | ९४.५ | ९७.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.६ | आधारभुत तह कक्षा ५ मा कुल प्रवेश दर-%) | स्थानीय | ९४.२ | ९५.५ | ९७.० | ९८.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७ | आधारभुत तह कक्षा ५ सम्म टिकाउ दर-%) | | स्थानीय | ८५.० | ८८.५ | ९२.० | ९५.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.८ | आधारभुत तह कक्षा ५पूरा गर्ने दर-%) | | स्थानीय | ८२.५ | ८६.० | ९०.५ | ९४.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.९ | आधारभुत तह -कक्षा१ –५) मा भर्ना भएका ५–९वर्ष उमेर भन्दा माथिका बालबालिका-%) | | स्थानीय | ५.३ | ४.५ | ३.० | १.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१० | आधारभुत तह कक्षा -१–५) कुल भर्ना दर मा लैङ्गिक समता सूचकाङ्क -%) | | स्थानीय | ९८.० | ९९.० | ९९.५ | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.११ | आधारभुत तह -कक्षा १–८) मा खुद भर्ना दर-%) | | स्थानीय | ९४.० | ९५.० | ९७.५ | ९९.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१२ | आधारभुत तह -कक्षा १–८) मा कुल भर्ना दर-%) | | स्थानीय | १२६.५ | १२२.० | ११५.५ | ११०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१३ | आधारभुत तह कक्षा ८ सम्मको टिकाउ दर-%) | | स्थानीय | ७६.५ | ८१.० | ८६.५ | ९१.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१४ | आधारभुत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर-%) | | स्थानीय | ७४.० | ७९.५ | ८५.० | ९०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१५ | आधारभुत तह कक्षा -१–८) कुल भर्ना दर मा लैङ्गिक समता सूचक -%) | | स्थानीय | ९७.५ | ९८.५ | ९९.५ | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका -कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको संख्या%-) | नेपाली भाषा | स्थानीय | ५१ | ५४ | ५८ | ६२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४६ | ४८ | ५१ | ५४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा | नेपाली | स्थानीय | ४५ | ४८ | ५१ | ५५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका -कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको संख्या %) | भाषा | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४१ | ४३ | ४६ | ४९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ३८ | ४१ | ४५ | ४८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका -कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको संख्या %) | नेपाली भाषा | स्थानीय | ४७ | ५० | ५३ | ५८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ३६ | ३८ | ४१ | ४४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४० | ४२ | ४४ | ४६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ४० | ४२ | ४५ | ४७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका %) | आधारभुत तह-कक्षा १–५) | स्थानीय | १२ | ९ | ५ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | आधारभुत तह-कक्षा १–८) | स्थानीय | ९ | ६ | ३ | ० | | |
| | | | प्रदेश | | | ् | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.२० | आधारभुत तह-कक्षा १–८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षक सङ्ख्या -%) | | स्थानीय | ४१.१२ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

**३. माध्यमिक शिक्षा -कक्षा ९–१२)**

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको सा्रेत |
|---|---|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक शिक्षा -कक्षा ९–१२)मा खुद भर्ना दर | स्थानीय | ५३.७ | ५६.० | ६२.५ | ७०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | -%) | | | | | | | | |
| ३.२ | माध्यमिक शिक्षा -कक्षा ९–१२) मा कुल भर्ना दर-%) | स्थानीय | | ७३.२ | ७८.० | ८३.५ | ८८.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक-कक्षा ९–१२) | स्थानीय | | ९६.२ | ९७.५ | ९९.० | १००.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.४ | आधारभुत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर -%) | स्थानीय | | ८८.५ | ९१.२ | ९४.० | ९७.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.५ | कक्षा १मा भर्ना भएका बालबालिका मध्ये कक्षा १०मा पुग्ने दर -%) | स्थानीय | | ६८.२ | ७३.० | ७९.५ | ८६.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.६ | कक्षा १मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२मा पुग्ने दर -%) | स्थानीय | | ३२.४ | ३७.५ | ४४.० | ५२.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.७ | माभ्यमिक तह कक्षा-९–१२)मा कार्यरत महिला शिक्षक संख्या -%) | स्थानीय | | २२.५८ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.८ | कक्षा १०का विद्यार्थी सिकाई उपलब्धि -अङ्कमा) | नेपाली भाषा | स्थानीय | ४८ | ५२ | ५६ | ६१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ३३ | ३५ | ३८ | ४२ | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ३९ | ४२ | ४५ | ४८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४२ | ४६ | ५० | ५५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

### ४. जीवनपर्यन्त शिक्षा तथा सिकाई र अनौपचरिक शिक्षा

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको सा्रेत |
|---|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर -५ वर्ष भन्दा माथि) -%) | स्थानीय | ७७.७५ | ७९ | ८३ | ८८ | | |
| | | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ७६.२ | | | | | |
| ४.२ | साक्षरता दर -६ वर्ष भन्दा माथि) -%) | स्थानीय | ७८.९ | ८१ | ८३ | ८५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ४.३ | साक्षरता दर -१५–२४ वर्ष उमेर समूह) -%) | स्थानीय | ९४.३ | ९५ | ९६ | ९७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता-५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

### ५.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम

| क्र.स | सूचक | सूचकको तह | | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको सा्रेत |
|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति -%) | स्थानीय | | १ | ५ | ७ | १० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ५.२ | प्राविधिक तथा | स्थानीय | छात्रा | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यावसायिक शिक्षा-कक्षा९–१२ वा डिप्लोमा वा प्रि डिप्लोमा वा सो सरह)उत्तीर्ण जनशक्ति -वार्षिक संख्या) | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |

## ६. सुशासन तथा व्यवस्थापन

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको सा्रेत |
|---|---|---|---|---|---|---|---|---|
| ६.१ | आधारभूत तह -कक्षा१–५)मा विद्यार्थीः शिक्षक अनुपात -सामुदायिक विद्यालय) | स्थानीय | ११:१ | ११:१ | ११:१ | ११:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.२ | आधारभूत तह -कक्षा६–८)मा विद्यार्थीः शिक्षक अनुपात -सामुदायिक विद्यालय) | स्थानीय | २३:१ | २३:१ | २३:१ | २३:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.३ | आधारभूत तह-कक्षा-१–८)मा विद्यार्थीः शिक्षक अनुपात -सामुदायिक विद्यालय) | स्थानीय | १४:१ | १४:१ | १४:१ | १४:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.४ | माध्यमिक तह -कक्षा९–१०)मा विद्यार्थीः शिक्षक अनुपात -सामुदायिक विद्यालय) | स्थानीय | १५:१ | १५:१ | १५:१ | १५:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.५ | माध्यमिक तह -कक्षा९–१२)मा विद्यार्थीः शिक्षक अनुपात -सामुदायिक विद्यालय) | स्थानीय | २०:१ | २०:१ | २०:१ | २०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

## ७. शिक्षामा लगानी

| क.स | सूचक | सूचकको तह | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट -%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.२ | आधारभूत तह -कक्षा१–८)मा प्रति विद्यार्थी सरकारी खर्च -रु हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.३ | माध्यमिक तह -कक्षा९–१२)मा प्रति विद्यार्थी सरकारी खर्च-रु हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

# परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास भन्नाले गर्भधारण देखि ८ वर्षसम्मका बालबालिकाको समग्र विकासलाई बुझिन्छ, जसमा शारीरिक, मानसिक, सामाजिक, बौद्धिक, संवेगात्मक तथा भाषिक पक्षहरूको विकास समावेश हुन्छ। प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति -२०७७–२०८८) अनुसार, बालबालिकाको प्रारम्भिक अवस्था जीवनको आधारशिला हो, जहाँ उनीहरूको मस्तिष्क विकास सबैभन्दा तीव्र हुन्छ। यस अवस्थामा प्रदान गरिने उचित संवेदनशील स्याहार, पर्याप्त पोषण, सुरक्षा र संरक्षण, राम्रो स्वास्थ्य सेवा, उत्प्रेरणा र सिकाइ तथा उत्तरदायित्वपूर्ण अभिभावकत्व नै भविष्यको सिकाइ, स्वास्थ्य, व्यवहार र उत्पादकत्वको आधार हो।

यो अवधिमा राज्य, परिवार, समुदाय तथा सरोकारवालाबीचको सहकार्य अत्यन्त महत्वपूर्ण मानिन्छ, जसले बालवालिकाको अधिकार सुनिश्चित गर्नुका साथै समावेशी, पहुँचयुक्त र गुणस्तरीय सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्य लिएको छ। उक्त रणनीतिले विशेष गरी समावेशी शिक्षण पद्धति, अभिभावक शिक्षाको सशक्तिकरण, बालमैत्री पूर्वाधार र अन्तः क्षेत्रीय समन्वयलाई जोड दिएको छ।

प्रारम्भिक बाल विकास तथा शिक्षा र यसको अवस्था

प्रारम्भिक बालविकास तथा शिक्षा भन्नाले ४८ महिना पुरा गरेका बालबालिकादेखि ६० महिनासम्मका बालबालिकालाई लक्षित एक वर्षे पूर्वतयारी कार्यक्रमलाई जनाइन्छ, जसलाई सामान्यतया प्रारम्भिक बालविकास शिक्षा भनिन्छ। यो कार्यक्रम बालबालिकाको कक्षा १ मा भर्ना पूर्व सिकाइ अनुभव प्रदान गर्ने उद्देश्यले तयार गरिएको हो, जसले बालबालिकालाई आधारभूत तहको औपचारिक शिक्षाका लागि सर्वाङ्गीण विकास गरि तयार बनाउँछ। यस कार्यक्रममा शिक्षण क्रियाकलापहरू खेल तथा मनोरञ्जनात्मक विधि मार्फत सिकाइमा आधारित हुन्छन्, जसले बालबालिकाको जिज्ञासा र रुचिलाई प्रोत्साहन गर्दछ। सिकाइ वातावरण बालमैत्री बनाइन्छ, जहाँ बालबालिकाले स्वतन्त्रता, सुरक्षा र स्याहारको अनुभूति गर्न सकून् भन्ने प्राथमिकता दिइन्छ। शिक्षणको प्रभावकारिता वृद्धि गर्न शिक्षकहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी आवश्यक तालिम प्रदान गरिन्छ। साथै, समुदाय र अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गर्दै अभिभावक शिक्षालाई पनि सिकाइ प्रक्रियामा समावेश गरिन्छ, जसबाट बालबालिकाको समग्र विकासमा सकारात्मक प्रभाव पार्न सकिन्छ।

प्रारम्भिक बालविकास तथा शिक्षा केवल विद्यालय जानुअघि बालबालिकालाई तयारी गराउने कार्यक्रम मात्र होइन, यो बालबालिकाको जीवनको सबैभन्दा संवेदनशील चरणमा प्रदान गरिने गुणस्तरीय स्याहार, सिकाइ र संरक्षणको अनुपम संयोजन हो। नेपाल सरकारको शिक्षा नीतिहरू, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७ लगायतका दस्तावेजहरूमा प्रारम्भिक बालविकास तथा शिक्षालाई शिक्षा प्रणालीको पहिलो र अनिवार्य आधारका रूपमा मानिएको छ। त्यसैगरी नेपाल सरकारले प्रारम्भिक बालविकास तथा शिक्षालाई सन् २०३० सम्मको

दिगो विकास लक्ष्य (SDG ४.२) अन्तर्गत महत्वपूर्ण प्राथमिकताका रूपमा लिएको छ, जसअनुसार सन् २०३० भित्र सबै बालबालिकाले गुणस्तरीय प्रारम्भिक बालविकास सेवा र पूर्वप्राथमिक शिक्षा प्राप्त गर्न सक्ने सुनिश्चितता गरिनु पर्नेछ।

गोलन्जोर गाउँपालिकामा सञ्चालित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा हाल ३०० जना छात्रा र ३८५जना छात्र गरी जम्मा ६८५जना बालबालिका सहभागी छन्। गाउँपालिकाको प्रारम्भिक बालविकास शिक्षाको सामान्य भर्ना दर GER) ११३.४ प्रतिशत रहेको छ भने खुद भर्ना दर -(NER ) ८०.० प्रतिशत मात्र रहेको छ। कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभवसहित प्रवेश गर्ने बालबालिकाको अनुपात ७४.५ प्रतिशतमा सीमित छ, जसले प्रारम्भिक शिक्षामा पहुँच र निरन्तरताको चुनौतीलाई सङ्केत गर्दछ।

हाल गाउँपालिकाभित्रका सबै बालविकास केन्द्रहरूमा ६२ महिला शिक्षक -सहजकर्ता) मात्र कार्यरत छन्, जसको सहभागिता १०० प्रतिशत देखिन्छ। उनीहरूको शैक्षिक योग्यता एसईई वा सो सरह रहेको भए तापनि आधुनिक सूचना प्रविधि, समावेशी शिक्षण विधि तथा पेसागत सिप विकासका लागि कुनै विशेष तालिम प्राप्त गरेको पाइदैन। यसले शिक्षण प्रक्रिया गुणस्तरीय र बालमैत्री बनाउन कठिनाइ उत्पन्न गराएको छ। त्यस्तै, धेरैजसो बालविकास केन्द्रहरूमा भौतिक पूर्वाधार को अभाव, कक्षाकोठाको न्यूनतम सुविधा, दक्ष जनशक्तिको कमी, तथा तालिम नपाएका शिक्षकहरूको उपस्थितिले सिकाइ वातावरण कमजोर बनाएको छ। बालबालिकाको अनियमित उपस्थिति, अभिभावकसँग शिक्षा सम्बन्धी पूर्वतयारी तथा योजनाको अभाव हुने अवस्था समेत देखिएको छ।

साथै, केन्द्रहरूलाई आवश्यक सेवा, स्रोत र सुविधा प्रदान गर्ने जिम्मेवारीमा स्थानीय सरकार र विद्यालयहरूबाट पर्याप्त चासो र लगानी नहुँदा, गुणस्तरीय प्रारम्भिक बाल शिक्षाको प्रत्याभूति दिन नसकिएको यथार्थ देखिन्छ। यी सबै पक्षहरूले गोलन्जोर गाउँपालिकाको प्रारम्भिक बालविकास केन्द्रहरू अझै पनि चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको स्पष्ट सङ्केत गर्दछ।

### ३.१.२ उद्देश्यहरु

- बालबालिकाको समग्र विकास -(Holistic Development)) मा जोड दिनु
- शारीरिक, सामाजिक–भावनात्मक, संज्ञानात्मक, भाषिक र नैतिक पक्षहरूमा सन्तुलित विकास गराउनु
- सिक्न सक्ने क्षमता, जिज्ञासु स्वभाव र आत्मविश्वास विकास गराउँदै कक्षा १ को लागि पूर्ण तयारी गराउनु
- बालमैत्री, समावेशी र स्थानीय सन्दर्भसंग मेल खाने पाठ्यक्रम तथा शिक्षण विधिहरू प्रयोग गर्नु

### ३.१.३ रणनीतिहरु

यस शिक्षा योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि निम्न रणनीतिहरु अवलम्बन गरिनेछ:

- स्थानीय सन्दर्भ र आवश्यकता अनुरूप बालविकास रणनीति तथा पाठ्यक्रमको विकासः गोलन्जोर गाउँपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी बनाउन स्थानीय आवश्यकता, सामाजिक सन्दर्भ र बालबालिकाको विकासात्मक चरणलाई सम्बोधन गर्ने गरी बालविकास रणनीति तथा बालमैत्री, खेलआधारित प्रारम्भिक बाल शिक्षा पाठ्यक्रम तर्जुमा गर्नेछ। पाठ्यक्रमको नवप्रवर्तनले शिक्षण–सिकाइलाई अझ सान्दर्भिक र आकर्षक बनाउनेछ।

- बालविकास केन्द्रहरूको विस्तार र गुणस्तर अभिवृद्धिः जनसांख्यिक आवश्यकता, भौगोलिक पहुँच र समावेशीतालाई ध्यानमा राखी समुदायमा आधारित नयाँ बालविकास केन्द्रहरूको स्थापना, नक्साङ्कन तथा पुनःवितरण गरिनेछ। साथै, विद्यमान केन्द्रहरूको शैक्षिक, भौतिक र प्रशासनिक गुणस्तर सुधार गरिनेछ।
- बालविकास शिक्षक -सहजकर्ता) को क्षमता अभिवृद्धि र घुम्ती बैठक कार्यक्रमः बालविकास शिक्षकहरूको व्यावसायिक विकासका लागि नियमित तालिम, शिक्षण सिकाइ सामग्रीको प्रयोगमा दक्षता अभिवृद्धि, तथा अनुभव आदानप्रदानका लागि ...घुम्ती बैठक -(Mobile Meeting)' कार्यक्रम सञ्चालन गरिनेछ। यसले कक्षाकोठा सञ्चालन गर्दा आइपर्ने समस्या समाधान र नवप्रवर्तनशील अभ्यासहरू प्रवद्र्धन गर्नेछ।
- अभिभावक शिक्षा र सामुदायिक सचेतना अभिवृद्धिः बालबालिकाको समुचित विकासका लागि अभिभावक शिक्षाका कार्यक्रम, अभिभावकको भूमिकाबारे सचेतना, घरमैत्री सिकाइ वातावरण र संरक्षणमा आधारित गतिविधिहरू सञ्चालन गरिनेछन्। समुदायस्तरमा सचेतना अभिवृद्धि कार्यक्रम मार्फत प्रारम्भिक बालविकासको महत्वबारे जानकारी विस्तार गरिनेछ।
- पोषण, स्वास्थ्य र सुरक्षा कार्यक्रमसँगको समायोजनः प्रारम्भिक बालविकास सेवा प्रणालीलाई समग्र बनाउँदै पोषण, स्वास्थ्य र बाल संरक्षण कार्यक्रमहरूसँग समायोजन गरिनेछ। विद्यालय नजिकका स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयंसेविकासँग सहकार्य गरी स्वास्थ्य, पोषण, शिक्षा, नियमित स्वास्थ्य परीक्षण र सरसफाइ कार्यक्रमहरू सञ्चालित गरिनेछन्।
- स्वास्थ्य–सम्बन्धी बालविकास रणनीति तर्जुमाः बालबालिकाको समग्र विकास सुनिश्चित गर्न स्वास्थ्य सम्बन्धी बालविकास रणनीति निर्माण गरिनेछ, जसले बालबालिकाको पोषण, नियमित स्वास्थ्य जाँच, खोप सेवा, सरसफाइ व्यवस्थापन आदिमा मार्गदर्शन प्रदान गर्नेछ।
- समावेशी प्रारम्भिक बालविकासः अपाङ्गता भएका, लोपोन्मुख, सीमान्तकृत र कमजोर आर्थिक पृष्ठभूमिका बालबालिकाका लागि समावेशी शिक्षण रणनीति, पहुँच अभिवृद्धि कार्यक्रम, सिकाइ तथा खेल सामग्री र शिक्षक तालिमका विशेष नमूना विकास गरिनेछन्।
- समुदायमा आधारित प्रारम्भिक बालविकास सेवा प्रवाहः स्थानीय जनसहभागितामा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूलाई सुदृढ गर्दै सामुदायिक स्वामित्व, गाउँपालिकाको नीति सुहाँउदो र लागत साझेदारीका आधारमा कार्यक्रमहरूलाई दिगो बनाइनेछ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- सबै बालविकास केन्द्रले नयूनतम मापदण्ड पुरा गरेको हुनेछ ।

**ख) नतिजा**

- सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन भएका हुनेछन् ।

- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई लैजान र लिन आउन अभिभावक तथा विद्यालय जिम्मेवार हुनेछन् ।
- बालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षको अनुभव सहित कक्षा १मा प्रवेश गर्ने वातावरण तयार भएको हुनेछ ।
- सबै प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ताहरु मन्टेश्वरीमा आधारित तालिम प्राप्त हुनेछन् ।

### ३.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र. सं. | क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरू, नीति नियम तथा पाठ्यक्रम सम्बन्धमा बालविकास सहजकर्ता, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई जानकारी प्रदान गर्ने तथा क्षमता अभिवृद्धिका कार्यक्रम गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका, वडा समिति र विद्यालय |
| २ | जनसांख्यिक आवश्यकता, भौगोलिक पहुँच र समावेशीतालाई ध्यानमा राखी समुदायमा आधारित नयाँ बालविकास केन्द्रहरूको स्थापना, नक्साङ्कन तथा पुनःवितरण गरिनेछ । | पटक | | १ | | | १ | २ | गाउँपालिका, वडा समिति र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाका लागि अभिभावक,समूदाय तथा अन्य सरोकारवाला तथा निजीक्षेत्रसँगको समन्वय र सहकार्य गरिनेछ । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका, वडा समिति र विद्यालय |
| ४ | प्रारम्भिक बालविकास केन्द्रहरूमा आवद्ध बालबालिकासँगै विभिन्न कारणवश केन्द्रमा सहभागी हुन नसकेका बालबालिकाहरूको अपाङ्गता तथा विशेष आवश्यकता ९क्उभअष्ब िल्भभमक०को पहिचान -कअचभभलष्लन) गरिनेछ । पहिचान गरिएको आवश्यकताको आधारमा समावेशी र लक्षित सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ, जसअन्तर्गत सहायक सिकाइ सामग्री, अभिभावक सहायता, परामर्श सेवा, घरमै आधारित सेवा वा अन्य उपयुक्त उपायहरू अपनाइनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका, वडा समिति र विद्यालय |
| ५ | गाउँपालिकामा नमूना | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बालविकास केन्द्र स्थापनार्थ कक्षाकोठा व्यवस्थापन, सिकाइ तथा खेल सामग्रीहरुको प्रबन्ध गर्ने । हरेक केन्द्रमा ६ सिकाइ क्षेत्र, किताब कुना-द्ययपप ऋयचलभच) को व्यवस्था गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका, वडा समिति र विद्यालय |
| ६ | बालविकास केन्द्रमा रहेका बालबालिकाका लागि उपयुक्त, बालमैत्री, सुरक्षित तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारहरू -जस्तैः कक्षाकोठा, छुट्टै खेलमैदान, शौचालय, खानेपानी) को व्यवस्था गरिनेछ। | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका, वडा समिति र विद्यालय |
| ७ | बालविकास शिक्षकहरूको योग्यता र दक्षता अभिवृद्धिका लागि क्षमता विकासका लागि तालिम तथा कार्यशालाहरु सञ्चालन गरिनेछ। | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका, वडा समिति र विद्यालय |
| ८ | प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुका लागि स्वास्थ्य जाँच, खोप तथा अन्य आवश्यक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका, वडा समिति र विद्यालय |
| ९ | प्रारम्भिक | | | | | | | | गाउँपालिका, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालविकासको अवधारणागत तथा व्यवहारात्मक सचेतनाको लागि नेपाल सरकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा लागु गरिएको अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | वडा समिति र विद्यालय |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षा सुदृढीकरणका लागि अभिभावक मेला सञ्चालन गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका, वडा समिति |
| ११ | बालविकास शिक्षकहरुको पारिश्रमिक तथा सेवा सुविधामा सुधार गरिनेछ । | | | | | | | आवश्यकता अनुसार | सङ्घ, प्रदेश र गाउँपालिका |
| १२ | बालविकास तथा शिक्षामा अभिभावक, समुदाय तथा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १३ | बालविकास कक्षालाई प्रविधिमैत्री सहित क्त्भ्ब्ः अवधारणा अनुसार सञ्चालन गरिनेछ । यसका लागि सम्बन्धित विश्वविद्यालय, शैक्षिक | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परामर्श संस्था तथा सूचनाप्रविधिमा कार्यरत संघसंस्थासँग सहकार्य गरिनेछ । | | | | | | | | |
| १४ | बालबिकास शिक्षकहरुको सिप, दक्षता र अनुभव आदान प्रदान गर्दै सिकाइ गतिविधिलाई थप रचनात्मक र प्रभावकारी बनाउने उद्देश्यले शिक्षकहरुको …घुम्ती बैठकÚ सञ्चालन गरिनेछ । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

## ३.२ आधारभूत शिक्षा -कक्षा १–८)

### ३.२.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ ले प्रत्येक नागरिकलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गरेको छ। यस संवैधानिक प्रावधानले आधारभूत शिक्षालाई मानवको मौलिक हकको रूपमा स्थापित गर्दै स्थानीय तहलाई यस तहको शिक्षामा प्रमुख भूमिका सहितको एकल अधिकारको रुपमा परिभाषित गरेको छ। समग्र शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा कार्यक्षेत्रको रुपमा व्यवस्थापन गरिएको छ।

यसै सन्दर्भमा, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा प्रदान गर्ने जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व रहेको स्पष्ट पार्दछ। साथै, आधारभूत उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य रहेको समेत व्यवस्था गरिएको छ।

गोलन्जोर गाउँपालिकाको सन्दर्भमा यी संवैधानिक तथा कानुनी प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ। यसका लागि गाउँपालिकाले नीति, योजना, कार्यक्रम तथा बजेटमार्फत आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राखी स्थानीय स्तरमा समावेशी, गुणस्तरीय र समतामूलक शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता छ।

नेपालमा विगतमा कार्यान्वयनमा रहेका सबैका लागि शिक्षा - (EFA २००१–२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम - SSRP ), विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP),लगायतका राष्ट्रिय योजनाहरूले आधारभूत शिक्षालाई उच्च प्राथमिकता दिएका थिए। हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना -, SSRP २०२२) तथा नेपालको सोह्रौं योजना -१६औं पञ्चवर्षीय योजना) ले समेत सबै बालबालिकालाई समतामूलक पहुँचसहितको गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्न विभिन्न कार्यक्रमको व्यवस्था गरेको छ। यी नीति दस्तावेजका दृष्टिकोण अनुसार गोलन्जोर

गाउँपालिकाले आफ्ना कार्ययोजनाहरू सुदृढ गर्दै आधारभूत शिक्षाको हकलाई व्यवहारमा उतार्न प्रतिबद्ध हुन जरुरी देखिन्छ।

गोलन्जोर गाउँपालिकामा गुणस्तरीय आधारभूत शिक्षा प्रदान गरेर बालबालिकालाई जीवनोपयोगी ज्ञान, सीप र सामाजिक दक्षतासँग सुसज्जित बनाउने लक्ष्य लिइएको छ। यसै सन्दर्भमा, माध्यमिक तहको आधार तयार पार्न र दिगो सिकाइ सुनिश्चित गर्न गाउँपालिकाभित्र कुल ५५ वटा आधारभूत तहका विद्यालयहरू सञ्चालनमा छन्, जसमध्ये सामुदायिक विद्यालय ५३ वटा र संस्थागत विद्यालय २ वटा रहेका छन्।

सामुदायिक र संस्थागत विद्यालय मध्ये प्राथमिक तह-कक्षा १ देखि ५ अन्तर्गत) ४८ वटा र कक्षा १ देखि ८ सञ्चालन हुने विद्यालय ७ वटा छन्। हाल आधारभूत तहमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या हेर्दा छात्र सङ्ख्या १८१३ जना र छात्रा सङ्ख्या १७३६ गरी कुल ३५४९जना -प्रारम्भिक बालविकास सहित) विद्यार्थी अध्ययनरत छन्।

### ३.२.२ उद्देश्यहरुः

- सबै बालबालिकाको विद्यालय पहुँच, भर्ना र टिकाउदर बढाउनु
- शिक्षक तथा विद्यार्थीमैत्री कक्षाकोठा निर्माण गर्नु
- प्रविधियुक्त र समावेशी पूर्वाधार निर्माण गर्नु
- समयमै पाठ्यपुस्तक वितरण र स्थानीय सन्दर्भमा आधारित शैक्षिक सामग्रीको प्रयोग सुनिश्चित गर्नु
- विद्यालय व्यवस्थापन, अनुगमन तथा पारदर्शी शिक्षक व्यवस्थापन प्रणाली सुदृढ गर्नु
- उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई उत्प्रेरणा प्रदान गर्नु

### ३.२.३ रणनीतिहरुः

- जनसङ्ख्या, भौगोलिक अवस्था र मागको आधारमा विद्यालयहरूको नक्साङ्कन, पुनःवितरण तथा समायोजन गरिने।
- सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्न विद्यालय उमेरका बालबालिकाको यथार्थ विवरण संकलन गरी आवश्यक पूर्वाधार तथा स्रोतको व्यवस्था गरिने।
- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयनका लागि नीतिगत स्पष्टता, कानूनी प्रबन्ध र पर्याप्त स्रोत तथा लगानी सुनिश्चित गरिने।
- शैक्षिक गुणस्तर सुधारका लागि आवश्यकता अनुसार शिक्षक दरबन्दीको समायोजन गरिने र शिक्षकहरूको क्षमता अभिवृद्धि, उत्प्रेरणा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने।
- शिक्षकको पेशागत विकास सुनिश्चित गर्न शिक्षक सहायतता तथा समर्थन प्रणाली स्थापना गरिने।
- सबै विद्यालयमा न्यूनतम शैक्षिक भौतिक पूर्वाधार -कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, पुस्तकालय) बालमैत्री, समावेशी तथा सुरक्षित मापदण्डअनुसार सुनिश्चित गरिने।
- कक्षा ३ सम्म बहुकक्षा शिक्षण सहितको एकिकृत पाठ्यक्रम शिक्षण विधि कार्यान्वयन गरिने र प्रारम्भिक कक्षामा पठन सीप अभिवृद्धिमा जोड दिइने।
- शिक्षण सिकाइ क्रियाकलापमा विविधता, समावेशिता तथा स्थानीयता समावेश हुनेगरी सामग्री विकास गरिने।

- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई निरन्तर मूल्याङ्कनको रूपमा प्रयोग गरी सिकाइ नपुगेका बालबालिकालाई समयमै सहायक कार्यक्रमहरू मार्फत सुधार गरिने।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमले तोकेका न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवश्यक मूल्याङ्कन प्रक्रिया अपनाइने।
- विद्यालयहरूमा विद्युतीय शैक्षिक सामग्री तथा प्रविधिमैत्री पूर्वाधार सुनिश्चित गरिने, साथै प्रत्येक विद्यालयमा एक क्त्म्ब्: ल्याब स्थापना गरिने।
- बालमैत्री, समावेशी र बहुसांस्कृतिक सिकाइ वातावरण तयार गर्न सामाजिक–सांस्कृतिक विविधताको सम्मानसहितको पाठ्यक्रम तथा गतिविधि सञ्चालन गरिने।
- प्रकोप, संकट र महामारीजस्ता परिस्थितिमा लचिलो शिक्षण प्रणाली विकास गरिने।
- जीवन उपयोगी सीप र व्यवहारिक ज्ञानमा आधारित शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गरिने।
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि आधारमा जवाफदेहिताको संस्कार विकास गरिने।
- पोषण र स्वास्थ्य सुधारका लागि विद्यालयमा पौष्टिक तथा स्वच्छ खाजाको व्यवस्था गरिने।
- विद्यार्थी र शिक्षकका लागि आवश्यकतामा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा सुनिश्चित गरिने।
- शैक्षिक सत्र सुरु हुनासाथ सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्ने व्यवस्था गरिने र प्रत्येक शिक्षकले आफ्नै शैक्षिक सामग्री निर्माण गर्ने संस्कार विकास गरिने।
- स्थानीय भाषाको संरक्षण र प्रवद्र्धन गर्ने कार्यक्रम सञ्चालन गरिने र विद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवस्था गरिने।
- शिक्षक भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धामूलक बनाई एकद्वार प्रणाली -शिक्षक सेवा आयोग) वा विज्ञहरूको मूल्याङ्कनमार्फत गरिने।
- विद्यालय शिक्षा शाखा तथा विद्यालय व्यवस्थापन समितिबाट नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणाली सञ्चालन गरिने।
- विद्यार्थी भर्ना अभियानमा घर–दैलो कार्यक्रम गरि डाटा संकलन गरिने, आकर्षणका लागि स्टेसनरी, पोशाक, झोला प्रदान गरिने र निरन्तरता तथा टिकाउदर वृद्धिका लागि पुरस्कार प्रणाली अपनाइने।
- साप्ताहिक रूपमा गृहकार्य, परियोजना तथा मूल्याङ्कनको अनुगमन गरिने।
- उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन प्रदान गरिने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको पहँुच अभिवृद्धि र सहभागिता सुनिश्चित हुनेछ ।
- आधारभूत हिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**ख) नतिजा**

- विद्यालय शिक्षालाई प्रविधिमैत्रि बनाउन क्ष्ऋत् ल्याव व्यवस्थापन गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिएको हुनेछ।
- सबै बालबालिकाहरुको शिक्षामा पहँच सूनिश्चित गर्न अपुग भएका शिक्षक दरबन्दीलाई पुनर्वितरण तथा नयाँ दरवन्दीको व्यबस्थापन गरिनेछ।
- विद्यार्थीहरुको सिकाई उपलब्धि राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम हुनेछ।
- सबै बालबालिकाहरुलाई आधारभुत शिक्षामा सहभागी गराइएको हुनेछ।
- विद्यालयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास भई आधारभुत तथा गुणस्तरीय शिक्षा प्रवाह गरी शैक्षिक सुशान कायम भएको हुने

### ३.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | जनसंख्या, भौगोलिक अवस्था र मागको आधारमा विद्यालयहरूको नक्साङ्कन, पुनःवितरण तथा समायोजन गर्ने । | पटक | | १ | | | १ | २ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २ | सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्न विद्यालय उमेरका बालबालिकाको यथार्थ विवरण संकलन गरी आवश्यक पूर्वाधार तथा स्रोतको व्यवस्था गर्ने। | पटक | | १ | | | १ | २ | गाउँपालिका र विद्यालय |
| ३ | निःशुल्क तथा अनिवार्य शिक्षाका लागि नीति तथा कार्यविधि तयार गर्ने । | पटक | | १ | | | | १ | गाउँपालिका |
| ४ | शिक्षक दरबन्दीको मूल्याङ्कन, समायोजन र मिलान गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ५ | शिक्षकको पेशागत विकास तालिम तथा कार्यशाला कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ६ | विद्यालयमा विद्युतीय सामग्री -प्रोजेक्टर/स्मार्ट बोर्ड, ल्यापटप आदि) र | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्त्भ्ब्: ल्याब स्थापना गर्ने । | | | | | | | | |
| ७ | सबै विद्यालयमा न्यूनतम पूर्वाधार सुनिश्चित -शौचालय, खानेपानी, कक्षाकोठा, पुस्तकालय आदि) गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ८ | बालबालिकाहरुका लागि स्वास्थ्य जाँच, खोप तथा अन्य आवश्यक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका, विद्यालय र स्वास्थ्यसंस्था |
| ९ | बालमैत्री वातावरणका लागि पठनपाठन सामग्री तथा क्रियाकलापको विकास गर्ने । | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका र विद्यालय |
| १० | विद्यार्थी मूल्याङ्कन सुधार र निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ११ | जीवनोपयोगी तथा २१ औ शताब्दी सीप समेटिएको शिक्षण क्रियाकलाप सञ्चालन गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १२ | प्रकोप तथा संकटका बेला अपनाउन सकिने लचिलो शिक्षा प्रणाली विकास गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १३ | मनोसामाजिक परामर्श सेवा -क्अजयय िऋयगलकभ्ष्लिन) सुरु गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १४ | पोषणयुक्त विद्यालय खाजा -दिवा खाजा) लाई सुधार गरि कार्यान्वयन गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १५ | विद्यार्थी भर्ना अभियान, स्टेशनरी/झोला वितरण, छात्रबृत्ति, पुरस्कार प्रणालीको विकास गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | शिक्षामा अभिभावक, समुदाय तथा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १७ | कक्षालाई प्रविधिमैत्री सहित क्त्भ्ब्: अवधारणा अनुसार सञ्चालन गरिनेछ। | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १८ | शैक्षिक सामग्री निर्माण सप्ताह, शिक्षकद्वारा सामग्री निर्माण अनिवार्य | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| १९ | विद्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| २० | उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय, शिक्षक, विद्यार्थीलाई सम्मान र प्रोत्साहन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| २१ | कक्षा १–५का लागि दलित, छात्रा र सिमान्तकृतका लागि छात्रवृति | निरन्तर | √ | √ | √ | √ | √ | | सङ्घ, गाउँपालिका र विद्यालय |
| २२ | कक्षा ५ र ८ मा विपन्न लक्षित छात्रवृति वितरण | निरन्तर | √ | √ | √ | √ | √ | | सङ्घ र गाउँपालिका |

## ३.३ माध्यमिक शिक्षा-कक्षा ९–१२)

### ३.३.१ वर्तमान अवस्था

९ देखि १२ सम्म दिइने विद्यालय शिक्षालाई माध्यमिक शिक्षा मानिन्छ। यो तहको शिक्षा आधारभूत शिक्षापछि प्राप्त हुने शिक्षाको अन्तिम खण्ड हो, जसले विद्यार्थीलाई उच्च शिक्षा तथा रोजगारको लागि तयारी गराउँछ। माध्यमिक शिक्षाको मूल उद्देश्य नागरिकलाई जीवनोपयोगी सीप, सृजनशील सोच, सकारात्मक दृष्टिकोण, नैतिक मूल्य, तथा उत्तरदायी व्यवहारसहितको स्वावलम्बी र उत्पादक जनशक्तिमा रूपान्तरण गर्नु हो।

नेपालको सन्दर्भमा माध्यमिक शिक्षा तीन धारमा सञ्चालन हुँदै आएको छः

- साधारण धार
- परम्परागत धार
- प्राविधिक धार

कक्षा ९–१० सम्म विद्यार्थीहरूले विषयगत अध्ययन गर्छन् भने, कक्षा ११–१२ मा प्राविधिक धारसमेतका विकल्पहरू सहितको एकलपथीय पाठ्यक्रम लागू गरिएको छ। कक्षा १२ उत्तीर्ण गरेपछि विद्यार्थीहरू उच्च शिक्षामा जान वा कामको क्षेत्रमा प्रवेश गर्न योग्य हुने व्यवस्था छ।

संविधानको धारा ३१ अनुसार, प्रत्येक नागरिकलाई माध्यमिक तहको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ। यसले माध्यमिक शिक्षालाई नागरिकको मौलिक हकको रूपमा मान्यता दिएको छ। साथै, आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार तथा तीनै तहका सरकारको साझा जिम्मेवारीका रूपमा व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबैका लागि गुणस्तरीय, निःशुल्क र पहुँचयोग्य माध्यमिक शिक्षा सुनिश्चित गर्ने लक्ष्य लिएको छ। यसबाट सक्षम र उद्यमशील नागरिक उत्पादन गर्ने उद्देश्य राखिएको छ। यसैगरी, विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले पनि विद्यालय तहदेखि नै मौलिक ज्ञान, सीप, प्रविधि र वैज्ञानिक सोचको विकास गर्नुपर्ने कुरामा जोड दिएको छ। यसले विद्यार्थीहरूमा वैज्ञानिक दृष्टिकोण र नवप्रवर्तनशीलता विकास गर्ने वातावरण तयार गर्ने लक्ष्य राखेको छ।

विद्यालय क्षेत्र सुधार योजना -२०६६–२०७२) र शिक्षा ऐन २०२८ को आठौं संशोधनले विद्यालय शिक्षाको पुनर्संरचना गर्दै कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेको छ। विगतमा लागू भएका सबैका लागि शिक्षा (EFA: २००१–२०१५) र विद्यालय क्षेत्र सुधार कार्यक्रम - SSRP) जस्ता योजनाहरूले पनि माध्यमिक शिक्षालाई प्राथमिकतामा राखेका थिए। हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना -(SESP २०२२–२०३२) र नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना ले पनि आधारभूत शिक्षापछि सबैका लागि समावेशी, समानुपातिक र गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच विस्तार गर्ने र प्रविधिमैत्री सीप विकासमा जोड दिने उद्देश्यसहित विविध कार्यक्रमहरूको व्यवस्था गरेको पाइन्छ। गोलन्जोर गाउँपालिकाले पनि यी राष्ट्रिय नीतिहरूको सन्दर्भमा आफ्ना स्थानीय रणनीति र कार्यक्रमहरू विकास र कार्यान्वयन गर्ने आवश्यकता देखिन्छ।

गोलन्जोर गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई सीपयुक्त, सिर्जनशील, अनुशासित, सदाचारयुक्त र जिम्मेवार नागरिक उत्पादन गर्ने उद्देश्य सहित अगाडि बढाइरहेको छ। यस तहका विद्यार्थीहरूमा अध्ययनशीलता, सकारात्मक सोच, व्यवहारिकता र उत्पादनशीलता जस्ता क्षमता विकासमा प्राथमिकता दिइएको छ।

हाल गाउँपालिकाभित्र ९ वटा सामुदायिक माध्यमिक विद्यालयहरू सञ्चालनमा छन् भने संस्थागत तर्फ १ वटा गरी कुल १० वटा माध्यमिक विद्यालयहरु सञ्चालित छन्। माध्यमिक तह अन्तर्गत कक्षा ९–१० मा ३२७ जना छात्र र ३५२ जना छात्रा गरी कुल ६७९ जना विद्यार्थीहरू अध्यनरत छन्। यस्तै, कक्षा ११–१२ मा १७९ जना छात्र र २२८ जना छात्रा गरी कुल ४०७ जना विद्यार्थी अध्ययनरत छन्। समग्रमा, कक्षा ९ देखि १२ सम्म ५०६ जना छात्र र ५८०जना छात्रा गरी कुल १०८६ जना विद्यार्थीहरू शिक्षण प्रक्रियामा संलग्न छन्।

### ३.३.२ उद्देश्यहरुः

- माध्यमिक तहमा गुणस्तरीय र विषय विशेषज्ञ शिक्षण सुनिश्चित गर्नु।
- शिक्षा र जीवन उपयोगी सीप विकासमा जोड दिनु।
- सीमान्तकृत समूहहरूलाई समान अवसर र पहुँच सुनिश्चित गर्नु।
- किशोरीमैत्री र समावेशी विद्यालय वातावरण विकास गर्नु।
- प्रविधिमैत्री सिकाइ वातावरण तयार गर्नु।
- शिक्षकको पेशागत विकास र मूल्याङ्कन प्रणाली बलियो बनाउनु।

### ३.३.३ रणनीतिहरु

- विषयगत दक्षता र गुणस्तर सुधारका लागि मानव स्रोतको सुदृढीकरण गरिने
- गाउँपालिका सबै माध्यमिक विद्यालयमा आवश्यक विषयगत शिक्षकको सुनिश्चितता गर्दै तिनीहरूको क्षमता अभिवृद्धिमा लगानी गर्ने
- STEAM शिक्षा प्रवद्र्धन गरिने
- विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित शिक्षामा विद्यार्थीको चासो र सहभागिता बढाउन प्रयोगशाला र डिजिटल उपकरणमा लगानी गरिने
- जीवनोपयोगी सीप, प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम प्रदान गरिने
- कृषि, बाँसजन्य उत्पादन, साना व्यवसायिक सीपमा आधारित व्यवहारिक तालिम सञ्चालन गरिनेछ, विशेष गरी किशोर/किशोरी लक्षित यस्ता कार्यक्रम गाउँपालिकामा लागु गरिने
- किशोरीमैत्री तथा समावेशी सिकाइ वातावरण निर्माण गरिने
- विद्यालयमा भौतिक तथा सामाजिक दृष्टिले किशोरीमैत्री वातावरण बनाइनेछ। सबै सीमान्तकृत समूहको पहुँचका लागि छात्रवृत्ति प्रदान गरिने
- प्रविधिमैत्री शिक्षण–सिकाइ प्रणाली विकास गरिने
- ICT उपकरण डिजिटल सामग्री र शिक्षकलाई डिजिटल तालिम उपलब्ध गराइनेछ। पुस्तकालय र विज्ञान प्रयोगशालामा पहुँच विस्तार गरिने
- शिक्षक व्यवस्थापन, उत्प्रेरणा र मूल्याङ्कन प्रणाली सुधार गरिने
- शिक्षकको नियमित क्षमता विकास तालिम, प्रोत्साहन प्रणाली तथा शिक्षक मूल्याङ्कन प्रणाली लागू गरिने

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने
- सबै माध्यमिक विद्यालयहरुको आधारभूत मापदण्ड पूरा भएको हुने

**ख) नतिजा**

- माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्युनतम सिकाई उपलब्धि हाँसिल गरेको हुनेछ
- विद्यालयको प्रशासनिक काम गर्न योग्य र सक्षम प्र.अ.को व्यवस्था हुनेछ
- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ
- माध्यमिक तहको कक्षा ९,१० र कक्षा ११,१२मा भर्ना हुने विद्यार्थी सङ्ख्यामा वृद्धि हुनेछ
- न्यूनतम सिकाई सवलीकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुनेछ
- विषयगत दक्षता भएका र तालिम प्राप्त शिक्षकको व्यवस्थापन गरिनेछ
- विद्यालयहरु प्राकृतिक प्रकोप, विपद्, महामारी लगायतका परिस्थितिप्रति सजग र उत्थानशील हुनेछ

**३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | १ | २ | गाउँपालिका |
| २ | मापदण्ड अनुसार शिक्षक व्वस्थापन र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ३ | निःशूल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण | पटक | | | १ | | | | गाउँपालिका |
| ४ | नमुना माध्यमिक विद्यालय विस्तार | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश र गाउँपालिका |
| ५ | तहगत योग्यतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका |
| ६ | छात्राहरुलाई सेनेटरी प्याड वितरण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ७ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ८ | पाठ्यक्रम पाठ्यपुस्तक र सिकाइ सामग्री विकास निरन्तर अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका र विद्यालय |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि परीक्षण | | | | | | | | |
| १० | आर्थिक रुपमा विपन्नका लागि डेॅस र स्टेशनरी वितरण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

गोलन्जोर गाउँपालिकाको शिक्षा विकासमा ...गरिखाने शिक्षा को अवधारणालाई साकार पार्न प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम एक TVET महत्वपूर्ण आधार बनेको छ। शिक्षासँगै सीपको विकासले मात्र व्यक्तिलाई व्यवहारिक ज्ञान प्रदान गर्न सक्ने र रोजगारी तथा उद्यमशीलतामा सक्षम बनाउन सक्ने विश्वासका साथ यो क्षेत्रप्रति लगानी बढाउन जरुरी देखिन्छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा भन्नाले त्यस्तो प्रकारको शिक्षालाई जनाइन्छ जसले व्यक्ति विशेषलाई विशिष्ट सीपयुक्त पेशागत योग्यता प्रदान गर्छ जस्तै बेकरी, डकर्मी, हेल्थ असिस्टेन्ट, भेटनरी JTA, इलेक्ट्रिसियन, सब–ओभरसियर, कृषि प्राविधिक, सूचना प्रविधि, कम्प्युटर अपरेटर, अटोमेकानिक्स, सौन्दर्यकला, निर्माण प्रविधि, र अन्य विविध सीपहरू। यस्ता तालिम र शिक्षाले व्यक्तिलाई आत्मनिर्भर बनाउँछ र श्रम बजारमा सीधै प्रतिस्पर्धा गर्न सक्ने बनाउँछ।

नेपालको सन्दर्भमा विकासको गति तीव्र पार्न साधारण शिक्षासँगै सीपमूलक र व्यवहारिक शिक्षाबीच सन्तुलन आवश्यक देखिएको छ। यही आवश्यकता अनुरूप पछिल्लो समय विभिन्न सरकारी तथा गैर–सरकारी तहबाट प्राविधिक र व्यावसायिक शिक्षामा महत्वपूर्ण लगानी भइरहेको छ। हालको अवस्थामा कृषिसम्बन्धी सीप, भेटनरी सेवा, सूचना प्रविधि, स्वास्थ्य सेवा र निर्माण क्षेत्रका लागि दक्ष जनशक्तिको उच्च माग रहेकोले, गाउँपालिकामा यस्ता शिक्षाका कार्यक्रमहरुलाई प्रवर्धन गर्नु अत्यावश्यक भएको छ।

राष्ट्रिय शिक्षा नीतिअनुसार श्रम बजारको मागअनुसार सीप नक्साङ्कन गर्दै स्थानीय तहमा सीप प्रदायक संस्थाको स्थापना र विस्तार गरिने लक्ष्य राखिएको छ। सोही नीतिअनुरूप प्रत्येक प्रदेशमा कम्तीमा एकवटा प्राविधिक तथा व्यावसायिक विषयका प्रयोगशाला र अनुसन्धान इकाइ स्थापना गरिने पनि उल्लेख गरिएको छ।

यसै सन्दर्भमा, गोलन्जोर गाउँपालिकाले विशेषतः सीमान्तकृत, गरिब, अपाङ्गता भएका, तथा सामाजिक–आर्थिक रूपले पछाडि परेका समुदायका युवाहरूलाई लक्षित गर्दै सीप विकासका कार्यक्रम सञ्चालन गर्नेछ, जसले उनीहरूलाई श्रम बजारसँग प्रत्यक्ष रूपमा आबद्ध गराउने र आय–आर्जनका अवसर सिर्जना गर्नेछ। यस्तो शिक्षाले न केवल व्यक्तिको जीवनस्तर सुधार गर्नेछ, साथै गाउँपालिकाको समग्र समृद्धिमा समेत टेवा पुऱ्याउनेछ।

### ३.४.२ उद्देश्य

स्थानीय स्तरमा उपलब्ध स्रोत र सम्भावनाको उपयोग गर्दै युवालाई रोजगारीमुखी सीपयुक्त शिक्षा प्रदान गर्नु।

### ३.४.३ रणनीतिहरु

- विद्यालयस्तरमा प्राविधिक शिक्षा समावेश गर्ने
- लघु अवधिका व्यावसायिक तालिम सञ्चालन गर्ने
- स्थानीय उद्योग र रोजगारदातासँग सहकार्य गर्ने
- उद्यमशीलता र २१औं शताब्दीका सीप प्रवर्धन गर्ने
- माध्यमिक विद्यालयमा सीपयुक्त पाठ्यक्रम सुरु गर्ने
- प्लम्बिङ, वायरिङ, सिलाइ बुनाई, ब्युटीपार्लर, कुक आदि सीप तालिम सञ्चालन गर्ने
- स्थानीय उद्योग कलकारखानासँगको सहकार्यमा तालिमपछिको इन्टर्नशिप व्यवस्था गर्ने
- स्थानीय वैज्ञानिक मेला/शैक्षिक सामग्री प्रदर्शनी आयोजना गर्ने
- विद्यालय बाहिर रहेका युवालाई लक्षित गरी कम्तीमा ३ महिने तालिम सञ्चालन गर्ने
- स्थानीय उद्यमीको अनुभव आदानप्रदान कार्यशाला आयोजना गर्ने
- उद्यमशीलता प्रतियोगिता र अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धिः**

- स्थानीय उद्यमीको अनुभव आदानप्रदान कार्यशाला आयोजना गरेको हुने
- प्लम्बिङ, वायरिङ, सिलाइ बुनाई, ब्युटीपार्लर, कुक आदि सीप तालिम सञ्चालन गरेको हुने

**ख) नतिजाः**

- स्वावलम्बी तथा आत्मनिर्भर जनशक्ति उत्पादन हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर लाभग्राहीहरुले आफ्नै स्थानीय तहमा सहज र सरल रुपमा प्राप्त गरेको हुनेछ ।
- यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढीकरण हुनेछ।

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | माध्यमिक विद्यालयमा सीपयुक्त शिक्षाको पाठ्यक्रम सुरु गर्ने । | निरन्तर | | √ | √ | √ | √ | | गाउँपालिका |
| २ | प्लम्बिङ, वायारिङ, सिलाइ, ब्युटीपार्लर, कुक तालिम | पटक | | १ | १ | १ | १ | ४ | गाउँपालिका र विद्यालय |
| ३ | स्थानीय उद्योगसँग इन्टर्नशिप व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ४ | वैज्ञानिक मेला / शैक्षिक सामग्री प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका र विद्यालय |
| ५ | विद्यालय बाहिर रहेका युवालाई ३ महिने तालिम | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका र विद्यालय |
| ६ | उद्यमीहरूको अनुभव आदानप्रदान कार्यशाला | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ७ | उद्यमशीलता प्रतियोगिता र अवलोकन भ्रमण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

गोलन्जोर गाउँपालिकामा विगतदेखि नै अनौपचारिक तथा प्रौढ शिक्षा सञ्चालन हुँदै आएको पृष्ठभूमि र हाल सक्रिय रहेका ४ वटा सामुदायिक अध्ययन केन्द्र (CLC) को उपस्थितिलाई पालिकाको शैक्षिक विकासमा एउटा महत्वपूर्ण अवसरका रूपमा लिन सकिन्छ। यी सामुदायिक अध्ययन केन्द्रहरूले अनौपचारिक शिक्षा र निरन्तर सिकाईका क्षेत्रमा क्रियाशील रहँदै विद्यालय जान नपाएका वा बिचैमा पढाई छोडेका नागरिकहरूलाई पुनः शिक्षाको मूलधारमा जोड्ने तथा जीवनपर्यन्त सिकाई (Lifelong Learning) लाई प्रवद्र्धन गर्ने बलियो अवसर प्रदान गरेका छन्। यस्ता केन्द्रहरूलाई अक्षर चिन्ने थलोमा मात्र सीमित नराखी स्थानीय आवश्यकता अनुसार कृषि, पशुपालन, ससाना उद्यम, तथा आधुनिक डिजिटल र वित्तीय साक्षरता जस्ता व्यावहारिक सीपहरू हस्तान्तरण गर्ने केन्द्रको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना छ। साथै, यसै संरचनाको बलियो परिचालन मार्फत पालिकाको महिला साक्षरताको कमी र पुरुष सरहको लैङ्गिक खाडललाई निकै कम गर्न सकिने सुनौलो अवसर पालिका सामु उपलब्ध छ। यति हुदाँहुदै पनि अनौपचारिक शिक्षा र आजविन सिकाइका लागि समग्रमा निम्न अवसर र चनौतीहरु देखिएका छन् ।

- अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सीपमूलक र जीवन उपयोगी शिक्षा प्रदान गर्नु।

- औपचारिक शिक्षाबाट वञ्चित व्यक्तिहरुलाई सिकाइको सहज, सर्वसुलभ पहुँच र खुल्ला शिक्षाको पहुँच वृद्धि गरी व्यवहारिक तथा सिपयुक्त बनाउनु
- सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु।
- साक्षरता, निरन्तर सिकाई, सीपमूलक शिक्षा तथा समय सापेक्ष सूचना र प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्नु
- पाठ्य सामग्रीको विकास
- सहजकर्ता क्षमताको विकास
- व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, सामुदायिक अध्ययन केन्द्र र घुम्ती पुस्तकालय स्थापना गरी अध्ययनलाई सहजता बनाउनु।

### ३.५.२ उद्देश्यहरू

- सबै नागरिकलाई समावेशी र समतामूलक साक्षरता र निरन्तर सिकाइको अवसर सिर्जना गर्नु
- औपचारिक शिक्षाबाट वञ्चित भएका सम्पूर्ण नागरिकका लागि जीवन प्रयत्न शिक्षा सुनिश्चित गर्नु
- शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई खुल्ला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्नु
- अनौपचारिक तथा निरन्तर सिकाईको माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्नु
- औपचारिक रूपमा शिक्षा लिन विद्यालय जान नसकेका तथा शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिको लागि व्यावहारिक र सीपमूलक शिक्षा प्रदान गरी मर्यादित जीवन यापन गर्न सक्षम नागरिक बनाउनु
- सामुदायिक अध्ययन केन्द्रको स्थापना विकास र विस्तार गर्नु
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा निरन्तर सिकाई र सिकाई संस्कृतिको अवधारणा पत्र तयार पार्नु

### ३.५.३ रणनीतिहरू

- अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सार्वजनिक स्थानमा सन्देशमूलक सामग्रीको लेखन
- रेडियो टेलिभिजन भर्चुअल नेटवर्क मोबाइल एप्लिकेसन तथा अन्य विद्युतीय सामग्रीको माध्यमबाट सिकाइलाई दिगो बनाउन कार्यक्रम उत्पादन गरी दूर शिक्षा तथा घुम्ती शिक्षा सञ्चालन तथा प्रसारण
- सामुदायिक सिकाई केन्द्र विद्यालय नागरिक समाज सञ्चारमाध्यम अभिभावक लगायत अन्य साझेदारहरू परिचालन गरी साक्षर कक्षा सञ्चालन गर्ने साथै स्वयंसेवक परिचालन गर्ने
- पठन संस्कृतिको विकासका लागि सामुदायिक अध्ययन केन्द्र विद्युतीय पुस्तकालय सामुदायिक वाचन केन्द्रको स्थापना तथा स्तरीकरण गरी सिकाई स्रोत केन्द्रको रुपमा विकास गर्ने
- मौलिक एवं परम्परागत ज्ञानसिपको पहिचान संरक्षण समवर्धन आधुनिकरण एवं हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन
- राष्ट्रिय योग्यता अनुरूपको औपचारिक अनौपचारिक अतिरिक्त शिक्षाबीच सक्षमता कायम गराउन मापदण्डको विकास
- सिकारको आवश्यकता अनुसार डिजिटल सामग्रीको विकास गराउने
- उमेर अनुसारको विभिन्न सीपमूलक तालिम तथा गोष्ठी सञ्चालन गर्ने

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सम्पूर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि समयानुकूलको अनौपचारिक तथा निरन्तर सिकाई र जीवनपयोग र सिपमूलक सिकाएको अवसर प्राप्त हुने

**नतिजा**

- साक्षर गाउँपालिकाको रुपमा विकास हुनछे
- लक्षित वर्ग तथा समुदायका सिकाईको अवसर सिर्जना हुनेछ
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुनेछ
- सामुदायिक सिकाई केन्द्रको विकास र विस्तार गरिनेछ
- विज्ञ समूहको निर्माण गरी अनौपचारिक शिक्षा सम्बन्धी अवधारणा पत्र तयार हुनेछ
- जीवनजीवनोपयोगी र सीपमूलक सिकाइका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री तयार हुनछे
- उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति निर्माण हुनछे

### ३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | | १ | १ | | १ | ३ | गाउँपालिका |
| २ | सामुदायिक सिकाई केन्द्रको सञ्चालन र व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ३ | सामुदायिक सिकाई केन्द्रमा प्रविधिको विकास | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ४ | सिकाई केन्द्रको अन्य संघसंस्थासँग सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ५ | सिकाई सामग्रीको विकास | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ६ | विज्ञ समूहहरूको निर्माण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ७ | परिचालक व्यवस्थापन तथा क्षमता विकास | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |

# परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम भनेको शिक्षा प्राप्त गर्ने सम्पूर्ण मार्गदर्शन हो। यसले विद्यार्थीलाई के सिकाउने किन सिकाउने कसरी सिकाउने र सिकाएको उपलब्धि कसरी जाँच गर्ने भन्ने कुराको समग्र योजना प्रस्तुत गर्दछ। पाठ्यक्रमले शिक्षाको उद्देश्य निर्धारण गर्नुका साथै विषयवस्तु, शिक्षण विधि, सिकाई अनुभव र मूल्याङ्कन प्रक्रियालाई समेत समेटेको हुन्छ। त्यसैले पाठ्यक्रमलाई शिक्षण सिकाई प्रक्रियाको आधार मानिन्छ। पाठ्यक्रमको क्षेत्र अत्यन्तै व्यापक हुने हुँदा समग्रमा यो एक मार्गदर्शन हो। शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रम निर्माणका आधारका रुपमा सामाजिक शक्तिहरू, ज्ञानको प्रयोग, मानव वृद्धि र विकास, सिकाई प्रक्रिया र प्रविधिलाई लिने गरिन्छ । पाठ्यक्रमले मानव जीवनका समस्या तथा संकटलाई दूर गर्न र नयाँ वातावरणमा समायोजन हुनको लागि योग्य बनाउन प्रयत्न गर्दछ यसले मानवीय मूल्य मान्यता शैक्षिक तथा सामाजिक जीवन दर्शन समकालीन समाजका वास्तविकताहरू सिकाईका प्रक्रिया तथा विषयवस्तुहरू, पाठ्यसामग्रीहरू, विधि, पद्धति, क्रियाकलाप तथा मूल्याङ्कनका प्रक्रियाहरुलाई समेत समेटेर बालबालिका तथा सिकारुको आवश्यकतालाई निर्धारण गर्ने गरी योजनाको विस्तृत स्वरूपलाई समेट्ने कार्य गर्दछ। त्यसैले पाठ्यक्रमलाई एक बृहत दस्तावेजको रुपमा लिइन्छ।

पाठ्यपुस्तक भनेको पाठ्यक्रमका उद्देश्य र विषयवस्तुका आधारमा तयार गरेको पुस्तक हो। यसले विद्यार्थीलाई आवश्यक ज्ञान, सीप र धारणा सरल तथा व्यवस्थित रुपमा प्रदान गर्दछ। पाठ्यपुस्तकमा पाठ, उदाहरण, चित्र, अभ्यास तथा गतिविधिहरु समावेश गरिएका हुन्छन् जसले विद्यार्थीको सिकाइलाई सहज बनाउँछ । शिक्षकले पनि शिक्षण कार्य सञ्चालन गर्न पाठ्यपुस्तकलाई मुख्य आधारका रूपमा प्रयोग गर्छन्।

सिकाई सामग्री भनेको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, रोचक र व्यवहारिक बनाउन प्रयोग गरिने विभिन्न साधन तथा स्रोतहरू हुन्। चित्र, चार्ट, नक्सा, मोडेल, भिडियो, रेडिया,े स्थानीय वस्तु तथा प्रविधिमूलक सामग्रीहरु सिकाई सामग्रीका उदाहरण हुन्। यस्ता सामग्रीको प्रयोगले विद्यार्थीको सिकाईलाई दिगो बनाउन मद्दत मिल्छ ।

मूल्याङ्कन भनेको विद्यार्थीले सिकाई उद्देश्य कति प्राप्त गरे भन्ने कुरा मापन र विश्लेषण गर्ने प्रक्रिया हो। यसबाट विद्यार्थीको उपलब्धि कमजोरी तथा सिकाई स्तर पत्ता लगाइन्छ । मूल्याङ्कन केवल परीक्षा मात्र नभई शिक्षण सिकाई प्रक्रियालाई सुधार गर्ने माध्यम पनि हो । लिखित परीक्षा, मौखिक परीक्षा, परियोजना कार्य, प्रयोगात्मक कार्य तथा अवलोकन आदि मूल्याङ्कनका माध्यम हुन् । मूल्यांकनले शिक्षकलाई शिक्षण सुधार गर्न र विद्यार्थीलाई आफ्नो प्रगतिको जानकारी प्राप्त गर्न सहयोग पु¥याउँछ।

### ४.१.१ वर्तमान अवस्था

यस गोलन्जोर गाउँपालिकाले सामुदायिक विद्यालयमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरी विद्यालय तहमा लागू गर्न अनुमति प्रदान गरेको पाठ्यक्रम र पाठ्यपुस्तक मात्र लागू गरेको छ। संस्थागत विद्यालयहरूले भने नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरिएको पाठ्यक्रम अनुसारका विभिन्न प्रकाशन संस्थाको पाठ्यपुस्तक प्रयोग गरिरहेका छन्। आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय विषय वा मातृभाषा विषय अन्तर्गत

यस गाउँपालिकाले हाम्रो गोलन्जोरÆ नामक पाठ्यक्रम तयार गरी कक्षा १ देखि ५ सम्म पाठ्यपुस्तक समेत तयार गरी कार्यान्वयन भएको छ। कक्षा ६ देखि ८ को लागि भने पाठ्यक्रम बने पनि पाठ्यपुस्तक निर्माण हुन नसक्दा केही विद्यालयहरूले सोही पाठ्यक्रमको आधारमा पठनपाठन गरिरहेका छन् र केही विद्यालयले स्थानीय विषय वा मातृभाषा विषयको सट्टा कम्प्युटर विषयको पठनपाठन गरिरहेका छन्। स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकले यस गाउँपालिकाको ऐतिहासिकता, अवस्था, संस्कार, परम्परा र भौगोलिक स्थितिका साथै स्थानीय विषय क्षेत्रसँग परिचित हुन सहयोग पुऱ्याएको छ । आधारभूत तहको कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणली मार्फत उद्धार कक्षोन्नति, कक्षा ४ देखि ८ मा ५०% आन्तरिक मूल्याङ्कन र ५०% बाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को अन्त्यमा गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा गाउँपालिकाले सञ्चालन गर्दै आएको छ। अन्य कक्षाको परीक्षा भने गाउँपालिकाको समन्वयमा गाउँपालिका स्तरीय परीक्षा समिति मार्फत सञ्चालन हुँदै आएको छ। कक्षा १० र कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा बोर्ड मार्फत परीक्षा सञ्चालन हुँदै आएको छ।

### ४.१.२ उद्देश्यहरु

- पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा सिकारुमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु
- निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

### ४.१.३ रणनीतिहरु

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धी शिक्षक तथा सरोकारवालालाई प्रवोधिकरण गर्ने
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्ने
- विपत, महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने
- माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्री विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने
- विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने
- सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाई क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने
- विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा शिकारमा ज्ञान सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने
- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुने
- निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुने

**ख) नतिजा**

- कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रमको निरन्तर कार्यान्वयनबाट व्यावहारिक र पहिचानमुखी शिक्षा प्रदान गरिनेछ
- प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा ५ सम्म मातृभाषा र स्थानीय भाषाको प्रयोग गरी प्रारम्भिक सिकाईको जगलाई बलियो बनाइनेछ
- शिक्षण सिकाई क्रियाकलापलाई बालमैत्री, अपाङ्गमैत्री र स्थानीय सन्दर्भ सापेक्ष बनाई प्रभावकारी रूपमा लागु गरिनेछ। स्थानीय पाठ्यक्रमको परिमार्जन तथा सुधारका कार्यहरूअनुसन्धान र ठोस तथ्यका आधारमा गरिनेछ
- सकाईको गुणस्तर सुनिश्चित गर्न प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको बाह्य मूल्याङ्कनका साथै आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ
- सिकाइको अभिन्न अङ्गको रुपमा पाठ्यक्रम र मूल्याङ्कन रहनेछ

### ४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | | शिक्षा तालिम केन्द्र र गाउँपालिका |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | निर्माण र कार्यान्वयन भईसकेको | | | | | | गाउँपालिका |
| ४ | राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन | | | | | | | | सङ्घीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाई सहजकरण तथा पुस्तिका निर्माण र विकास | पटक | १ | १ | १ | १ | १ | ५ | सरकार र गाउँपालिका |
| ५ | कक्षा १–३ को निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि मूल्याङ्कन फारम छपाई वितरण तथा तालिम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ६ | कक्षा ४ –८ को आन्तरिक विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि मूल्याङ्कन फारम विकास तथा तालिम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |

## ४.२ शिक्षक व्यस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

**क. गोलन्जोर गाउँपालिकाको तहगत तथा विषयगत शिक्षकको सङ्ख्या तथा आपूर्तिका अवस्था**

गोलन्जोर गाउँपालिकामा कक्षा १–१२मा हाल जम्मा ३५५-प्रारम्भिक बालविकास सहजकर्ता सहित) शिक्षकहरु कार्यरत छन् । जसमध्ये साविक उमावि-कक्षा११,१२) अन्तर्गत १२जना, माध्यमिक तह-कक्षा ९,१०)मा ४४ जना-नीजि स्रोत शिक्षक बाहेक), आधारभूत तह कक्षा ६–८मा ४७ जना-नीजि स्रोत शिक्षक बाहेक) र आधारभूत तह कक्षा १–५ मा १६१ जना-नीजि स्रोत शिक्षक बाहेक) रहेका छन् । जसमध्ये मावि तह -कक्षा ११–१२)मा अस्थायी/करार ६ जना, राहत अनुदान ६ जना,मावि तह -कक्षा ९–१०)मा स्थायी १२ जना, अस्थायी/करार ३जना, राहत अनुदान १२जना, सङ्घीय अनुदान ७जना, गापा अनुदान १० जना रहेका छन् । आधारभूत तह कक्षा ६–८मा स्थायी १३ जना, अस्थायी/करार ६ जना, राहत अनुदान ११जना, सङ्घीय अनुदान ४जना, गापा अनुदान १३ जना रहेका छन् । त्यसै गरी आधारभूत तह कक्षा १–५मा स्थायी ५९ जना, अस्थायी/करार २०जना, राहत अनुदान ७६जना, गापा अनुदान ६ जना रहेका छन् । प्रारम्भिक बालविकास र शिक्षाको लागि अस्थायी करार ५१ जना र गापा अनुदान ११ जना गरी कुल ६२ जना सहजकर्ता शिक्षकहरु कार्यरत छन् ।

आधारभूत तह कक्षा ६–८ तथा माध्यमिक तह कक्षा ९–१२को विषयगत शिक्षक विवरण निम्न तालिका अनुसार छन् ।

*तालिका 12 आधारभूत तह माध्यमिक तहमा विषयगत शिक्षक विवरण*

| क्र.सं. | विषय | शिक्षकको प्रकृति | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी/ करार | राहत अनुदान | सङ्घीय अनुदान | गापा अनुदान | अन्य/ निजी | |
| **तहः आधारभूत कक्षा ६–८** | | | | | | | | |
| १ | नेपाली | ० | ३ | २ | ० | ० | २ | ५ |
| २ | अङ्ग्रेजी | ५ | ० | ४ | ३ | ३ | ० | १५ |
| ३ | गणित | ४ | ० | २ | ० | २ | ० | ८ |
| ४ | विज्ञान | २ | २ | २ | १ | २ | १ | १० |
| ५ | गण्ति विज्ञान | २ | ० | ० | ० | ० | १ | ३ |
| ६ | सामाजिक अध्ययन | १ | ० | १ | ० | ० | २ | ४ |
| ७ | कम्प्युटर | ० | ० | ० | ० | २ | ० | २ |
| ८ | कम्प्युटर विज्ञान | ० | ० | ० | ० | ३ | २ | ५ |
| **तहः माध्यमिक कक्षा ९,१०** | | | | | | | | |
| ९ | नेपाली | ४ | १ | १ | ० | २ | १ | ९ |
| १० | अङ्ग्रेजी | २ | ० | ३ | १ | ४ | २ | १२ |
| ११ | गणित | ३ | ० | ४ | ३ | १ | १ | १२ |
| १२ | विज्ञान | १ | २ | ३ | २ | ० | १ | ९ |
| १३ | सामाजिक अध्ययन | २ | ० | १ | २ | १ | ० | ६ |
| १४ | लेखा | ० | १ | ० | ० | ० | ० | १ |
| १५ | अर्थशास्त्र | ० | ० | ० | ० | १ | १ | २ |
| **तहः माध्यमिक कक्षा ११,१२** | | | | | | | | |
| १६ | नेपाली | ० | २ | १ | ० | ० | ० | ३ |
| १७ | अङ्ग्रेजी | ० | २ | ३ | ० | ० | ० | ५ |
| १८ | लेखा | ० | १ | १ | ० | ० | ० | २ |
| १९ | विज्ञान | ० | १ | ० | ० | ० | ० | १ |
| २० | सामाजिक | ० | ० | १ | ० | ० | ० | १ |

### ख. शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेसालाई समाजमा एक मर्यादित र आकर्षक क्षेत्रका रूपमा स्थापित गर्न नेपालको १६औं योजना -२०८१/८२) ले विश्वविद्यालयका उत्कृष्ट प्रतिभाहरूलाई सोझै शिक्षणमा प्रवेश गराउने नवीन कानुनी व्यवस्थाको परिकल्पना गरेको छ। शिक्षक सेवा आयोग नियमावली २०५७ ले तय गरेका शिक्षण अनुमति पत्रको अनिवार्यता, निष्पक्ष परीक्षा प्रणाली, र निश्चित वृत्ति–विकासका मापदण्डका कारण पछिल्लो समय यस पेसाप्रति शिक्षित युवाहरूको आकर्षण निकै बढेको देखिन्छ। शिक्षक सेवा आयोगका परीक्षाहरू र गोलञ्जोर गाउँपालिकाले रिक्त स्थानमा पदपुर्ति गर्न खुलाएका करार, राहत तथा स्वयंसेवक शिक्षकका विज्ञापनहरूमा धेरै सङ्ख्यामा पर्ने आवेदनले पनि युवाहरूको यो उत्साहलाई पुष्टि गर्छ। नियमित स्थायी नियुक्तिको थालनीले शिक्षणमा थप ऊर्जा थपेको त छ, तर यसका पछाडि केही

गम्भीर नीतिगत चुनौतीहरू पनि विद्यमान छन्। मुख्य समस्या कहाँ देखिन्छ भने, आयोगबाट सिफारिस भई आएका स्थायी शिक्षकहरूले राज्यका तर्फबाट विभिन्न पेसागत विकासका अवसर र तालिमहरू पाउँछन्, तर करार, राहत वा स्वयंसेवकका रूपमा भर्ना भएका शिक्षकहरू यी अवसरहरूबाट पूर्णतः वञ्चित छन्। त्यति मात्र नभई, यस्ता करार प्रकृतिका शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने कुनै स्पष्ट कानुनी विधि नहुँदा उनीहरूको क्षमताको सही मापन र वृत्ति विकास ओझेलमा परेको छ। यस खालको असमानताले शिक्षणको समग्र गुणस्तरमा असर पुर्‍याउने हुँदा अब स्थानीय तहहरू आफै जागरुक भएर आफ्ना भूगोलभित्रका गैर स्थायी शिक्षकहरूको पेसागत विकास र कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहनका लागि छुट्टै र उपयुक्त कार्यविधि निर्माण गर्न अग्रसर हुनुपर्ने देखिन्छ।

यस पृष्ठभूमिमा शिक्षण पेसालाई अझ बढी नतिजामुखी र सुरक्षित बनाउन आगामी दिनमा केही ठोस सुधारात्मक कदमहरू चाल्नु आवश्यक छ। अबको प्रणालीमा शिक्षकहरूको सरुवा र बढुवालाई अनुमानयोग्य ९एचभमषअतबदभि० बनाइनुपर्छ, जसले गर्दा उनीहरूमा आफ्नो भविष्यप्रति अन्योलता रहँदैन। साथै, विद्यालयहरूमा कार्यसम्पादनकै आधारमा राम्रो काम गर्नेलाई पुरस्कार र कमजोर वा लापरबाही गर्नेलाई दण्ड दिने स्पष्ट, स्वच्छ र पारदर्शी प्रणाली लागू गरिनु वाञ्छनीय हुन्छ। यस बाहेक, स्थानीय सरकारहरूले केवल शिक्षक भर्ना गर्ने परम्परागत परिपाटीलाई मात्र निरन्तरता नदिएर, आफ्नो पालिकाभित्र रहेका मेधावी प्रतिभाहरूलाई शिक्षण पेसामा आकर्षित गर्न र उनीहरूलाई शिक्षणमै टिकाइराख्नका लागि विशेष प्रोत्साहनमूलक नीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने गोलन्जोर गाउँपालिकाको योजना रहेको छ ।

## ग.शिक्षक तयारी

नेपालमा शिक्षक उत्पादन र व्यवस्थापनको परम्परागत प्रणालीलाई परिमार्जन गर्दै समयानुकूल र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ। हालसम्म त्रिभुवन विश्वविद्यालय लगायतका संस्थाहरूबाट सञ्चालित शिक्षाशास्त्र संकायका शैक्षिक कार्यक्रमहरूलाई नै शिक्षक बन्ने मुख्य शैक्षिक र व्यावसायिक योग्यता मानिँदै आएको छ। विगतमा कक्षा ११ र १२ ले समेत शिक्षक तयारीको भूमिका निर्वाह गरे पनि, अबको परिवर्तित संरचना अनुसार विद्यालय तह पूरा गरेपछि थप विशिष्टीकृत शैक्षिक तालिम अनिवार्य गरिनेछ। विद्यमान कानुनी व्यवस्था अनुसार तहगत रूपमा निश्चित शैक्षिक योग्यता -जस्तै प्राथमिक र निमाविका लागि प्लस टु वा सोसरह र माध्यमिक तहका लागि स्नातक वा स्नातकोत्तर) सँगै १० महिने वा एक वर्षे बीएड तालिम र शिक्षक सेवा आयोगले लिने अनुमति पत्र -लाइसेन्स) परीक्षा उत्तीर्ण गर्नु अनिवार्य छ। यद्यपि, विश्वव्यापी अभ्यासलाई हेर्ने हो भने पहिले मूल विषयमा स्नातक गरी त्यसपछि मात्र छुट्टै शिक्षक तयारी कोर्स पूरा गर्ने प्रणाली बढी प्रभावकारी मानिन्छ।

यसै सन्दर्भमा राष्ट्रिय शिक्षा नीति २०७६ ले निर्दिष्ट गरे बमोजिम अब राष्ट्रिय शिक्षक सक्षमताको मापदण्डलाई शिक्षक तयारी र उनीहरूको निरन्तर पेसागत विकासको मुख्य आधार बनाउनु आवश्यक छ। यसका लागि शिक्षा मन्त्रालय र विश्वविद्यालयहरूबीच बलियो सहकार्य हुनुपर्छ, जसअन्तर्गत विद्यालयको पाठ्यक्रम सुहाउँदो प्रवेश परीक्षा लिएर मात्र योग्य विद्यार्थीलाई शिक्षाशास्त्रमा भर्ना गरिनुपर्छ। वर्तमान अवस्थामा विश्वविद्यालयका कार्यक्रमहरू अनुसन्धान र पर्याप्त अभ्यास शिक्षणमा आधारित हुन नसक्दा नयाँ शिक्षकहरूमा व्यावहारिक कुशलताको कमी देखिएको छ भने, सीमित अवधिमा सैद्धान्तिक र शिक्षण विधि दुवै सिकाउनुपर्ने दोहोरो दबाब पनि छ। अतः देश सङ्घीय ढाँचामा गइसकेको र

विद्यालय शिक्षाको पूर्ण जिम्मेवारी स्थानीय सरकारको काँधमा आइसकेको परिप्रेक्ष्यमा, अब स्थानीय तहहरू आफैंले योजनाबद्ध कार्यक्रमहरू अघि सार्दै दक्ष शिक्षक उत्पादन र क्षमता विकासमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने देखिन्छ।

## घ. शिक्षण सिकाई क्रियाकलाप

विद्यार्थीहरूको सिकाइ उपलब्धि मूलतः कक्षाकोठाभित्र सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा नै निर्भर गर्दछ। यसै यथार्थलाई मनन गर्दै विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप २०७६ ले शिक्षण सिकाइलाई व्यावहारिक तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ भने, राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा प्रविधिलाई सिकाइ प्रक्रियामा एकीकृत गर्दै यसलाई प्रविधिमैत्री र नतिजामुखी बनाउने लक्ष्य राखेको छ। नेपालमा विगतदेखि सञ्चालित विभिन्न शैक्षिक योजना र परियोजनाहरूले कक्षाकोठाको शिक्षणमा सुधार ल्याई शिक्षाको स्तर उकास्न निरन्तर प्रयास गरिरहेका छन्, जसका कारण विद्यार्थी केन्द्रित शिक्षण प्रविधिको प्रयोग र बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने कार्यमा सुधार आएको छ। यसैगरी, १५औं योजनाले पनि विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरूमा बहुकक्षा शिक्षण व्यवस्था लागू गर्न, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सिप प्रवद्र्धन गर्न तथा उपयुक्त पाठ्यसामग्री र भौतिक व्यवस्थापन मिलाउन विशेष जोड दिएको छ। विगतका वर्षहरूमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालयहरूमा भौतिक पूर्वाधारको सुधार, प्रविधिको जडान र शैक्षिक सामग्रीको उपलब्धता बढेकाले आगामी दिनमा विद्यार्थीको सिकाइ उपलब्धिमा अझ सकारात्मक परिवर्तन आउने अपेक्षा गर्न सकिन्छ।

यस्ता सकारात्मक प्रयास र लगानीका बावजुद, विगतमा विश्वभर फैलिएको कोरोना महामारीका कारण देशका अन्य भागमा जस्तै गोलञ्जोर गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरू पनि नराम्ररी प्रभावित हुन पुगेका थिए। त्यतिबेला स्थानीय स्तरमा इन्टरनेट र प्रविधिको कमजोर पूर्वाधार भएका कारण भर्चुअल वा अनलाइन माध्यमबाट समेत कक्षाहरू सञ्चालन हुन नसक्दा बालबालिकाहरूको सिक्न पाउने अधिकार संकुचित हुन पुगेको थियो। महामारी वा यस्तै अन्य भवितव्यको अन्त्य र प्रभावबारे भविष्यमा ठ्याक्कै अनुमान गर्न कठिन हुने भएकाले आगामी दिनमा पनि भौतिक उपस्थितिमा परम्परागत रूपले कक्षाहरू सञ्चालन गर्न जुनसुकै बेला अवरोध आउन सक्ने सम्भावना उत्तिकै रहन्छ। यस्तो अनपेक्षित परिस्थितिमा बालबालिकाको शिक्षालाई निरन्तरता दिनका लागि स्थानीय स्तरमै इन्टरनेट विना पनि सञ्चालन गर्न सकिने उपयुक्त र व्यावहारिक वैकल्पिक सिकाइका माध्यमहरू अवलम्बन गर्नु र सोही अनुसारको स्थानीय रणनीति तयार पार्नु आजको सन्दर्भमा अपरिहार्य देखिन्छ।

## ङ. शिक्षक पेशागत सहयोग पद्धति

विकसित मुलुकहरुमा शिक्षकहरूलाई दक्ष बनाउन कक्षा अवलोकन, मेन्टरिङ, सामूहिक छलफल र सहकर्मीहरूबीचको अन्तक्रिया जस्ता आधुनिक विधिको प्रयोग गर्ने प्रचलन छ। नेपालमा पनि विगतमा सेती परियोजना र ाधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको जगमा देशभर १०५१ वटा स्रोत केन्द्रहरू (Resource Centers) स्थापना गरिएका थिए। यी केन्द्रहरूले विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरू मार्फत नयाँ पाठ्यक्रमको अभिमुखीकरण गर्ने, प्रधानाध्यापकहरूसँग नियमित बैठक बस्ने र शैक्षिक सामग्री निर्माणमा सहयोग पुयाउँदै शिक्षक विकासमा मेरुदण्डको भूमिका खेलेका थिए। तर, देश सङ्घीय संरचनामा प्रवेश गरेसँगै पुराना प्रभावकारी संयन्त्र र स्रोत केन्द्रहरू पूर्ण रूपमा विघटन गरिए, जसले गर्दा शिक्षकहरूले पाउँदै आएको नियमित पेसागत सहयोगमा ठुलो रिक्तता पैदा भयो। वर्तमान नीतिगत व्यवस्था अनुसार शिक्षक सहयोगको सम्पूर्ण जिम्मेवारी स्थानीय तहको काँधमा आइपुगेको छ। यद्यपि,

पुराना संयन्त्र खारेज भएपछिको यो सङ्क्रमणकालीन अवस्थामा हाम्रा स्थानीय सरकारहरूले शिक्षक क्षमता विकासका लागि अझै पर्याप्त नीतिगत परिपक्वता र स्पष्ट कार्यदिशा बनाउन सकेका छैनन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले अवकाशप्राप्त अनुभवी शिक्षकहरूलाई अनुगमन र शैक्षिक सहायतामा परिचालन गर्ने नीति लिएको भए पनि त्यसलाई कार्यान्वयन गर्ने कानुनी आधार तयार भइसकेको छैन। त्यस्तै, दिगो विकास लक्ष्य -२०१६–२०३०) अनुरूप अन्तर्राष्ट्रिय संस्थाहरूसँग सञ्जाल बनाई प्रविधि र ज्ञान हस्तान्तरणको लाभ लिने मामलामा पनि नेपाल पछि नै परेको देखिन्छ। यस पृष्ठभूमिमा शैक्षिक गुणस्तर सुधार्न अब स्थानीय तहहरूले केवल प्रशासनिक भूमिकामा मात्र सीमित नभई विशेष नीतिगत र सङ्गठनात्मक क्रियाशीलता देखाउनु अपरिहार्य भइसकेको छ। विद्यालयको वास्तविक सुधार कुशल नेतृत्वबाट मात्र सम्भव हुने भएकाले प्रधानाध्यापकहरूलाई थप जिम्मेवारी, स्वायत्तता र अधिकार सम्पन्न बनाइनुपर्छ। साथै, वर्तमान समयमा सूचना र सञ्चार प्रविधिको तीव्र विकास भएको छ, त्यसलाई शिक्षक सहायता प्रणालीको मुख्य अवसरका रूपमा उपयोग गरिनुपर्छ। शिक्षकहरूले आधुनिक प्रविधिको अधिकतम लाभ उठाई आफ्ना कक्षाकोठाहरूलाई जीवन्त बनाउन सकून् भन्नका लागि स्थानीय सरकारले प्रत्येक विद्यालयलाई आधुनिक साधन–स्रोतले सम्पन्न (Resource Centers) बनाउन लगानी केन्द्रित गर्नु आजको मुख्य आवश्यकता हो।

### च. शिक्षक क्षमता विकास कार्यक्रम

कुनै पनि कक्षाकोठाको शिक्षण सिकाइमा वास्तविक सुधार ल्याउन शिक्षकको पेसागत सक्षमता र क्षमता विकास अपरिहार्य हुन्छ। विश्वव्यापी रूपमा शिक्षकहरूलाई निपुण बनाउन तालिम, कार्यशाला, सेमिनार, क्रियात्मक अनुसन्धान, अवलोकन भ्रमण र मेन्टरिङ जस्ता विविध विधिहरू प्रयोग गरिँदै आइएको छ। नेपालमा पनि शिक्षकको क्षमता बढाउने व्यवस्थित प्रयास स्वरूप वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना गरियो, जसअन्तर्गत सुरुमा ९ वटा प्राथमिक शिक्षा तालिम केन्द्रहरू सञ्चालनमा ल्याइए। ती केन्द्रहरूले अगुवा स्रोत केन्द्र र स्थानीय स्रोत केन्द्रहरूको सञ्जाल मार्फत लामा तथा छोटा अवधिका सेवाकालीन तालिमहरू प्रदान गर्दै आएका थिए। विशेष गरी विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) अन्तर्गत सञ्चालित शिक्षक पेसागत विकास (TPD) तालिमले शिक्षकको कार्यक्षमता सुधार्न लामो समयसम्म महत्त्वपूर्ण योगदान पुर्‍यायो। तर, देश सङ्घीय ढाँचामा रूपान्तरण भएसँगै शिक्षाको तालिम संरचनामा ठुलो फेरबदल आएको छ। पुराना सबै स्थानीय र क्षेत्रीय संरचनाहरू खारेज गरी हाल ७ वटा प्रदेशमा १/१ वटा मात्र गरेर जम्मा ७ वटा शिक्षक तालिम केन्द्रहरू कायम राखिएका छन्। विद्यालय क्षेत्र विकास योजना (SSDP) ले विद्यालय तहमा सबैभन्दा कठिन मानिने विज्ञान, गणित र अङग्रेजी विषयका शिक्षकहरूको क्षमता विकासलाई मुख्य प्राथमिकतामा राखेको छ, तर वर्तमान संरचनागत सीमितताका कारण समस्या उत्पन्न भएको छ। देशभर रहेका लाखौं शिक्षकहरूलाई केवल ७ वटा प्रादेशिक तालिम केन्द्रहरूबाट मात्रै प्रमाणीकरण तालिम (Certification Training) उपलब्ध गराउनु व्यावहारिक र प्राविधिक रूपमा निकै चुनौतीपूर्ण बनेको छ, जसले गर्दा शिक्षकहरूले समयमै आफ्नो वृत्ति–विकासका लागि आवश्यक तालिम पाउन सकिरहेका छैनन्।

यही नीतिगत र संरचनागत रिक्तताका बीच अब शिक्षकहरूको क्षमता विकासको मुख्य जिम्मेवारी स्थानीय सरकारको काँधमा आइपुगेको छ। प्रादेशिक केन्द्रहरूको भर पर्दा तालिममा ढिलाइ हुने र सबै शिक्षक समेटिन नसक्ने वास्तविकतालाई बुझेर अहिले स्थानीय तहहरू आफैं जुझारु बन्न थालेका छन्। उनीहरूले आफ्नो क्षेत्रभित्रका विद्यालय र शिक्षकहरूको वास्तविक आवश्यकता आफैं पहिचान गरी स्थानीय स्तरमै द्रुत गतिमा आवश्यक तालिम, पुनर्ताजगी कोर्स र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्न थालेका छन्। प्रादेशिक तालिम केन्द्रहरूको सीमिततालाई पूर्ति गर्न र

शिक्षकहरूलाई शिक्षणका आधुनिक विधिहरूसँग जोड्न स्थानीय सरकारहरूको यो अग्रसरता र कार्यशैली आजको सन्दर्भमा निकै सान्दर्भिक र फलदायी सावित भइरहेको छ।

### छ. शिक्षक उत्तरदायित्व

शिक्षण पेसामा उत्तरदायित्वको अर्थ केवल आफ्नो कार्य समय पूरा गर्नु मात्र होइन, आफ्नो कार्यसम्पादन र त्यसको नतिजाप्रति नैतिक एवं कानुनी रूपमा स्वयम् जबाफदेही हुनु हो। एउटा शिक्षक बहुआयामिक वृत्तमा बाँधिएको हुन्छ, जहाँ उसले विद्यार्थी, अभिभावक, प्रधानाध्यापक र समग्र समुदायप्रति आफ्नो दायित्व निर्वाह गर्नुपर्छ। विद्यार्थीप्रतिको उत्तरदायित्व भन्नाले दैनिक शिक्षण मात्र नभई पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए–नभएको लेखाजोखा गर्नु, विद्यार्थीको बुझाइको स्तर र उनीहरूको प्रगतिको जबाफ दिन सक्नु हो। यसै गरी, बालबालिकाको सिकाइ र विकासको क्रमिक अवस्थाबारे अभिभावकलाई नियमित सूचित गर्नु र विद्यालयको आचारसंहिताभित्र रही दैनिक कार्यतालिका अनुसार अध्यापन र मूल्याङ्कनको प्रतिवेदन प्रधानाध्यापकसमक्ष पेस गर्नु शिक्षकको अनिवार्य प्रशासनिक दायित्व हो। शिक्षक सेवा आयोग नियमावली २०५७ ले त शिक्षकको बढुवालाई नै विद्यार्थीको शैक्षिक उपलब्धिसँग जोडेर यो जबाफदेहितालाई थप संस्थागत र नतिजामुखी बनाउने प्रयत्न गरेको छ। कानुनी रूपमा हेर्दा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र स्थानीय स्तरमा गोलञ्जोर गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७४मा समेत शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता र कानुनी सीमाहरू स्पष्ट किटान गरेका छन्। यसले शिक्षकलाई उत्तरदायी बनाउने कानुनी जग बसालेको छ । तर विडम्बना यी नियमहरूको व्यावहारिक कार्यान्वयन र निष्पक्षतामाथि नेपाली शिक्षा क्षेत्रमा सधैं प्रश्न उठ्ने गरेको छ। यही कार्यान्वयनको फितलोपनलाई चिर्न राष्ट्रिय शिक्षा नीति २०७६ ले एक स्पष्ट खाका अघि सारेको छ। यस नीतिले शिक्षकलाई प्रशासनिक दायित्वका लागि प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिको हकमा विद्यार्थी तथा अभिभावकप्रति जबाफदेही बनाउने मार्गचित्र तय गरेको छ।

यस व्यवस्थालाई अझ कसिलो बनाउन विद्यालयका नेतृत्वकर्ता अर्थात् प्रधानाध्यापकलाई पनि समग्र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय सरकारप्रति उत्तरदायी ठहर गरिएको छ। अबको प्रणालीमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको मुख्य कसी नै विद्यार्थीहरूको व्यवहारिक ज्ञान,सीप, नैतिक चरित्र र परीक्षामा हासिल गरेको वास्तविक परिणामलाई बनाइनेछ। जब शिक्षकको वृत्ति–विकास र मूल्याङ्कनलाई कक्षाकोठाको नतिजा, व्यवहार र विद्यार्थीको सिकाइ स्तरसँग प्रत्यक्ष जोडिनेछ, तब मात्र शिक्षकहरू आफ्नो शिक्षण शैलीमा निरन्तर सुधार ल्याउन, आफ्नो पेसागत धर्म निभाउन र कक्षाकोठाप्रति पूर्ण रूपमा जिम्मेवार बन्न प्रेरित हुनेछन्।

## ४.२.२ उद्देश्यहरु

- तहगत कक्षागत तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
- शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु
- शिक्षकको पेशागत विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु
- शिक्षकलाई पुरस्कृत गर्ने र दण्डित गर्ने नीतिलाई व्यवस्थित गर्नु

## ४.२.३ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने

- शिक्षकको निरन्तर पेशागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
- शिक्षक तथा प्रधानाध्यापकको वृद्धि विकासलाई विद्यार्थीको सिकाई सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने
- स्थानीय रुपमा शिक्षकहरूको सञ्जाल निर्माण गरी अनुभवको आदानप्रदान गर्ने व्यवस्था गर्ने र यस प्रक्रियामा प्रविधिको प्रयोगलाई जोड दिइने
- शिक्षकको कार्य सम्पादनमा सुधार ल्याई विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने उत्कृष्ट शिक्षकलाई पालिका स्तरको पुरस्कारको व्यवस्था गरिने र शिक्षकलाई क्रियात्मक अनुसन्धान प्रक्रियाबाट विद्यार्थीको सिकाई उपलब्धिको वृद्धि गर्न प्रेरित गर्ने
- शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाई सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागतरुपमा शिक्षकको व्यवस्थापन भएको हुने
- शिक्षकहरुलाई निरन्तर पेशागत विकासको अवसर प्राप्त भएको हुने

**ख) नतिजा**

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ र पारदर्शी हुनेछ
- विद्यार्थी संख्याको आधारमा शिक्षक वितरण हुनेछ
- शिक्षक पेशा जिम्मेवार र मर्यादित पेशाको रुपमा रूपान्तरण हुनेछ
- शिक्षक सहायता प्रणाली व्यवस्थित हुनेछ
- शिक्षकको पेशागत विकासमा स्थानीय तहको सहयोग हुनेछ
- शिक्षकहरू सूचना तथा सञ्चार प्रविधि प्रति अभ्यस्त हुने र सोको प्रयोग शिक्षण सिकाई प्रक्रियामा समेत हुनेछ
- शिक्षक सञ्जालको निर्माण भई अनुभवको आदानप्रदान हुनेछ

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | शिक्षक नियुक्ति | रिक्त भए लगतै | | | | | | | शिक्षक सेवा आयोग, गाउँपालिका र विद्यालय |
| २ | शिक्षक पेसागत सहयोगका | | | | | | | | गाउँपालिका र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि इ– सन्जाल बनाउने | पटक | | १ | | | १ | २ | विद्यालय |
| ३ | विषयगत शिक्षक वीच छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका र विद्यालय |
| ५ | शिक्षकलाई प्रोत्साहन पुरस्कार कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ६ | असल कामको अभ्यास तथा अवलोकन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

नेपालको शैक्षिक समता र समावेशीकरणको वर्तमान अवस्थालाई विश्लेषण गर्दा यसमा नीतिगत सुधार र व्यावहारिक चुनौतीहरूको सम्मिश्रण पाइन्छ। नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रुपमा स्थापित गर्दै जातजाति, भाषा, धर्म र अपाङ्गताका आधारमा हुने विभेदलाई निषेध गरेको छ । यसै आधारमा स्थानीय तहहरूले बालबालिकाको भाषिक, लैङ्गिक र जातीय विवरण संकलन गरी लक्षित समूहका लागि छात्रवृत्ति, पाठ्यपुस्तक र शैक्षिक सामग्री जस्ता प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । विशेष गरी अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान गर्ने र उनीहरूका लागि सिकाइका वैकल्पिक माध्यमहरू अपनाउने प्रयासहरू भएका छन् । साथै, विद्यालयमा छात्राहरूको लागि महिनावारी स्वच्छता व्यवस्थापन र सेनेटरी प्याडको उपलब्धताले विद्यालयमा उनीहरूको नियमित उपस्थितिलाई बढवा दिएको छ।

यद्यपि, यी सकारात्मक पहलहरूका बाबजुद कार्यान्वयनको तहमा भने अझै धेरै चुनौतीहरु विद्यमान छन्। आर्थिक रुपले विपन्न र भौगोलिक रुपमा दुर्गम क्षेत्रका बालबालिकाहरू अझै पनि गुणस्तरीय शिक्षाको पहुँचबाट टाढा छन् । विद्यालयका भौतिक संरचनाहरु पूर्ण रुपमा अपाङ्ग मैत्री हुन नसक्नु र समावेशी शिक्षाका लागि आवश्यक दक्ष जनशक्ति तथा विशेष शिक्षकहरूको अभाव हुनुले समताको लक्ष्य प्राप्तिमा बाधा पुर्‍याएको छ । पाठ्यक्रमलाई स्थानीय आवश्यकता र मातृभाषासँग जोड्ने प्रयास भएतापनि पर्याप्त शैक्षिक सामग्रीको अभावले गर्दा सबै बालबालिकाले आफ्नै परिवेशमा सिक्न पाएका छैनन् । समग्रमा नेपालमा शैक्षिक समावेशीकरणका लागि बलियो कानुनी जग त निर्माण भएको छ तर स्रोत साधनको उचित व्यवस्थापन र सामाजिक चेतनामा सुधार ल्याएर नीति र व्यवहारबीचको खाडल पुर्नु आजको मुख्य आवश्यकता देखिन्छ ।

### ४.३.२ उद्देश्यहरु

- लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
- लक्षित समूहका बालबालिकाको सिकाई सहभागिता वृद्धि तथा सिकाई उपलब्धि सुधार गर्नु
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुव्र्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाई सहज हुने वातावरण सिर्जना गर्नु
- जोखिममा रहेका विपन्न वर्ग, अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित, जनजाति, दलित, महिला र आर्थिक रुपमा कमजोर वर्गलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु

### ४.३.३ रणनीतिहरू

- विद्यालयमा सिकाईका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप तथा निर्धारित सिकाईका लागि आवश्यक पूर्वाधार पूरा गर्ने
- अपाङ्गताको प्रारम्भिक लेखाजोखा गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकता अनुसार विशेष विद्यालयको प्रबन्ध गर्ने
- छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने
- कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गर्ने
- विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने
- आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाईको अवसर प्रदान गर्न प्राथमिकता दिने
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाईलाई जीवन उपयोगी सीपसँग आबद्ध गर्ने
- सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीको आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुव्र्यवहार, बहिष्करण र हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने
- विद्यालयमा बालमैत्रीपन बढाउन बाल क्लब गठन गरी क्रियाशील बनाउने
- न्यून विद्यार्थी भएका कारण समायोजन भएका तथा कक्षा घटुवा गरेका विकट तथा दुर्गम स्थानमा भएका विद्यालय सेवा क्षेत्रका बालबालिकाहरूको लागि गुणस्तरीय शिक्षाका लागि खाना सहित आवासीय विद्यालयको व्यवस्था गराउने
- विद्यालयमा लैङ्गिक तथा अपाङ्ग मैत्री भौतिक तथा शैक्षिक वातावरण विकास गर्ने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- लक्षित समूहका बालबालिकाको लागि शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित भई सिकाई उपलब्धिमा सुधार आएको हुने

**ख) नतिजा**

- गाउँपालिकाभित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द प्रभावित बालबालिका र सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुनेछ
- विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुनेछ
- विद्यालयहरूमा अपाङ्गता र लैङ्गिक मैत्री वातावरण सिर्जना हुनेछ
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तरमा सुधार हुनेछ
- विद्यालयमा सबै प्रकारका भेदभाव रहित बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री शैक्षिक वातावरण सिर्जना हुनेछ
- किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिनेछ

### ४.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| २ | अपाङ्गता भएका बालवालिकालाई उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ३ | बालवालिकाको सिकाई आवश्यकता अनुसारको सिकाई सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सैस्थासँगको समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ५ | निर्देशिका अनुसार अपाङ्ग बालवालिका छनोट र छात्रवृति वितरण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ६ | अपाङ्गमैत्री विद्यालय सङ्ख्या | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | सङ्घ, प्रदेश र गाउँपालिका |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम एक महत्वपूर्ण खम्बाको रुपमा रहेको छ । यस अन्तर्गत सञ्चालित दिवा खाजा कार्यक्रमले विद्यार्थीहरूको विद्यालय उपस्थिति दरमा सुधार ल्याउनुका साथै बीचमै विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्न सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ । हाल गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षा देखि कक्षा ५ सम्मका ६२ ओटा सामुदायिक विद्यालयका २४५५ बालबालिकाले दिवा खाजा प्राप्त गरिरहेका छन् । सङ्घीय सरकारको अनुदान र गाउँपालिकाको समन्वयमा कार्यान्वयन भइरहेको यो कार्यक्रमले विशेषगरी विपन्न तथा दुर्गम भेगका बालबालिकाहरूको पोषण स्तरमा सुधार ल्याएको छ । विद्यालयहरूमा सरसफाई र स्वच्छताको अवस्थालाई हेर्दा अधिकांश विद्यालयहरूमा आधारभूत खानेपानीको व्यवस्थापन गरिएको भएतापनि भौगोलिक विकटताका कारण केही विद्यालयहरूमा बाह्रै महिना खानेपानीको उपलब्धता अझै पनि चुनौतीको रुपमा रहेको छ। छात्रामैत्री शौचालय र महिनावारी स्वच्छता व्यवस्थापनका लागि गाउँपालिकाले सेनेटरी प्याड वितरण र डिस्पोजलको व्यवस्था मिलाएको छ, जसले गर्दा छात्राहरूको नियमिततामा वृद्धि गरेको छ । स्वास्थ्य र पोषणको असल अभ्यासको रुपमा स्थानीय स्तरमा उपलब्ध हुने खाद्यान्नलाई दिवा खाजाको रुपमा समावेश गर्ने प्रयास गरिएको छ यसले बालबालिकाहरुलाई जङ्कफुडबाट टाढा बनाउन र स्थानीय उत्पादनलाई बढावा दिन मद्दत पुयाएको छ । साथै बागमती प्रदेश सरकारको नीति अनरुप हरेक माध्यमिक विद्यालयहरुमा व्यवस्था भएको विद्यालय नर्स र आधारभूत तहका विद्यालयहरुमा पालिका स्वास्थ्य शाखाको समन्वयमा समय समयमा सञ्चालन गरिने स्वास्थ्य जाँच, जुकाको औषधि र भिटामिन ए वितरण कार्यक्रमले विद्यार्थीहरूको स्वास्थ्य अवस्थालाई सुदृढ बनाउन मद्दत गरेको छ ।

तथापि, प्रभावकारी अनुगमनको अभाव केही विद्यालयमा व्यवस्थित चमेना गृहको कमी र पोषण सम्बन्धी पर्याप्त चेतनाको कमी जस्ता पक्षहरू यस क्षेत्रका चुनौतीहरू हुन्। आगामी दिनमा विद्यालय तहमा विद्यालय नर्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै नियमित स्वास्थ्य परीक्षण र पोषण स्थिति मापन गर्ने अवसरहरू प्रशस्त रहेका छन्।

### ४.४.२ उद्देश्यहरू

- प्रत्येक विद्यालयमा बालबालिकाहरूलाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चिता गर्नु
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई जस्ता स्वच्छताको सेवामा सुधार गरी व्यवहारमा परिवर्तन ल्याउनु
- अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय र सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण स्वास्थ्य र सिकाई उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीतिहरू

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने

- दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र, छात्रा शारीरिक अशक्तता भएका बालबालिकाका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउ,स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने
- सबै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अध्यावधिक गर्ने
- अभिभावक आमा समूहमार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने
- दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूको लागि महिनावारी स्वच्छताका लागि स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने
- सबै विद्यालयहरूमा विद्यालयमा नै खाजा बनाउन सक्ने पूर्वाधार निर्माण गर्ने
- शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गर्ने

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने
- मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधारसहित सुरक्षित तथा रमाईलो सिकाई वातावरणमा पूर्ण पहूँच सहभागिता हुने
- सरसफाई, सुरक्षित खानेपानी तथा महिनावारी स्वच्छताको लागि आवश्यक सेनेटरी प्याडको व्यवस्था गरिने

**ख) नतिजा**

- प्रारम्भिक बालविकास र शिक्षा तथा कक्षा १  मा भर्ना भएका बालबालिकाहरूले आवश्यक खोपको मात्र पूरा गरेका हुनेछन्
- दिवा खाजा प्राप्त गर्ने कक्षाको वृद्धि हुनेछ
- वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्यामा वृद्धि हुनेछ
- खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयको संख्यामा वृद्धि हुनेछ
- आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ
- प्रत्येक विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए, आइरन चक्की, जुकाको औषधि तथा सूक्ष्मपोषण तत्‌वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि सेनेटरी प्याडको व्यवस्था हुनेछ

- प्रत्येक विद्यालयमा सरसफाई सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुनेछ

### ४.४.५ प्रमुख क्रियाकलाप तथा परिण्माणत्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | दिवा खाजा तथा खानाका लागि भान्सा र भण्डार, भाँडावर्तन र आवश्यक सामग्रीको व्यवस्था | पटक | १ | | | | | १ | गाउँपालिका र विद्यालय |
| २ | स्वस्थकर दिवा खाजाको प्रवन्ध | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ३ | बालवालिकालाई व्यक्तिगत सरसफाई तथा स्वच्छता सम्बन्धि शिक्षा | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ४ | कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई स्यानिटरी प्याड वितरण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ५ | विद्यार्थीको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि,आइरन, फोलिक एसिड आदि प्रदान | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका स्वास्थ्यशाखा र विद्यालय |
| ६ | माध्यमिक विद्यालयमा विद्यालय नर्स परिचालन | निरन्तर | √ | √ | √ | √ | √ | | प्रदेश र गाउँपालिका |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ। साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकहरूलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था पनि गरेको छ। अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहीनहरूको लागि विशेष सहयोग र मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणको लागि भौतिक र मानवीय प्रतिक्रिया व्यवस्थापन र कार्यान्वयन मापदण्डहरूको विकास गर्न आह्वान गरेको छ। विद्यालय सुधार योजनामा विपद जोखिम घटाउने र पुनर्लाभिका कार्यक्रमहरू समावेश गर्ने प्रावधानहरू समेटिएका छन् । सरोकारवालाहरूलाई विपद व्यवस्थापनको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरेर

विद्यालयहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्ग मैत्री, सुरक्षित हिंसामुक्त र भयमुक्त सिकाई केन्द्रका रुपमा विकास गर्नुपर्ने विषयलाई उठान गरिएको छ। बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज सन् २०१८ अन्तर्गत सुरक्षित विद्यालयको न्यूनतम मापदण्डले शिक्षा क्षेत्रहरूमा प्राकृतिक प्रकोपको प्रभावलाई केन्द्रित गरी विद्यालय सुरक्षाका तीनवटा स्तम्भहरूमा न्यूनतम मापदण्डहरुलाई जोड दिएको छ अर्थात् सुरक्षित सिकाई सुविधा, विद्यालय विपत् जोखिम व्यवस्थापनको सुदृढीकरण र सरोकारवाला एवं समुदायका लागि प्रकोप जोखिम न्यूनीकरण र लचिलोपन, शिक्षा र तिनीहरूको विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना गरेको छ। बृहत विद्यालय सुधार गुरु योजना सन् २०१७ र विद्यालय सुरक्षा योजना न्यूनतम प्याकेज सन् २०१८ ले विद्यालय सुरक्षाको न्यूनतम मापदण्डहरू कार्यान्वयन गर्न दिशा निर्देश गरेको छ, उक्त प्याकेजले शिक्षक र विद्यार्थीलाई मृत्यु र चोटबाट जोगाउन प्रकोपपछि विद्यालय शिक्षालाई निरन्तरता दिन, शिक्षामा आवश्यक कोष सुरक्षित गर्न, विपत् जोखिम न्यूनीकरण शिक्षाको माध्यमबाट विपत् जोखिम कम गर्न पुनर्लाभको विकास गर्ने जस्ता विभिन्न क्रियाकलापहरुमा जोड दिएको छ । यसले शिक्षा क्षेत्रमा प्राकृतिक प्रकोपको प्रभाव व्यवस्थापनको लागि आधार प्रदान गर्दछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्धनात्मक कार्यक्रमहरूको विकास र कार्यान्वयन, विद्यालय शिक्षाको लागि आन्तरिक र बाह्य वातावरणको लागि न्यूनतम मापदण्डहरू विकास गर्दै अधिकारमा आधारित लैङ्गिक संवेदनशील, सुरक्षा, सरोकार, बालमैत्री र हिंसामुक्त विद्यालयहरुलाई प्रवद्र्घन गर्ने विषयलाई जोड दिएको छ । कोभिड १९को महामारीले शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विभिन्न गतिविधिहरू सञ्चालन भइरहेका छन्। विश्वव्यापी महामारीले नेपालको समाज र अर्थतन्त्रमा नराम्रो असर पारेको छ। नीतिगत र विभिन्न कार्यक्रमहरूको प्रयासद्वारा वैकल्पिक माध्यमबाट सिकाएर विद्यार्थीको सिकाइमा कोभिड १९ को प्रभावलाई कम गर्ने प्रयासहरु भइरहेका छन् । विद्यालय शिक्षामा कोभिड १९ प्रेरित  चुनौतीहरूमध्ये बालबालिकाको सिकाइमा हुने हानिलाई न्यूनीकरण गर्न शिक्षकहरूको प्रेरणा र समर्पण कायम राख्नु, विभिन्न स्थानहरू र विभिन्न समूहहरूका लागि उपयुक्त सिकाईका वैकल्पिक मोडलहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिनु र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने क्षमता विकास गर्नु हो। यसका लागि कोभिड–१९ बाट शिक्षा क्षेत्रमा परेको प्रभाव र त्यसबाट सिकाइमा परेको नोक्सानीको मूल्याङ्कन गरी कोभिड १९ बाट हुने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न र पठनपाठनलाई निरन्तरता दिन रिकभरी योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ। त्यसैगरी शिक्षा प्रणालीलाई भविष्यमा आउने यस्तै महामारी एवं प्रकोपसँग जुध्न दीर्घकालीन विकास आवश्यक छ। यसका लागि सूचना प्रविधि तथा अन्य सिकाई प्रणालीको उपलब्धता र प्रयोगलाई विस्तार गर्नु जरुरी छ।

यस गाउँपालिकामा पनि विभिन्न समयमा विपत् तथा संकट आइपरेका छन् । यस्तो अवस्थामा शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिन तथा विपत् तथा संकटको घडीमा पनि विचलित नभई सोको व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गर्दै आएको छ। विभिन्न प्रकारका प्राकृतिक प्रकोप एवं विपत्का लागि सहयोगार्थ यस गाउँपालिकामा सरकारी निकायका अतिक्ति नेपाल रेडक्रस सोसाइटी ग्वाल्टार उपशाखाका साथै अन्य सङ्घसंस्थाले कार्यहरू गर्दै  आइरहेका छन् । जलवायु परिवर्तन जस्ता कारणले बाढी, पहिरो खडेरी, अतिवृष्टि, तथा भुकम्प जस्ता प्रकोपहरुले शिक्षा क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको छ । विपत्को बेला विद्यालयहरू आश्रय स्थलको रुपमा प्रयोग हुँदा पठनपाठनमा बाधा पुगेको छ । जसबाट विद्यालयमा नियमित बालबालिकाको उपस्थितिमा गिरावट, सिकाई उपलब्धिमा  ह्रास तथा विद्यालय छोड्ने बालबालिकाको सङ्ख्या वृद्धि जस्ता असरहरु देखा परेका छन्।

### ४.५.२ उद्देश्यहरु

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
- आपतकालीन अवस्थामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा वैकल्पिक सिकाईको व्यवस्था गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु
- बृहत सुरक्षित विद्यालय र विपत् जोखिम न्यूनीकरणलाई विद्यालयको पाठ्यक्रम तथा शिक्षकको पेशागत विकासमा एकीकृत गरी यसलाई विद्याथीर्, शिक्षक, अभिभावक तथा समुदायमा प्रवाह गर्नु
- संकटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु

## ४.५.३ रणनीतिहरू

- विद्यार्थी, शिक्षक र अभिभावकको प्रकोप रोकथाम र पुनस्र्थापनाका लागि क्षमता विकास गर्ने
- विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइने
- सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी र प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी गराउने
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
- स्थानीय तहमा शिक्षा समूह निर्माण तथा परिचालन गर्ने
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमन र निरीक्षण गर्ने
- विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्ध सरकारी निकायबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

## ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने
- हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने

- जलवायु ऊर्जा र वातावरण सम्बन्धी सचेतना वृद्धि भएको हुने

**ख) नतिजा**

- बालबालिकालाई आधारभूत जीवनसिप सहित कोभिड १९ जस्ता महामारी तथा विपत जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालयको सङ्ख्यामा वृद्धि हुनेछ
- विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्व तयारीको योजना तथा क्षमता विकास भएको हुनेछ
- महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाई कार्य निरन्तर हुनेछ
- जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयको सङ्ख्यामा वृद्धि हुनेछ

**४.५.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | गाउँपालिका |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थाननशीलताका लागि सचेतना कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा विपत् व्यवस्थापन सम्बन्धि विषयवस्तु समावेश | पटक | १ | | | | | १ | गाउँपालिका |
| ५ | स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका र विद्यालय |
| ६ | भर्चुअल सिकाई सम्बन्धी शिक्षकको क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**४.६.१ वर्तमान अवस्था**

*तालिका 13 विद्यालयगत रुपमा भवन तथा कक्षाकोठा तथा अन्य कोठाको अवस्था*

| विद्यालयको नाम | भवन सङ्ख्या | | कक्षाकोठा | | कार्यालय कोठा | पुस्तकालय कोठा | प्रयोगशाला कोठा | अन्य कोठा | जम्मा कोठा | शौचालय | भवनको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | | |
| श्री सिद्धेश्वर प्रा.वि. धन्सार | ० | १ | ० | ४ | १ | ० | ० | ० | ५ | भएको | थप आवश्यक |
| श्री कालिका प्रा.वि.जुकेपानी | ० | २ | ० | ४ | १ | ० | ० | २ | ७ | भएको | सामान्य |
| श्री पटनादेवी प्रा.वि. कटुन्जे | ० | १ | ० | ४ | १ | ० | ० | ० | ५ | भएको | सामान्य |
| श्री प्रा.वि. च्याकुटार | ० | १ | ० | ५ | १ | ० | ० | ० | ६ | भएको | जिर्ण |
| श्री विन्देश्वरी आ.वि.ज्यामिरे | १ | २ | ३ | ५ | १ | ० | १ | ० | १० | भएको | १ जिर्ण |
| श्री सिद्धेश्वर प्रा.वि.सिमल्टार | १ | १ | २ | ३ | १ | ० | ० | ० | ६ | भएको | थप आवश्यक |
| श्री पाटनदेवी प्रा.वि.कात्तिके | ० | २ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | जिर्ण |
| श्री सुनकोशी प्रा.वि. च्याकुटारवेशी | २ | ० | ५ | ० | १ | ० | ० | ० | ६ | भएको | सामान्य |
| श्री विन्दावासिनी प्रा.वि. भञ्याङ्गखानी | ० | १ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | जिर्ण |
| श्री कामदा मा.वि. डुडभञ्याङ्ग | ३ | ० | १६ | ० | १ | १ | १ | ४ | २३ | भएको | राम्रो |
| श्री सत्यदेवी प्रा.वि. पुकुटार | ० | १ | ० | ४ | १ | ० | ० | ० | ५ | भएको | सामान्य |
| श्री जाल्पादेवी प्रा.वि. हकृपुर | ० | २ | ० | ४ | १ | ० | ० | ० | ५ | भएको | सामान्य |
| श्री सिहेशवरी प्रा.वि. थाक्ले | ० | २ | ० | ४ | १ | ० | ० | १ | ६ | भएको | सामान्य |
| श्री सुनकोशी प्रा.वि. कुखुरेटार | ० | ३ | ० | ३ | १ | ० | ० | ३ | ७ | भएको | सामान्य |
| श्री आधारभूत विद्यालय धारापानी | ० | ४ | ० | ८ | १ | ० | ० | १ | १० | थप आवश्यक | थप आवश्यक |
| श्री काललहरी प्रा.वि. भञ्याङ्ग | ० | २ | ० | ४ | १ | ० | ० | १ | ६ | थप आवश्यक | थप आवश्यक |
| श्री वाल मा.वि. सुलिभञ्याङ्ग | ३ | १ | ९ | २ | ३ | १ | २ | ३ | २० | भएको | राम्रो |
| श्री वाल प्रगतिशील प्रा.वि. हमालडिही | ० | १ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | जिर्ण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री पाटनदेवी प्रा.वि.किटिनीभञ्ज्याङ्ग | ० | २ | ० | २ | १ | ० | ० | ० | ३ | भएको | जिर्ण |
| श्री बच्चापानी प्रा.वि. सान्ने | ० | १ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | सामान्य |
| श्री सुनकोशी इङ्ग्लिस फ्रन्टिएर वोर्डिङ्ग स्कुल | ० | ३ | ० | १४ | १ | ० | ० | ० | १५ | भएको | सामान्य |
| श्री कुश्वेश्वरी प्रा.वि. सिम्लेवेशी | १ | ० | ३ | ० | १ | ० | ० | ० | ४ | भएको | राम्रो |
| श्री सिद्धकाली प्रा.वि. भदौरे | ० | २ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | सामान्य |
| श्री प्रा.वि. धेद्रे | १ | २ | २ | ३ | १ | ० | ० | १ | ७ | भएको | थप आवश्यक |
| श्री कौशिका मा.वि. ग्वालटार | ५ | ० | १७ | ० | २ | २ | १ | ९ | ३१ | थप आवश्यक | राम्रो |
| श्री कालिका प्रा.वि. मुर्कीगाउँ | ० | ३ | ० | ६ | १ | ० | ० | ० | ७ | भएको | सामान्य |
| श्री पञ्चवती आ.वि. तीनघरेडाँढा | १ | २ | ४ | २ | १ | ० | ० | १ | ८ | भएको | सामान्य |
| श्री वत्सला मा.वि. दिङदिङ किराँते | २ | ३ | ६ | ५ | १ | १ | १ | ३ | १७ | भएको | सामान्य |
| श्री महादेव प्रा.वि. मुलडाँडा | ० | २ | ० | ३ | १ | ० | ० | ० | ४ | थप आवश्यक | सामान्य |
| श्री कालिका प्रा.वि. डुँडे | ० | २ | ० | ४ | १ | ० | ० | ० | ५ | भएको | सामान्य |
| श्री प्रा.वि. वितिजोर कुभिण्डे | १ | १ | ३ | २ | १ | ० | ० | ० | ६ | भएको | राम्रो |
| श्री वाल आ.वि. ढुङ्ग्रे | १ | ३ | ३ | ६ | १ | ० | ० | ० | १० | भएको | सामान्य |
| श्री भाविनी प्रा.वि. खोक्लिङ | ० | २ | ० | ३ | १ | ० | ० | २ | ६ | भएको | सामान्य |
| श्री प्रा.वि. ट्वाङट्वाङे | १ | १ | ३ | २ | १ | ० | ० | ० | ६ | भएको | सामान्य |
| श्री शारदा मा.वि. वेखटाँडी | ३ | २ | ८ | ५ | १ | १ | १ | ३ | १९ | थप आवश्यक | सामान्य |
| श्री सरस्वती प्रा.वि. लामीडाँडा | ० | १ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | सामान्य |
| श्री आ.वि. हिर्दिङ्धुराडाँडा | ० | ३ | ० | ६ | १ | ० | ० | ० | ७ | भएको | सामान्य |
| श्री प्रावि. विजयछाप | ० | १ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | सामान्य |
| श्री प्रावि. रतनभुरा | ० | १ | ० | ३ | १ | ० | ० | १ | ५ | भएको | सामान्य |
| श्री आ.वि. थलडाँडा | ० | २ | ० | ५ | १ | ० | ० | ० | ६ | भएको | सामान्य |
| श्री महाकाली प्रा.वि. | ० | २ | ० | ५ | १ | ० | ० | ० | ६ | भएको | सामान्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आहालडाँडा | | | | | | | | | | |
| श्री मा.वि. नयाँखर्क | १ | ४ | ३ | १२ | १ | ० | ० | ३ | १९ | भएको | सामान्य |
| श्री जनता मा.वि. खनियाँखर्क | ३ | २ | १२ | ४ | १ | १ | १ | १ | २० | भएको | सामान्य |
| श्री लोक भावना प्रा.वि.खानीनिगाले | ० | २ | ० | ३ | १ | ० | ० | ० | ४ | भएको | सामान्य |
| श्री जनएकता प्रा.वि.देउराली | ० | २ | ० | १ | १ | ० | ० | ४ | ६ | भएको | सामान्य |
| श्री ऋतमभरा ज्ञानस्वरु विद्यालय | ० | ३ | ० | ५ | १ | ० | ० | १ | ७ | भएको | सामान्य |
| श्री प्रा.वि. बन्दिजोर कटहरे | ० | १ | ० | २ | १ | ० | ० | ० | ३ | भएको | सामान्य |
| श्री प्रा.वि. नाकाजोली | १ | १ | १ | ४ | १ | ० | ० | २ | ८ | भएको | सामान्य |
| श्री जनता प्रा.वि. छेत्पा | १ | ० | ३ | ० | १ | ० | ० | ० | ४ | भएको | राम्रो |
| श्री वाशेश्वर प्रा.वि. बलेनी | १ | ३ | २ | ४ | १ | ० | ० | १ | ८ | भएको | सामान्य |
| श्री गणेश प्रा.वि. मगरवेशी | १ | ० | ३ | ० | १ | ० | ० | ० | ४ | भएको | राम्रो |
| श्री प्रभात आ.वि.देउरालीटार | १ | ४ | १ | ७ | १ | ० | ० | ४ | १३ | थप आवश्यक | थप आवश्यक |
| श्री मंगला मा.वि. घोक्सिला | २ | ५ | ० | १४ | १ | १ | १ | ५ | २२ | भएको | सामान्य |
| श्री कल्यान प्रा.वि. हैवारवेशी | ० | ३ | ० | ५ | १ | ० | ० | १ | ७ | भएको | सामान्य |
| श्री प्रगतिशील जनता प्रा.वि. गैरीगाउँ | ० | २ | ० | ३ | १ | ० | ० | १ | ५ | भएको | सामान्य |
| श्री वालकन्या प्रा.वि. हैवारगाउँ | १ | १ | ३ | ३ | १ | ० | ० | ० | ७ | भएको | सामान्य |
| श्री कालिका प्रा.वि. नारायणडाँडा | ० | २ | ० | ३ | १ | ० | ० | १ | ५ | भएको | सामान्य |
| श्री बागेश्वरी प्रा.वि. झगरपुर | ० | २ | ० | २ | १ | ० | ० | ० | ३ | भएको | सामान्य |
| श्री बालकल्याण प्रा.वि.माथिल्लोवेशी | ० | ३ | ० | ५ | १ | ० | ० | १ | ७ | भएको | सामान्य |
| श्री पुष्प आ.वि. बाराहा | ० | ४ | ० | १ | १ | ० | ० | ६ | ८ | भएको | सामान्य |
| श्री बालज्योती प्रा.वि.ठूली पोखरी | ० | ३ | ० | ५ | १ | ० | ० | २ | ८ | थप आवश्यक | थप आवश्यक |
| श्री जनजागृति प्रा.वि.आरुखोला | ० | १ | ० | १ | १ | ० | ० | ० | २ | भएको | सामान्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री जनकल्याण प्रा.वि. राताटार | ० | १ | ० | २ | १ | ० | ० | ० | ३ | भएको | सामान्य |
| श्री जनज्योती मा.वि. खुर्कोट | ३ | २ | १९ | ० | २ | १ | १ | ११ | ३४ | भएको | राम्रो |
| श्री प्याराडाईज इ.वो.स्कुल खुर्कोट | ० | ५ | ० | १३ | १ | १ | १ | १ | १७ | भएको | सामान्य |
| जम्मा | ४१ | १२४ | १३१ | २५० | ६८ | १० | ११ | ८० | ५५१ | | |

गोलन्जोर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शैक्षिक सत्र २०८२ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ६२ वटा सामुदायिक विद्यालय र ३ वटा संस्थागत विद्यालय गरी जम्मा ६५ वटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमध्ये प्रारम्भिक बाल विकास र शिक्षा मात्र सञ्चालित विद्यालयको सङ्ख्या ३ वटा, कक्षा १ मात्र सञ्चालन हुने विद्यालयको संख्या १ वटा, कक्षा १ र २ मात्र सञ्चालन भएको विद्यालयको संख्या १ वटा-निजी विद्यालय), कक्षा १ देखि ३ सम्म सञ्चालन भएको विद्यालयको संख्या १६ वटा, कक्षा १ देखि ४ सम्म सञ्चालन भएको विद्यालयको संख्या ४ वटा, कक्षा १ देखि ५ सम्म सञ्चालन भएको विद्यालयको संख्या २३ वटा, कक्षा १ देखि ६ मात्र सञ्चालन भएको विद्यालयको संख्या १ वटा, कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालन हुने विद्यालयको संख्या ६ वटा-१ निजी विद्यालय सहित), कक्षा १ देखि १० मात्र सञ्चालन भएको विद्यालयको संख्या ४ वटा-१ निजी विद्यालय सहित) र कक्षा १ देखि १२ सम्म सञ्चालन हुने विद्यालयको सङ्ख्या ६ वटा रहेका छन्। ती विद्यालयहरूमा जम्मा कक्षाकोठा संख्या ३८१, जसमध्ये पक्की कक्षाकोठा संख्या १३१, कच्ची कक्षाकोठा संख्या २५०, पुस्तकालयको लागि प्रयोग भएको कोठा १०, प्रयोगशालाको लागि प्रयोग भएको कोठा ११ कार्यालयको लागि प्रयोग भएको कोठा ६८, अन्य प्रयोजनको प्रयोग भएको कोठा सङ्ख्या ८० रहेका छन् । सुगम तथा यातायतको साधनको पहूँचमा रहेका माध्यमिक तहका र केही आधारभूत तहका विद्यालयमा पक्की भवन बनेको भएपनि अधिकांश विद्यालय ट्रष्ट छानो भएको र कच्ची रहेका छन् । प्रत्येक विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएतापनि पर्याप्त देखिँदैन। तालिकामा उल्लेख नभएका तर प्राय भौगोलिक रुपमा विकटमा रहेका विद्यालयहरुमा पर्याप्त खानेपानीको अभाव, खेलमैदान, कम्पाउन्ड घेराबारको समस्या रहेको छ । केही विद्यालयहरु जिर्ण अवस्थामा रहेका कारण तत्काल मर्मत गर्नुपर्ने तथा नयाँ निर्माण गर्नुपर्ने देखिन्छ भने केही विद्यालयमा भने कक्षाकोठा अपर्याप्त रहेकाले नयाँ भवन निर्माण र थप शौचालय निर्माण गर्नुपर्ने देखिन्छ ।

### ४.६.२ उद्देश्यहरु

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
- सबै विद्यालयहरूमा सिकाईका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्न
- पूर्वाधार विकासमा नीतिगत व्यवस्था अनुरुपको सुरक्षित जोखिम रहित मापदण्ड अनुसारका संरचना सहित पूर्वाधार विकास गर्नु
- शिक्षण सिकाई क्रियाकलाप अनुकूल हुनेगरी बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक मैत्री, आधारभूत सुविधासहितको पूर्वाधार विकास गर्नु

### ४.६.३ रणनीतिहरू

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी संख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रका आधारमा मापदण्ड विकास गर्ने
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकता अनुसार सबलीकरण तथा पुनर्निर्माण एवं मर्मत सम्भार गर्ने
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
- भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणली अपनाउने
- विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवं गैरसरकारी तथा समुदायमा आधारित संघ संस्थाको पहिचान गरी साझेदारीमा निर्माण कार्य गर्ने
- सुरक्षित मापदण्ड अनुसारका क्ष्यत् संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माणमा ध्यान दिइने
- विद्यालयमा प्राथमिक उपचार सहितको पूर्वाधार तयार गर्ने

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- जोखिम रहित सुरक्षित र न्यूनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरी प्रभावकारी सिकाई क्रियाकलापको वातावरण तयार हुने
- विद्यालयका भौतिक संरचना बालमैत्री लैङ्गिक मैत्री अपाङ्गमैत्री र सुरक्षित हुने

**ख) नतिजाहरु**

- भूकम्प प्रतिरोधी विद्यालयको सङ्ख्या, कक्षाकोठाको सङ्ख्या र शौचालयको सङ्ख्यामा वृद्धि हुनेछ
- बाढीपहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालयको सङ्ख्यामा बढोत्तरी हुनेछ
- सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार निर्माण भएको हुनेछ
- सबै विद्यालयमा गणित, विज्ञानको प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, चमेना गृह, बालउद्यान र स्वच्छ खानेपानीको उपलब्धतामा वृद्धि हुनेछ
- भौतिक पूर्वाधार विकासका लागि स्रोत व्यवस्थापन गर्न सरकारी तथा गैरसरकारी संघसंस्था, अभिभावक आदिमा सहकार्य हुनेछ
- सबै विद्यालयमा बालमैत्री, लैङ्गिक मैत्री तथा अपाङ्ग मैत्री सहितको भौतिक पूर्वाधार विकास भएको हुनेछ

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | विद्यालय भवन निर्माण | पटक | | | | | | आवश्यकता अनुसार | सङ्घ, प्रदेश र गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयमा बनेका संरचनाको मर्मत सम्भार र फर्निचर व्यवस्थापन | पटक | | | | | | आवश्यकता अनुसार | गाउँपालिका र विद्यालय |
| ३ | छात्रा,छात्र र अपाङ्गको लागि छुट्टाछुट्टै शौचालय र खानेपानीको प्रबन्ध | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | १० | १० | ३५ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ४ | विद्यालयको सबलीकरण | विद्यालय सङ्ख्या | १० | १२ | १२ | १४ | १४ | ६२ | गाउँपालिका |
| ५ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | सङ्घ, प्रदेश र गाउँपालिका |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधि (ICT) आजको शिक्षामा गुणस्तर, पहुँच, नवप्रवर्तन र समावेशीकरणको महत्वपूर्ण माध्यम बन्न पुगेको छ। डिजिटल प्रविधिको प्रयोगले सिकाइलाई विद्यार्थी केन्द्रित, व्यावहारिक, र अन्तरक्रियात्मक बनाउने मात्र होइन, ग्रामीण तथा दुर्गम क्षेत्रका बालबालिकालाई पनि समान शिक्षाको अवसर उपलब्ध गराउँछ।

नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको छ, जसअनुसार प्रत्येक नागरिकले सार्वजनिक सरोकारका विषयमा सूचना प्राप्त गर्न सक्ने अधिकार पाउँछ। यसले शिक्षामा ICT प्रयोगलाई संवैधानिक रुपमा समेत सशक्त बनाएको छ।

नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सबै नागरिकलाई सूचना प्रविधिमा पहुँच दिने उद्देश्यसहित पूर्वाधार निर्माण, सञ्जाल विस्तार, र मानव संशाधन विकासमा बल दिएको छ। यसै सन्दर्भमा गोलन्जोर गाउँपालिकाले शिक्षा प्रणालीलाई प्रविधिमैत्री बनाउँदै गुणस्तरीय शिक्षाको विस्तार गर्न दीर्घकालीन योजना तयार पारेको छ। यस अन्तर्गत प्रत्येक विद्यालयमा कम्प्युटर ल्याब, स्मार्ट बोर्ड, ई–पुस्तकालय, डिजिटल साक्षरता तालिम र स्थानिय डिजिटल सामग्री विकासको व्यवस्था गरिँदैछ। साथै AI र मल्टिमिडिया प्रविधिको प्रयोगमार्फत शिक्षाको गुणस्तर र पहुँच विस्तार गरिनेछ।

### ४.७.२ उद्देश्यहरु

- गाउँपालिकाभित्रका विद्यालयहरूमा क्ष्त्रत् पूर्वाधार विकास गर्दै डिजिटल शिक्षामा पहुँच सुनिश्चित गर्नु
- शिक्षक र विद्यार्थीमा डिजिटल साक्षरताको विकास गरी शिक्षण र सिकाइमा प्रविधिको प्रयोग अभिवृद्धि गर्नु
- अनलाइन तथा अफलाइन माध्यमबाट शिक्षाको निरन्तरता र गुणस्तर सुधार गर्नु
- स्थानीय स्तरमै डिजिटल शिक्षण सामग्रीको निर्माण र उपयोग गर्न सक्ने वातावरण निर्माण गर्नु

- विद्यालय प्रशासनमा पारदर्शिता र सूचना प्रवाह सुधार गर्न IEMIS प्रणालीलाई पूर्ण रूपमा क्रियाशील बनाउनु
- शिक्षक तथा कर्मचारीको तलबभत्ता IEMIS प्रणाली मार्फत माग गर्ने

### ४.७.३ रणनीतिहरु

- प्रत्येक माविहरूमा कम्प्युटर ल्याब स्थापना गर्ने
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
- ५ वर्षभित्र सबै आधारभूत विद्यालयहरूमा कम्प्युटर, प्रोजेक्टर, प्रिन्टर र स्मार्ट बोर्डको व्यवस्था गर्ने
- डिजिटल साक्षरता तालिम, स्थानीय सामग्री निर्माण तालिम र प्रविधिमा आधारित शिक्षण पद्धतिमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने
- शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहँुच विस्तार गर्ने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको प्रभावकारिता र उपलब्धताको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने
- विद्यालयहरुमा कम्प्युटर, इन्टरनेट, स्मार्टबोर्ड लगायत अन्य विविध सूचना तथा सञ्चार प्रविधिका साधनको व्यवस्थापन गर्नका लागि विभिन्न साझेदार सङ्घसंस्थासँग सहकार्य गर्ने

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुने
- विद्यालयको शिक्षण सिकाइमा क्ष्र्त्को सान्दर्भिक प्रयोग गरी क्ष्र्त्लाई वैकल्पिक माध्यमको विस्तार गर्नुका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै विद्यार्थी तथा अभिभावक समेत साधारण डिजिटल साक्षर हुने
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुने

#### ख) नतिजाहरू

- पालिका र विद्यालय स्तरमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति तथा गुरु योजना निर्माण भएको हुनेछ
- सबै विद्यालयहरूमा विद्युतको पहुँच पुगेको हुनेछ
- योजनाको अन्तमा सबै विद्यालयहरूमा इन्टरनेट जडान भएको हुनेछ
- प्रत्येक विद्यालयमा प्रविधिको पूर्वाधारसहित न्यूनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाई क्रियाकलाप भएको हुनेछ
- प्रत्येक विद्यालयमा आधुनिक सुसम्पन्न गणित, विज्ञान र कम्प्युटर प्रयोगशालाहरू निर्माण भएको हुनेछ
- शिक्षण सिकाई क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या वृद्धि हुनेछ
- मुख्य विषयमा डिजिटल पाठ्यसामग्रीको प्रयोग गर्ने विद्यालयको सङ्ख्या वृद्धि हुनेछ
- व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या विस्तार हुनेछ

- कक्षा शिक्षणका लागि स्मार्टबोर्डको प्रयोग गर्ने विद्यालयको सङ्ख्या विस्तार गरिनेछ यसका लागि माध्यमिक विद्यालयहरुलाई पहिलो प्राथमिकता दिइनेछ र क्रमश.. आधारभूत विद्यालयलाई पनि प्राथमिकतामा राखिनेछ

### ४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि कार्ययोजना निर्माण | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | विद्युतको पहुँच पुगेको विद्यालयको सङ्ख्या | सङ्ख्या | ६२ | २ | १ | | | ६५ | सङ्घ,प्रदेश,विद्युत प्राधिकरण र गाउँपालिका |
| ३ | शिक्षण सिकाईमा कम्प्युटर लगायतका अन्य प्रविधिको प्रयोग भएको विद्यालयको सङ्ख्या | सङ्ख्या | | | | | | ६५ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ४ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | सङ्ख्या | ६० | ५ | | | | ६५ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ५ | मुख्य विषयमा डिजिटल सामग्रीको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | सङ्ख्या | | | | | | ६५ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ६ | व्यवस्थापकीय कार्यमा कम्प्युटर तथा पैविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | सङ्ख्या | | | | | | ६५ | गाउँपालिका |
| ७ | स्मार्टबोर्डको प्रयोग गर्ने माध्यमिक विद्यालय | सङ्ख्या | १ | १ | २ | २ | २ | ८ | सङ्घ, प्रदेश र गाउँपालिका |

# परिच्छेद ५ अन्य उपक्षेत्र

## ५.१ समावेशी र समतामुलक शिक्षा

### ५.१.१ वर्तमान अवस्था

समावेशी शिक्षा भन्नाले सबै बालबालिकाले आफ्नो सामाजिक, सांस्कृतिक, भाषिक तथा व्यक्तिगत भिन्नतासहितको पहिचानलाई सम्मान गर्दै, विभेदरहित वातावरणमा आफ्नै समुदायभित्र गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्ने सुनिश्चित प्रक्रिया हो। यस अवधारणाले सबै बालबालिकामा सिक्ने क्षमता हुन्छ भन्ने विश्वासलाई आत्मसात गर्दै, उनीहरूलाई समान आधारमा अवसर दिने मान्यता राख्दछ।

गोलन्जोर गाउँपालिकाको सन्दर्भमा अझै पनि गरिबी, अपाङ्गता, जातीय विभेद, भूगोल, भाषा र लैङ्गिक असमानताका कारण शिक्षा पहुँचबाट बञ्चित बालबालिकाको सङ्ख्या उल्लेखनीय छ। यस्तो पृष्ठभूमिमा समावेशी शिक्षा उपयुक्त मात्र नभई अत्यन्त सान्दर्भिक विषय बनेको छ। समावेशी शिक्षाले विशेष रूपमा सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समूहका बालबालिकालाई शिक्षामा पहुँच दिलाउन, सक्रिय सहभागी बनाउन र उनीहरूको मौलिक अधिकारको प्रत्याभूति गर्न मद्दत गर्छ।

नेपालको संविधान २०७२ को धारा ३१ -शिक्षाको हक), धारा ३८, ३९, ४०, ४१ र ५१ -ज) ले पनि सबै नागरिकलाई विभेदरहित गुणस्तरीय शिक्षा पाउने हक सुनिश्चित गरेको छ। यस्तै, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २४ ले सबै बालबालिकाले समान अवसरमा शिक्षा पाउनुपर्ने अधिकारको संरक्षण गर्छ, जसमा नेपालले हस्ताक्षर गरी संसदबाट अनुमोदन समेत गरिसकेको छ।

नेपाल सरकारले समावेशी शिक्षाको सैद्धान्तिक मान्यता पुष्टि गर्दै अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी गरेको छ। यस नीतिले सबै बालबालिकालाई समावेशी बनावटको विद्यालय प्रणालीमा सहभागी गराउने र कुनै पनि प्रकारको भेदभाव नगरी सबैलाई समान अवसर दिने व्यवस्था गरेको छ। नेपालमा समावेशी शिक्षाको अवधारणाको विकास अपेक्षाकृत नयाँ भए तापनि यसभन्दा अगाडि विशेष शिक्षा प्रणालीमार्फत केही पहलहरू भएका थिए√ जस्तैः लेबोरेटरी हाई स्कूल-२०२१), केन्द्रीय बहिरा विद्यालय नख्खु, ललितपुर -२०२३), खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौं -२०२६) आदी।

गोलन्जोर गाउँपालिकाले आगामी पाँच वर्षको शिक्षा योजनामा समावेशी शिक्षालाई प्राथमिकतामा राख्दै सबै जात, वर्ग, लिङ्ग, भाषा, क्षमता र सामाजिक अवस्था भएका बालबालिकाले गुणस्तरीय शिक्षामा सहभागिता जनाउन सक्ने वातावरण सिर्जना गर्नेछ। यो योजना सामाजिक न्याय, समान अवसर र सहभागितामूलक सिकाइ प्रक्रियामार्फत समावेशी समाज निर्माणको दिशामा एउटा महत्त्वपूर्ण पाइला हुनेछ।

### ५.१.२ उद्देश्य

- सबै समुदाय, जाति, लिङ्ग, अपाङ्गता भएका बालबालिकालाई शिक्षामा समान पहुँच र अवसर सुनिश्चित गर्नु

### ५.१.३ रणनीतिहरु

- छात्रवृत्ति, सामग्री सहयोग, ब्रिज कोर्स सञ्चालन गर्ने
- भौतिक संरचना सुधार, शौचालय, कक्षाकोठा, घेराबार तथा सौन्दर्यकरण गर्ने
- लैगिङ्गक, अपाङ्गमैत्री संरचना र पहुँचयोग्य वातावरण निर्माण गर्ने
- सीमान्तकृत समुदायका लागि विशेष अवसरहरु सुनिश्चित गर्ने

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

- आवश्यकता अनुसार छात्रवृत्ति वितरण र स्टेशनरी सामग्री उपलब्ध हुने
- विद्यालयहरूमा अपाङ्गमैत्री पहुँचयोग्य भौतिक पूर्वाधारमा साथै विशेष शौचालय निर्माण गर्ने
- जातीय/अल्पसंख्यक समुदायका बालबालिकालाई विद्यालय पोषण कार्यक्रम लागु गर्ने

#### ख) नतिजा

- बालमैत्री कक्षाकोठा निर्माण हुनेछ
- छात्रामैत्री संरचना तथा सिकाइ वातावरण निर्माण हुनेछ
- लैङ्गिक हिंसा सम्बन्धी जनचेतना कार्यक्रमहरु -जस्तै सडक नाटक, सम्बाद आदी) आयोजना हुनेछ
- घेराबार र सुरक्षित खेल मैदान निर्माण हुनेछ
- आवश्यकता पहिचान गरि ब्रिज कोर्षहरु संचालन हुनेछ

### ५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | छात्रवृत्ति वितरण र सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २ | अपाङ्गमैत्री पहुँचयुक्त संरचना निर्माण | पटक | | १ | | | १ | २ | गाउँपालिका र विद्यालय |
| ३ | बालमैत्री कक्षाकोठा र सुरक्षित खेलमैदान निर्माण | पटक | | १ | | | १ | २ | गाउँपालिका र विद्यालय |
| ४ | लैङ्गिक हिंसा र सामाजिक समानता सम्बन्धी कार्यक्रम आयोजना | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका र विद्यालय |
| ५ | सीमान्तकृत समूह लक्षित विद्यालय सुधार कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अनौपचारिक शिक्षा, समूदायमा आधारित शिक्षा तथा जीवन पर्यन्त सिकाई जस्ता कार्यक्रमहरु सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ७ | अटिज्म, डाउन सिन्ड्रम, ब्म्ज्म् अथवा बौद्धिक अपांगता भएका बालबालिकाको प्रारम्भिक पहिचान, अभिभावक सचेतीकरण, तथा शिक्षकहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |

# परिच्छेद ६ सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

शिक्षा प्रणालीको गुणस्तर सुधार तथा सबैका लागि समावेशी, उत्तरदायी र पारदर्शी शिक्षा सुनिश्चित गर्न सुशासन तथा क्षमता अभिवृद्धि अत्यन्त आवश्यक विषय हो। गोलन्जोर गाउँपालिकाले शिक्षा क्षेत्रको समग्र सुधारका लागि नीति, योजना तथा कार्यान्वयनमा सहभागितामूलक र उत्तरदायी प्रणालीको विकासलाई विशेष प्राथमिकता दिएको छ। शिक्षा सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्यका साथ स्थानीय तह, विद्यालय, अभिभावक, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवालाबीच स्पष्ट भूमिका, दायित्व र समन्वय कायम राख्न आवश्यकता छ। यसका लागि सबै सरोकारवालाको क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापन समितिको सशक्तिकरण, पारदर्शिता, जवाफदेहिता, अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण प्रमुख आधार बन्नेछ ।

विद्यार्थीको समग्र विकासका लागि नेतृत्व विकास, वालक्लब गठन तथा परिचालन, सिकाइलाई रमाइलो, प्रयोगात्मक तथा स्थानीय सन्दर्भ अनुकूल बनाउने कार्यहरू अत्यन्त प्रभावकारी सावित हुनेछन्। यस्ता अभ्यासहरू संस्थागत र प्रणालीगत ढंगले अघि बढाउने उद्देश्यले गोलन्जोर गाउँपालिकाको शिक्षा योजनामा सुशासन र क्षमता अभिवृद्धिलाई एक प्रमुख रणनीतिक क्षेत्रको रूपमा समावेश गरिएको हो । योजनाबद्ध रूपमा सञ्चालन गरिने गतिविधिहरू जस्तैः सुझाव पेटिका स्थापना, शिक्षक अभिमुखीकरण तालिम, अभिभावक भेला, अनुगमन समिति गठन, विद्यालय स्तरीय प्रदर्शनी, बाल क्लब सञ्चालन, सिकाइ प्रयोगशालाको विकास, शैक्षिक मेला आदिले विद्यालयलाई बालमैत्री, उत्तरदायी र नवप्रवर्तनशील बनाउनेछ। यसै गरी अभिभावक, शिक्षक र समुदायबीचको साझेदारीलाई बलियो पार्दै शिक्षा प्रणालीलाई उत्तरदायी र परिणाममुखी बनाउने प्रयास गरिनेछ । त्यसैले, शिक्षा क्षेत्रमा सुशासन तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरूले

नतिजामूलक सिकाइ वातावरण निर्माण गर्ने, शैक्षिक नेतृत्वलाई सुदृढ बनाउने र स्थानीय स्तरमा स्रोत परिचालन एवं शिक्षाको उत्तरदायित्व सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## ६.१.२ उद्देश्यहरु

- गाउँपालिकाको शिक्षा शाखा र विद्यालयहरूमा स्वीकृत दरबन्दी अनुसारका योग्य र व्यावसायिक जनशक्ति सुनिश्चित गरी शैक्षिक प्रशासनलाई सुदृढ बनाउनु
- कार्यरत शिक्षक, प्रधानाध्यापक र गाउँपालिकाका कर्मचारीहरूको निरन्तर क्षमता विकास मार्फत उत्तरदायित्व, पारदर्शिता र कार्यसम्पादनमा सुधार ल्याउनु
- गाउँपालिकाको आन्तरिक र बाह्य स्रोतहरूको पहिचान, संकलन र विद्यालयहरूको आवश्यकताका आधारमा न्यायोचित वितरण तथा व्यवस्थापन गर्नु

## ६.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक स्थानीय नीति तथा कानुन तर्जुमा गर्ने
- संस्थागत संरचना अनुसार दरबन्दी मिलान गरी विषयगत शैक्षिक जनशक्तिको व्यवस्था गर्ने
- कार्यरत शिक्षकहरूको क्षमता विकासका लागि आधुनिक शिक्षण विधि र प्रविधि सम्बन्धी तालिम प्रदान गर्ने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई जवाफदेही बनाई विद्यालय सुशासन र संस्थागत क्षमता विकास गर्ने
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक आर्थिक, भौतिक र प्राविधिक स्रोत साधनहरूको कुशल व्यवस्थापन गर्ने

## ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

- स्थानीय तहमा आवश्यक पर्ने विषयगत र प्राविधिक जनशक्तिको व्यवस्थापन भएको हुने
- विद्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि भई आर्थिक उत्तरदायित्व र जिम्मेवारीमा वृद्धि भएको हुने
- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा विद्यालय कार्यसम्पादन भएको हुने

### ख) नतिजा

- माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या वृद्धि हुनेछ
- आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापकको संख्या वृद्धि हुनेछ
- लेखा परीक्षण तथा सामाजिक परीक्षण (Social Audit)- समयमै सम्पन्न गर्ने विद्यालय संख्या वृद्धि हुनेछ
- क्रियाशील विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या वृद्धि हुनेछ
- प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या वृद्धि हुनेछ

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | आवश्यक कानुनी प्रबन्ध, निर्देशिका तथा स्थानीय शैक्षिक मापदण्ड विकास | पटक | | | १ | | | १ | गाउँपालिका |
| २ | संस्थागत संरचना निर्माण, विद्यालय दरबन्दी मिलान तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ३ | विद्यालय प्रतिवेदन, वित्तीय स्रेस्ता तथा तथ्याङ्क प्रणाली -क्ष्भ्ःक्ष्क्) सुदृढीकरण | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ४ | प्रधानाध्यापक तथा शिक्षकहरूसँग कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका र विद्यालय |
| ५ | विद्यालय कार्यसम्पादन एवम् शिक्षक स्वमूल्ियाङ्कन गर्ने, गराउने | निरन्तर | √ | √ | √ | √ | √ | | गाउँपालिका, विद्यालय र प्रधानाध्यापक |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्छन्। कार्यान्वयनको प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ६.२.१ वर्तमान अवस्था

गोलन्जोर गाउँपालिकामा रहेका विभिन्न शाखाहरू मध्ये शिक्षा, युवा तथा खेलकुद शाखा पनि एक हो। जसले गोलन्जोर गाउँपालिकाको शैक्षिक विकास र सुशासनका लागि आधारभूत, नीतिगत तथा प्रशासनिक कार्यहरू गर्दै आइरहेको छ । जनशक्ति व्यवस्थापनको पाटोलाई हेर्दा यहाँको शिक्षा शाखामा हाल १जना छैठौं तहको शिक्षा अधिकृत, १जना पाँचौं तहको प्राविधिक सहायक-काजमा) र १जना कार्यालय सहयोगी कार्यरत रहनुभएको छ भने शिक्षा अधिकृत ७/८ तहको दरबन्दी रिक्त रहेको छ । यस सीमित जनशक्तिले गाउँपालिका भरिका विद्यालयहरूको प्रशासनिक व्यवस्थापन, वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको जिम्मेवारी सम्हालिरहेका छन् । नीतिगत व्यवस्था तर्फ गाउँपालिकाले आफ्नै शिक्षा

ऐन, नियमावली र केही निर्देशिकाहरु निर्माण गरिसकेको छ, जसले स्थानीय तहमा शिक्षालाई व्यवस्थित गर्ने कानुनी मार्ग प्रशस्त गरेको छ। आफ्नै कानुनी दस्तावेजहरु र शिक्षा शाखामा नेतृत्वदायी जनशक्ति हुनु यहाँको सबल पक्ष हो। यद्यपि, निर्मित ऐन, नियम र निर्देशिकाहरूको विद्यालय स्तरसम्म प्रभावकारी प्रवोधिकरण गरी सरकारवाराहरूलाई सचेत गराउनु अझै बाँकी देखिन्छ। शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समिति जस्ता कार्यान्वयन संयन्त्रहरुलाई पूर्णरुपमा सक्रिय र जवाफदेही बनाउनुपर्ने आवश्यकता छ। भौगोलिक विकटता र विद्यालयहरूको सङ्ख्याको तुलनामा हाल उपलब्ध कर्मचारी न्यून भएकाले सबै विद्यालयमा आवश्यक स्रोत साधनको न्यायोचित व्यवस्थापन गर्न र नियमित रुपमा प्रभावकारी अनुगमन र सुपरिवेक्षण तथा प्राविधिक सहयोग पु¥याउन यस गाउँपालिकाको वर्तमान चुनौतीको रुपमा देखा परेको छ ।

## ६.२.२ उद्देश्य

गोलन्जोर गाउँपालिकाको स्थानीय शिक्षा योजनाको प्रभावकारी, पारदर्शी र नतिजामुखी कार्यान्वयनलाई पूर्ण रूपमा सुनिश्चित गर्नु

## ६.२.३ रणनीति

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त ससर्त अनुदान, अन्य अनुदान र गाउँपालिकाको आफ्नै आन्तरिक स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार स्थानीय शिक्षा कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्ड विकास र परिमार्जन गर्ने
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने र देखिएका समस्या समाधानका लागि नीतिगत निर्देशन तथा समन्वय गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गरी समीक्षा गर्ने र प्राप्त तथ्याङ्कलाई थप सुधारमा प्रयोग गर्ने
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक संघ (PTA) गठन तथा पुनर्गठन गर्ने र विद्यालय सुधार योजना -(SIP) विकास एवम् कार्यान्वयनमा सहजीकरण गर्ने
- प्रत्येक विद्यालयलाई व्यावहारिक र आवश्यकतामा आधारित विद्यालय सुधार योजना -(SIP) निर्माण तथा आवधिक रूपमा अद्यावधिक गर्न लगाउने
- विद्यालय व्यवस्थापनलाई सशक्तिकरण र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई स्पष्ट जिम्मेवारी र अधिकार प्रदान गर्दै उत्तरदायी बनाउने
- वित्तीय व्यवस्थापन र खरिद प्रक्रियालाई पारदर्शी बनाउने, शिक्षकहरूले कक्षाकोठामा पर्याप्त समय (Time on Task) - दिने कार्यको सुनिश्चितताका लागि आवश्यक मापदण्ड तयार गरी लागू गर्ने
- अभिभावक तथा सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया गर्ने, शिक्षक, अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने

- सामुदायिक सिकाइ केन्द्र -ऋीऋ) मार्फत सबै उमेर समूहका सिकारुका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सीप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेटेर कार्य गर्ने

## ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

गोलन्जोर गाउँपालिकाको स्थानीय शिक्षा योजनाको प्रभावकारी र समयबद्ध कार्यान्वयन सुनिश्चित भएको हुने

### ख) नतिजा

गाउँपालिकाका सबै निकाय तथा विद्यालयमा शैक्षिक सुशासन प्रवद्र्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी शैक्षिक प्रणालीको विकास भएको हुनेछ।

## ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | वार्षिक कार्यक्रम तथा बजेट अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| २ | विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ३ | योजना तथा वार्षिक कार्यक्रमहरूको अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | तोकिएको सूचकाङ्कका नतिजाको आधारमा प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, प्रदेश र गाउँपालिका |

# परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाएको परिप्रेक्ष्यमा विद्यालय शिक्षामा लगानीको मुख्य दायित्व सरकारकै रहेको देखिन्छ। सङ्घीय संरचना अनुसार विद्यालय तहको शिक्षाको अधिकार स्थानीय तहमा भए तापनि यस क्षेत्रको वित्तीय स्रोत व्यवस्थापनमा तीनै तहका सरकारहरूको साझेदारी रहँदै आएको छ। सङ्घीय सरकारले शिक्षक तथा कर्मचारीको तलबभत्ता, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, विद्यालय व्यवस्थापन अनुदान, नमूना विद्यालय विकास र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम जस्ता शीर्षकमा विद्यालयसम्म सशर्त वित्तीय हस्तान्तरण गर्दै आएको छ। त्यसैगरी, प्रदेश सरकारले मुख्यतः विद्यालयको भौतिक पूर्वाधार विकास, विशेष छात्रवृत्ति र गुणस्तर सुधारका प्रादेशिक कार्यक्रमहरूमा लगानी केन्द्रित गरेको पाइन्छ। सबैका लागि शिक्षा विद्यालय क्षेत्र विकास योजना -(SSDP)" जस्ता बृहत राष्ट्रिय कार्यक्रमहरूको कार्यान्वयनमा पनि तीनै तहका सरकारहरूबीच समन्वयात्मक भूमिका रहँदै आएको छ। हालैका वर्षहरूमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरूले पेस गरेको प्रस्ताव र गाउँपालिकाको प्राथमिकताका आधारमा पुस्तकालय, विज्ञान प्रयोगशाला, र सूचना तथा सञ्चार प्रविधि (ICT) प्रयोगशाला स्थापनाका लागि बजेट विनियोजन भई कार्यान्वयन हुँदा सामुदायिक विद्यालयको भौतिक एवं शैक्षिक वातावरणमा सकारात्मक परिवर्तन देखिन थालेको छ।

स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र रही शिक्षा क्षेत्रको बजेट विनियोजन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्यलाई निरन्तरता दिइरहेका छन्। गोलन्जोर गाउँपालिकाको सन्दर्भमा, दरबन्दी अभाव भएका विद्यालयहरूमा आन्तरिक स्रोतबाट गाउँपालिका अनुदान शिक्षकको व्यवस्थापन गर्ने, शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने, अतिरिक्त क्रियाकलाप बढाउने र पिछडिएका तथा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस सरकारी प्रयासका अतिरिक्त शिक्षा क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू, विकास साझेदार निकायहरू, दातृ निकाय, अभिभावक, समुदाय र सामाजिक अगुवाहरूको समेत सक्रिय आर्थिक एवं भौतिक लगानी रहँदै आएको छ। यी बहुपक्षीय प्रयासहरूले विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार गर्ने साझा उद्देश्यलाई नै आत्मसात गरेका छन्।

वर्तमान अवस्थालाई नियाल्दा नेपालको संविधान बमोजिम माध्यमिक तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहलाई भएपनि लगानी र स्रोत व्यवस्थापनमा विविधीकरणको प्रयास त भएको छ, तर केही गम्भीर चुनौतीहरू अझै कायम छन्। विगतका विभिन्न राष्ट्रिय शिक्षा आयोग र कार्यदलहरूले शिक्षाको गुणस्तरीय विकासका लागि देशको कुल बजेटको कम्तीमा २० प्रतिशत हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गर्न सुझाव दिए तापनि हालसम्म राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा क्रमिक रूपमा घट्दो क्रममा रहनु दुःखद यथार्थ हो। उपलब्ध सीमित बजेटको पनि करिब ८० देखि ८५ प्रतिशतभन्दा बढी हिस्सा शिक्षक तथा कर्मचारीहरूको तलबभत्ता र प्रशासनिक चालु खर्चमा मात्रै केन्द्रित हुने गरेको छ। जसका कारण छात्रवृत्ति, पाठ्यपुस्तक, भौतिक पूर्वाधार, र विद्यालय सञ्चालन व्यवस्थापनका लागि न्यून बजेट मात्र बाँकी रहने अवस्था छ। प्रदेश सरकारको अधिकांश बजेट पनि भौतिक निर्माणमा मात्रै सीमित देखिन्छ। यस्तै राष्ट्रिय परिदृश्यको प्रत्यक्ष प्रभाव गोलन्जोर गाउँपालिकामा पनि परेको छ। गाउँपालिकाको पछिल्लो आर्थिक वर्षको कुल बजेटमध्ये शिक्षा क्षेत्रमा न्यून प्रतिशत मात्र रकम छुट्याइएको छ, जसमा पनि अधिकांश रकम शिक्षकहरूको

तलबभत्तामै खर्च हुने गरेको छ। परिणामस्वरुप, विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अपरिहार्य मानिएका शिक्षकहरूको निरन्तर क्षमता विकास, प्रविधियुक्त सिकाइ वातावरणको निर्माण, सूचना प्रविधिमा विद्यार्थीको सहज पहुँच र आधुनिक शैक्षिक सामग्रीको सुदृढ व्यवस्थापनका लागि गाउँपालिकाले पर्याप्त बजेट विनियोजन गर्न सकेको छैन, जुन वर्तमान समयको मुख्य चुनौती बनेको छ।

यस पृष्ठभूमिमा, गोलन्जोर गाउँपालिकाले तयार पारेको पाँच वर्षे शिक्षा योजनाको सफल कार्यान्वयनका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्वयम् गाउँपालिकाको बजेट नै प्रमुख आर्थिक स्रोतका रूपमा रहने छन्। यो योजना अवधिको पहिलो वर्ष -आ.व. २०८२/८३) का लागि आवश्यक पर्ने कुल अनुमानित लगानीमा सङ्घीय सरकारबाट सशर्त अनुदान, प्रदेश सरकारबाट समपूरक तथा विशेष अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत एवं राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको समूचित परिचालन गरिनेछ। शिक्षाको गुणात्मक सुधार र विद्यालयहरूको रूपान्तरणका लागि आगामी दिनमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा लागत बाँडफाँट - Cost–sharing)) गर्ने नीति अवलम्बन गरिनेछ। साथै, स्थानीय स्तरमा स्रोतको दीगो व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक संघ, समुदाय र अभिभावकहरूको सक्रिय सहभागिता र अपनत्वलाई बढाइनेछ। योजना कार्यान्वयनको आर्थिक पक्षलाई बलियो बनाउन सम्भाव्य स्रोतहरूको पहिचान गर्ने, आवश्यकता र प्राथमिकताका आधारमा मात्रै बजेट विनियोजन गर्ने, र लगानी गरिएका हरेक स्रोतहरूको अधिकतम सदुपयोग एवम् पारदर्शी व्यवस्थापन गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ। यसरी शिक्षाको समग्र गुणस्तर सुधार गरी गाउँपालिकाका बालबालिकाहरूलाई युगानुकूल शिक्षा प्रदान गर्ने कार्यमा गोलन्जोर गाउँपालिकाले मुख्य नेतृत्वदायी र अभिभावकीय भूमिका निर्वाह गर्नेछ।

## ७.२ उद्देश्यहरु

- शिक्षा क्षेत्रको चौतर्फी विकासका लागि आवश्यक पर्ने कुल वित्तीय तथा भौतिक स्रोतको वैज्ञानिक प्रक्षेपण गर्नु
- रणनीतिक योजनामा प्रस्तावित विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गर्नका लागि सम्भावित आन्तरिक तथा बाह्य वित्तीय स्रोतहरूको पहिचान गर्नु
- प्राप्त र उपलब्ध वित्तीय स्रोतका आधारमा शैक्षिक कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी योजनाबद्ध ढङ्गले कार्यान्वयनमा लैजानु

## ७.३ रणनीतिहरु

- सङ्घीय र प्रादेशिक सरकारबाट हुने वित्तीय लगानीको अनुपातलाई मध्यनजर गर्दै स्थानीय सरकारले आफ्नो आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रको लगानीमा निरन्तर वृद्धि गर्ने
- विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, सक्रिय सहभागिता र सिकाइको गुणस्तर सुनिश्चित गर्नका लागि लगानीको उपयोगिता र प्रभावकारिता बढाउने
- गाउँपालिकाको वार्षिक कुल बजेटको न्यूनतम ३० प्रतिशत हिस्सा शिक्षा क्षेत्रका विभिन्न रूपान्तरणकारी कार्यक्रमहरूका लागि सुरक्षित र व्यवस्थापन गर्ने
- शैक्षिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी र साझेदारीलाई नीतिगत रूपमा प्रोत्साहन एवम् प्रवर्धन गर्ने
- तोकिएको वस्तुनिष्ठ मापदण्डका आधारमा मात्र खर्च गर्ने र वित्तीय प्रतिवेदन प्रणालीलाई पारदर्शी बनाउने पद्धति अवलम्बन गर्ने

- स्थानीय शिक्षा प्रशासनको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको भावनालाई सुदृढ बनाउने
- समुदाय र अन्य सरोकारवालाहरूको लागत साझेदारीमा आधारित शैक्षिक कार्यक्रमहरूलाई प्रोत्साहन र सञ्चालन गर्ने

### ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धिः**

- शैक्षिक पहुँचमा विस्तार, समतामूलक अवसर, गुणस्तर सुधार र संस्थागत क्षमता विकासका लागि आवश्यक पर्ने पर्याप्त वित्तीय स्रोतको दिगो व्यवस्थापन भएको हुनेछ।
- शिक्षा क्षेत्रको आर्थिक सञ्चालनमा वित्तीय कार्यकुशलता, आर्थिक अनुशासन, पारदर्शिता र उत्तरदायित्व प्रणाली पूर्ण रूपमा सुदृढ भएको हुनेछ।

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

**रु. लाखमा**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्षको अनुमानित बजेट | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १८५.९२ | १८५.९२ | १८५.९२ | १८५.९२ | १८५.९२ | |
| २ | आधारभूत शिक्षा | १०४६ | १०४६ | १०४६ | १०४६ | १०४६ | |
| ३ | माध्यमिक शिक्षा | २७५ | २७५ | २७५ | २७५ | २७५ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | १६.५ | १६.५ | १६.५ | १६.५ | १६.५ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री र मूल्याङ्कन | ३१.५५ | ३१.५५ | ३१.५५ | ३१.५५ | ३१.५५ | |
| ७ | शिक्षक तथा | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कर्मचारी व्यवस्थापन | | | | | | |
| ८ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ८४.२ | ८४.२ | ८४.२ | ८४.२ | ८४.२ | |
| ९ | कक्षाँ १ ५ को छात्र छात्रवृति कार्यक्रम | ७.३९ | ७.३९ | ७.३९ | ७.३९ | ७.३९ | |
| १० | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा कार्यसम्पादनको आधारमा प्रोत्साहन कार्यक्रम | १५ | १५ | १५ | १५ | १५ | |
| ११ | शिक्षकको क्षमता अभिवृद्धि तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन | 0 | 0 | 0 | 0 | 0 | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | | १५ | १५ | १५ | १५ | |
| १३ | शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास | १३.४८ | १३.४८ | १३.४८ | १३.४८ | १३.४८ | |
| १४ | कक्षा ५ र ८ मा विपन्न लक्षित छात्रवृति वितरण | १६.६ | १६.६ | १६.६ | १६.६ | १६.६ | |

**ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्षको अनुमानित बजेट-**रु. लाख)** | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | १४ | १६ | १८ | २० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत शिक्षा | ० | १४ | १७ | १८ | २० | |
| ३ | माध्यमिक शिक्षा | ६ | ७ | ८ | ८ | ९ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ५ | ७ | ८ | ९ | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | ० | २ | ३ | ४ | ९ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री र मूल्याङ्कन | ० | ६ | ८ | ९ | १० | |
| ७ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | ० | १ | २ | ८ | ९ | |
| ८ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | १० | ६ | ९ | १० | |
| ९ | विद्यालय सुरक्षा र विपत् न्युनिकरण | ० | १० | १२ | ९ | ११ | |
| १० | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा कार्यसम्पादनको आधारमा प्रोत्साहन कार्यक्रम | ० | १० | १२ | ९ | १० | |
| ११ | शिक्षकको क्षमता अभिवृद्धि तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन | ० | २ | ५ | ६ | ८ | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार | ० | २ | ४ | ७ | ९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | |
| १३ | शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास | ० | १ | ४ | ६ | ९ | |
| १४ | विद्यालय संचालन व्यवस्थापन अनुसार ईन्टरनेट संचालन | ४४ | ३५ | ३२ | ३० | ३१ | |

## ग) स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्षको अनुमानित बजेट-**रु. लाखमा)** | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ११३ | ११३ | ११३ | ११३ | ११३ | |
| २ | आधारभूत शिक्षा | ० | ८ | ९ | १० | ११ | |
| ३ | माध्यमिक शिक्षा | ० | ३ | ८ | ६ | ४ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ३ | ६ | ८ | ९ | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | ० | २ | ५ | ५ | ७ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री र मूल्याङ्कन | २ | २ | ३ | ४ | ३ | |
| ७ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | १७४ | १८० | १६० | १४० | १०० | |
| ८ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | २ | ३ | ७ | ९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालय सुरक्षा र विपत् न्युनिकरण | ० | ३ | ७ | ९ | १० | |
| १० | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा कार्यसम्पादनको आधारमा प्रोत्साहन कार्यक्रम | २ | ३ | ८ | ५ | ८ | |
| ११ | शिक्षकको क्षमता अभिवृद्धि तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन | २ | ३ | ७ | ८ | ९ | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | ० | १७ | २८ | ३० | ४० | |
| १३ | शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास | ० | २ | ४ | ६ | ८ | |

### घ) अन्य सङ्घसंस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्षको अनुमानित बजेट-**रु. लाखमा)** | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३ | ५ | ७ | ९ | १० | |
| २ | आधारभूत शिक्षा | ४ | ५ | ८ | ९ | १० | |
| ३ | माध्यमिक शिक्षा | २ | ५ | ५ | ८ | ८ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक | ० | ७ | ९ | ९ | १० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम | | | | | | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | ० | २ | ४ | ५ | ६ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री र मूल्याङ्कन | ० | ४ | ४ | ५ | ५ | |
| ७ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | | ४ | ४ | ५ | ५ | |
| ८ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | | ४ | ४ | ५ | ५ | |
| ९ | विद्यालय सुरक्षा र विपत् न्युनिकरण | | ४ | ४ | ५ | ५ | |
| १० | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा कार्यसम्पादनको आधारमा प्रोत्साहन कार्यक्रम | | ४ | ४ | ५ | ५ | |
| ११ | शिक्षकको क्षमता अभिवृद्धि तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन | | ४ | ४ | ५ | ५ | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | | ४ | ४ | ५ | ५ | |
| १३ | शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास | ० | ४ | ४ | ५ | ५ | |

## ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

| उपक्षेत्र/विषय | आर्थिक वर्षगत रुपमा बजेट अनुमान-**रु. लाखमा )** | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| प्रारम्भिक बालविकास र शिक्षा | ३०१.९२ | ३१७.९२ | ३२१.९२ | ३२५.९२ | ३२८.९२ | |
| आधारभूत शिक्षा | १०५० | १०७३ | १०८० | १०८३ | १०८७ | |
| माध्यमिक शिक्षा | २८३ | २९० | २९९ | २९७ | २९६ | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | १५ | २२ | २५ | १९ | |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | १६.५ | २२.५ | २८.५ | ३०.८ | ३८.५ | |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री र मूल्याङ्कन | ३३.५५ | ४३.५५ | ४६.५५ | ४९.५५ | ४९.५५ | |
| शिक्षक तथा कर्मचारी व्यवस्थापन | १७५ | १८६ | १६६ | १५३ | १२३ | |
| विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ८४.२ | १००.२ | ९७.२ | १०५.२ | १०८.२ | |
| विद्यालय सुरक्षा र विपत् न्युनिकरण | ० | १७ | २३ | १४ | २६ | |
| विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | १७ | ३२ | ३९ | ३३ | ३८ | |
| शिक्षकको क्षमता अभिवृद्धि तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन | २ | ८ | ८ | ९ | १० | |
| विद्यालयको भौतिक पूर्वाधार विकास | 0 | ३८ | ५१ | ५६ | ६८ | |
| शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास | १३.४८ | २०.४८ | २५.४८ | ३०.४८ | ३७.४८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा ५ र ८ को विद्यार्थीहरुको लागी विपन्न लक्षित छात्रवृति वितरण कार्यक्रम | १६. ६ | २२ | २३ | २४ | २५ | |

# परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन प्रणाली

शैक्षिक रूपान्तरणका लागि तय गरिएका कार्यक्रमहरूमा बजेट तथा स्रोत–साधनको विनियोजन र वितरणको अवस्था कस्तो छ ? परिचालन गरिएको लगानीले सही दिशा लिएको छ कि छैन ? र कार्यान्वयनका क्रममा के–कस्ता समस्या वा त्रुटिहरू देखा परेका छन् ? भनी निरन्तर लेखाजोखा गर्ने प्रशासनिक संयन्त्र नै अनुगमन हो । यसले कार्यक्रमको तात्कालिक प्रगति र वर्तमान वस्तुस्थितिको यथार्थ तस्बिर प्रस्तुत गर्दछ । त्यसै गरी सञ्चालित शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपादेयता, कार्यदक्षता र दीर्घकालीन प्रभावको व्यवस्थित एवम् उद्देश्यमूलक ढङ्गले गरिने वस्तुनिष्ठ समीक्षा नै मूल्याङ्कन हो।

मूल्याङ्कनले सामान्यतःकार्यक्रमबाट प्राप्त प्रतिफल र समाजमा परेको सकारात्मक प्रभावलाई बढी केन्द्रित गर्दछ। अनुगमन प्रक्रिया कार्यक्रम कार्यान्वयनको अवधिभर निरन्तर रूपमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका समयमा र कार्यक्रम पूर्ण रूपमा सम्पन्न भइसकेपछि पनि गर्ने गरिन्छ। यी दुवै प्रक्रियाले शैक्षिक क्षेत्रमा लगानी गरिएको स्रोतलाई उद्देश्यमूलक, पारदर्शी, नतिजा–केन्द्रित र सरोकारवालाप्रति उत्तरदायी बनाउन जगको काम गर्छन्। कुनै पनि शैक्षिक रणनीति कति सफल भयो भन्ने कुरा त्यसको निरन्तर निरीक्षण, सुदृढ अनुगमन र समयमै प्राप्त हुने रचनात्मक पृष्ठपोषणमा निर्भर रहन्छ। त्यसैले कार्यक्रमका कमजोरीहरू समयमै पहिल्याएर सुधारको मार्ग प्रशस्त गर्न अनुगमन अपरिहार्य माध्यम हो।

### ८.१ वर्तमान अवस्था

नेपालको योजनाबद्ध विकासको इतिहासमा आठौं योजनादेखि अनुगमन तथा मूल्याङ्कन कार्यलाई योजना तर्जुमाको एउटा अभिन्न अङ्गका रूपमा अगाडि बढाएको देखिन्छ। राष्ट्रिय तहमा विकास आयोजनाका अवरोधहरू फुकाउन सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरमा सम्बन्धित मन्त्रीको नेतृत्वमा मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति क्रियाशील छन्। यी समितिहरूले चौमासिक रूपमा प्रगति समीक्षा गर्दै आएका छन्। देश सङ्घीय संरचनामा प्रवेश गरेसँगै शिक्षा मन्त्रालयको सांगठनिक स्वरूपमा परिमार्जन भई योजना तथा अनुगमन महाशाखा अन्तर्गत छुट्टै अनुगमन तथा मूल्याङ्कन शाखा को प्रबन्ध गरिएको छ।

वर्तमान अवस्थामा शैक्षिक अनुगमन र मूल्याङ्कनको कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रादेशिक स्तरमा सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालय जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहमा शिक्षा शाखा मार्फत सम्पादन भइरहेको छ। यसै गरी शैक्षिक संस्थाहरूको समग्र कार्यसम्पादन र विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय स्तरमा परीक्षण गर्ने जिम्मेवारी शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO)ले निर्वाह गर्दै आएको छ।

विगतमा विद्यालय निरीक्षक र स्रोत केन्द्रहरू मार्फत शिक्षकहरूलाई कक्षाकोठामै पुगेर प्राविधिक सहयोग उपलब्ध गराइने र शिक्षण–सिकाइको सुपरीवेक्षण गरिने अभ्यास थियो। तर, स्रोत केन्द्रको खारेजीसँगै विद्यालय सुपरीवेक्षणका लागि सङ्घीय इकाईको रुपमा जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाई रहेपनि मख्य जिम्मेवारी भने स्थानीय तहकै रहेको छ । कतिपय स्थानीय तहहरूले भने आफ्नै पहलमा विषयगत विज्ञ समूह गठन गरी विद्यालय अनुगमन निरीक्षणका साथै शिक्षकहरूलाई पेसागत तथा प्राविधिक सहयोग पुयाउन थालेका छन्।

विद्यालय, विद्यार्थी, शिक्षक र भौतिक पूर्वाधार सम्बन्धी एकीकृत तथ्याङ्क प्राप्तिका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणाली) (IEMIS) लाई मुख्य आधार मानिएको छ। यस प्रणाली मार्फत विद्यार्थीहरूको शैक्षिक स्तर, शिक्षक एवम् बालबालिकाको सामाजिक तथा भाषिक पृष्ठभूमि जस्ता पक्षहरूको पनि तथ्याङ्क सङ्कलन सुरु गरिएको छ। यो सूचना प्रणाली विद्यालयदेखि स्थानीय, प्रादेशिक र सङ्घीय तहसम्म शैक्षिक योजना तर्जुमा एवं समीक्षाका लागि उपयोग भइरहेको छ।

स्थानीय तहमा यस्ता प्रबन्धहरू भएता पनि सङ्घीयताको भावना अनुकूल अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अझ वैज्ञानिक र प्रविधि मैत्री बनाएर स्वचालित बनाउनु आवश्यक छ, ताकि तीनै तहका सरकारले चाहेको बेला वास्तविक नतिजा प्राप्त गर्न सकून्। यसका लागि वर्तमान सूचना प्रणालीलाई परिमार्जन गरी एकीकृत स्वरूप दिनु आवश्यक छ। अनुगमन र मूल्याङ्कनलाई केवल प्रशासनिक औपचारिकता पूरा गर्ने माध्यम मात्र नबनाई विद्यालयको कार्यसम्पादन सुधार गर्ने र राम्रो गर्नेलाई प्रोत्साहित गर्ने साधनका रूपमा विकास गरिनुपर्दछ। साथै, अनुगमनबाट प्राप्त निष्कर्षका आधारमा चालु कार्यक्रमहरू परिमार्जन गर्ने परिपाटीलाई संस्थागत गर्नु उत्तिकै जरुरी छ।

## ८.२ उद्देश्यहरु

- आधुनिक सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी सुदृढ एवं विश्वसनीय अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु
- परम्परागत प्रक्रियामुखी पद्धतिलाई विस्थापित गर्दै नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याउनु
- शैक्षिक योजना र कार्यक्रम कार्यान्वयनका क्रममा देखा पर्ने व्यावहारिक चुनौती र समस्याहरूलाई समयमै सम्बोधन गरी अपेक्षित लक्ष्य हासिल गर्नु
- सरोकारवालाहरूको सक्रिय सहभागितामा आधारित -सहभागितामूलक) अनुगमन, निरीक्षण एवं सुपरीवेक्षण पद्धतिको विकास गर्नु
- समग्र अनुगमन प्रणालीलाई विद्यालयको लगानी कार्य प्रक्रिया (Process)- र प्राप्त प्रतिफल सँग अन्तर सम्बन्धित गर्नु

## ८.३ रणनीतिहरु

- सुदृढ र प्रभावकारी अनुगमन संयन्त्रका माध्यमबाट विद्यालयको सेवा प्रवाहलाई सेवाग्राही मैत्री एवं पारदर्शी बनाउने
- अनुगमन तथा मूल्याङ्कन कार्यलाई गुणात्मक बनाउन आवश्यक संस्थागत ढाँचा निर्माण गर्ने र कार्यरत जनशक्तिको सीप विकास गर्ने
- अनुगमन कार्यलाई छिटो र छरितो बनाउन डिजिटल प्रविधि र सूचना प्रणालीको प्रयोग बढाउने

- कार्यसम्पादन मापनका लागि वस्तुनिष्ठ र स्पष्ट अनुगमन सूचकहरूको निर्माण गर्ने
- वार्षिक रूपमा व्यवस्थित अनुगमन योजना तयार गरी सोही अनुरूप कार्य तालिका लागू गर्ने
- निर्णय प्रक्रिया र प्रगति समीक्षामा सहभागितामूलक एवं नतिजामुखी पद्धति अवलम्बन गर्ने
- शैक्षिक सुधारका लागि विभिन्न क्षेत्रका स्रोत विज्ञहरूको पहिचान, नियुक्ति र परिचालन गर्ने

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

- स्थानीय र विद्यालय स्तरमा अनुगमन तथा सुपरीवेक्षण प्रणालीको संस्थागत सुदृढीकरण भई शैक्षिक प्रशासन सबल बन्नेछ।
- नतिजामा आधारित र सरोकारवालाहरूको सहभागिता सुनिश्चित भएको आधुनिक अनुगमन प्रणाली स्थापित हुनेछ।
- विद्यालय शिक्षासँग जोडिएका प्रत्येक निकाय र पदाधिकारीहरूमा कार्यकुशलता, पारदर्शिता र उत्तरदायित्वको भावना अभिवृद्धि हुनेछ।

### ख) नतिजा

- कार्यसम्पादनका आधारमा उचित प्रोत्साहन र पुरस्कारको व्यवस्था हुनाले शिक्षक एवम् विद्यालय कर्मचारीहरूको कार्य उत्प्रेरणामा गुणात्मक सुधार आउनेछ।
- विज्ञ समूहद्वारा गरिने नियमित एवम् सामूहिक अनुगमनका माध्यमबाट विद्यालयहरूमा एक दिगो Úशिक्षक सहायता प्रणाली को विकास हुनेछ।
- विद्यालयहरूको वित्तीय एवम् आर्थिक क्रियाकलापमा पारदर्शितालाई आर्थिक अनुशासन र सामाजिक जवाफदेहिता सुदृढ हुनेछ।
- कार्य प्रगतिको आवधिक प्रतिवेदन नियमित रूपमा प्राप्त हुने परिपाटी बस्नेछ।
- अनुगमन प्रक्रियामा प्रविधिको प्रयोग बढेसँगै समग्र निरीक्षण कार्य थप प्रभावकारी, वास्तविक र भरपर्दो बन्नेछ।

## ८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य -५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | अनुगमन संयन्त्र विकास र अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ३ | वार्षिक तथा चौमासिकगतमा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | नतिजाको आधारमा | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रोत्साहन अनुदान | | | | | | | | |
| ५ | विद्यालय स्वमूल्याङ्कन र वर्गीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ६ | स्रोत विज्ञहरूको परिचालन | पटक | | १ | | १ | | २ | गाउँपालिका |
| ७ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | | | | १ | | १ | गाउँपालिका |